# दिवास्वप्न




गिजुभाई

# दिवास्वप्न

## गिजुभाई

अनुवाद
**शरच्चन्द्र वस्ती**

**प्रकाशक**

**शिक्षक** **मासिक**

ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, ललितपुर

दिवास्वप्न

*Divaswapna*

- by Gijubhai

संयोजन/सम्पादन: राजेन्द्र दाहाल

प्रथम संस्करण: ७००० प्रति, मङ्सिर २०६८

मूल्य: रु.१५०/- (पातलो गाता), रु.३००/- (मोटो गाता)

© प्रकाशकमा (नेपाली संस्करण)

ISBN: 978-9937-2-4182-3

प्रकाशक

*शिक्षक* मासिक

ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लि.

जावलाखेल, ललितपुर, फोन: ५५४३२५२, ५५४८१४२

इमेल: mail@teacher.org.np

वेबसाइट: www.teacher.org.np

मुद्रण: सिटी प्रेस, कुपण्डोल, ललितपुर, फोन: ५५४०५३२

*यो पुस्तक प्रकाशनका निम्ति बी.पी. कोइराला भारत-नेपाल फाउण्डेसन, भारतीय दूतावासबाट आर्थिक सहयोग प्राप्त भएको छ। पुस्तक बिक्रीबाट प्राप्त हुने रकम यही पुस्तकको पुनर्मुद्रण र वितरणमा खर्च गरिनेछ।*

# दुई शब्द

कसैले मलाई भन्यो– भारीभरकम तात्त्विक लेखहरूको सट्टा यदि तपाईंले आफ्ना शैक्षिक विचारहरूलाई कथा-शैलीमा प्रस्तुत गरिदिए कसो होला ? मलाई प्रयत्न गर्न प्रेरणा मिल्यो, जसको फलस्वरूप यो 'दिवास्वप्न'को रचना भयो ।

दिवास्वप्नहरू वास्तविक अनुभवमा आधारित छन् भने, ती मिथ्या हुँदैनन् । यो दिवास्वप्न मेरा जीवन्त अनुभवहरूबाट सृजना भएको हो । मलाई विश्वास छ; प्राणवान, क्रियावान, निष्ठावान शिक्षकहरूले आफ्ना निम्ति पनि यसलाई वास्तविक स्वरूप प्रदान गर्न सक्नेछन् ।

– **गिजुभाई**

भूमिका

# यो पुस्तक र यसका लेखक

**– राजेन्द्र दाहाल**

■ सन् १८८५ मा जन्मिएका गिरिजाशङ्कर भगवानजी बधेका अर्थात् गिजुभाई र उनका समकालीन महात्मा गान्धीको जन्म र कर्मभूमि भारतको गुजरात प्रान्त रह्यो। भारतीय समाजमा उनीहरूले आ-आफ्नो क्षेत्रमा अद्वितीय योगदान गरे । युवा गान्धी पोरवन्दरबाट लण्डनहुँदै वकालत गर्न दक्षिण अफ्रिका पुगेका थिए भने तन्नेरी गिजुभाई वकालतको अनुभव हासिल गर्न पूर्वी अफ्रिका। गान्धीले स्वदेश फर्किएर अङ्ग्रेज शासनविरुद्ध अभियान शुरु गरे, त्यसनिम्ति अहिंसा र सत्याग्रहलाई रणनीतिका रूपमा अङ्गीकार गरे । उनी सफल भए, युगपुरुष बने । तीन वर्षको अफ्रिका प्रवासबाट फर्किएपछि गिजुभाईले करिब पाँच वर्ष कानुनको अध्ययन र अभ्यासमा मुम्बई नगरीमा बिताए । उनीभित्र सुषुप्त रहेको बालबालिकाप्रतिको मोहले उनलाई बालशिक्षाको क्षेत्रमा पुऱ्यायो । गुजरात, भावनगरको नवस्थापित विनय मन्दिर (हाईस्कूल)को प्रधानाचार्य बनेपछि शिक्षा-दर्शनको विशद अध्ययन गरे। स्वाध्ययनबाटै बालशिक्षाशास्त्री बने ।

प्रारम्भिक कक्षामा राम्रो शिक्षा र वातावरण नपाएका बालबालिकालाई

माथिल्लो कक्षामा जति प्रयास गरे पनि 'राम्रो' बनाउन नसकिने तथ्यबोध भएपछि हाईस्कूलको जिम्मेवारी छोडेर गिजुभाईले आफूलाई बालमन्दिर खोल्ने, बाल-शिक्षण विधिका किताब लेख्ने, प्रवचन दिने र शिक्षक तालिम सञ्चालन गर्ने अभियानमा होमे । उनको शिक्षण विधि मूलतः मारिया मन्टेसरीको शोध र अवधारणामा आधारित थियो, तर त्यसलाई उनले स्थानीय परिवेश अनुरुप ढालेका थिए । गिजुभाईको सबैभन्दा मुख्य विशेषता नै आफ्नो चिन्तनलाई व्यवहारमा उतार्न आफैं अग्रसर हुनु, आफैं उदाहरण बन्नु, आफैं खट्नु थियो । आफूले खोलेको बाल मन्दिरको पहिलो शिक्षक उनी आफैं थिए । बालबालिकालाई कसरी पढाउनुपर्छ भन्ने कुरा उनले प्रवचन दिएर हैन, आफैंले पढाएको देखाएर अरू शिक्षकलाई सिकाए ।

"जीवनलाई मत्थर गतिमा राखेर काम गर्ने मानिस देख्दा मलाई दिक्क लाग्छ" भन्ने गिजुभाई आफ्नो शैक्षिक जीवन साँच्चै हतारमा बाँचेका थिए । बाल मन्दिर (आजको भाषामा मन्टेसरी स्कूल) खोलेर आफूलाई बाल-शिक्षणमा समर्पित गरेपछिका जम्मा १९ वर्ष (सन् १९२०-३९) मा उनले बालसाहित्य, बाल-शिक्षण, बाल-मनोविज्ञान आदि विधामा १५० भन्दा बढी पुस्तक लेखेर प्रकाशित गराइसकेका थिए । कथा, कविता र चिन्तन विधालाई जोड्दा उनका कृतिको सङ्ख्या २२५ पुग्छ । तत्कालीन भारतमा प्रचलित शिक्षण (घोक्ने-घोकाउने) विधिलाई विस्थापित गर्न नयाँ शिक्षण विधिको प्रचारसँगै शिक्षक, अभिभावक र शिक्षा-प्रशासकहरूलाई प्रशिक्षित गर्नु जरुरी थियो । त्यसनिम्ति अध्यापन मन्दिर (शिक्षक प्रशिक्षणशाला) स्थापना गरेर आफैं मुख्य प्रशिक्षक बने । तर सानो शहरमा बसेर एक-दुई व्यक्तिले गर्ने त्यस्ता प्रयास विशाल भारत त के गुजरातकै निम्ति पनि पर्याप्त थिएनन् । त्यसैले उनले नयाँ शिक्षण विधिमै केन्द्रित मासिक *शिक्षण पत्रिका* (सन् १९२१) को प्रकाशन शुरु गरे । गुजराती र मराठी हुँदै यो पत्रिकाको हिन्दी संस्करण

पनि निस्कन थाल्यो । पत्रिकाका अधिकांश पाना गिजुभाई एक्लैले भर्थे । शिक्षण कलामा केन्द्रित त्यो स्तरको पत्रिका आजको भारतमा पनि शायदै भेटिन्छ ।

बालबालिकाको सम्मान, स्वतन्त्रता र अधिकारका पक्षमा जीवन आहुति गरेका गिजुभाईलाई कतिपयले 'बालकका गान्धी' समेत भन्ने गरेको पाइन्छ। हुन पनि, आधुनिक शिक्षाको दक्षिण एसियाली इतिहासमा बालबालिकालाई ठूलालाई जस्तै सम्मान गरिनुपर्छ र उनीहरूलाई पनि स्वतन्त्रता उत्तिकै प्यारो हुन्छ भनी वकालत गर्ने पहिलो व्यक्ति सम्भवतः गिजुभाई नै थिए ।

यी बालसेवीको मृत्यु सन् १९३९ जून २३ मा पक्षाघातबाट मुम्बईमा भयो । महात्मा गान्धीले श्रद्धाञ्जलि दिँदै लेखे, "गिजुभाईको उत्साह, विश्वास र कर्मले मलाई सधैं मुग्ध पार्दै आएको छ । उनको काम भविष्यमा अरू फल्ने र फैलिनेछ।" त्यस्तै मारिया मन्टेसरीले गिजुभाईसँग परिचय हुन नपाएकोमा अपशोच व्यक्त गर्दै शोक सन्देश पठाइन्, "बालकको स्वतन्त्रता र सुखको निम्ति उनले जसरी आफ्नो निजी स्वार्थ त्याग गरेर जीवन नै समर्पण गरे, त्यो चिरस्मरणीय रहनेछ।"

■ *'दिवास्वप्न'* लाई गिजुभाईको बाल-शिक्षणसम्बन्धी चिन्तन र अनुभवको सारसङ्क्षेपका रूपमा बुझ्न सकिन्छ । यसमा एकातिर तत्काल प्रचलित शिक्षण विधि, बालबालिकाप्रति अभिभावक, शिक्षक र स्कूलबाट हुने (दुर्) व्यवहार, परीक्षा पद्धति, पढाइको परिभाषा र उद्देश्यप्रति तीव्र विद्रोह प्रकट भएको छ भने अर्कातिर नयाँ शैक्षिक चिन्तन र शिक्षण एवं परीक्षा पद्धतिको व्यावहारिक व्याख्या र प्रयोग एकैसाथ पस्किइएको पाइन्छ । संस्कृत र अङ्ग्रेजी भाषामा पहिल्यै पारङ्गत रहेका गिजुभाईले बाल-शिक्षणको जिम्मेवारी ग्रहण गरेपछि शिक्षा र शिक्षणसम्बन्धी पूर्वीय एवं पाश्चात्य दर्शनको प्रचुर अध्ययन गरे । त्यसैले यो पुस्तकमा उनले

देखेको वा देखाएको सपना मनोगत नभई अध्ययन, चिन्तन र जीवन्त अनुभवमा आधारित रहेको बुझ्न कठिन पर्दैन। गिजुभाईले बाल मन्दिरमा गरेका अधिकांश क्रियाकलाप थाहा पाउनेका निम्ति *'दिवास्वप्न'* का 'शङ्कर सर' स्वयं गिरिजाशङ्कर बधेका हुन् भन्ने सहजै अन्दाज हुन्छ। यो कुरालाई उनले त्यतिबेलै लेखेको यसै पुस्तकको भूमिका (दुई शब्द) को यो वाक्यले पनि पुष्टि गर्छ: "यो *दिवास्वप्न* मेरा जीवन्त अनुभवहरूबाट सिर्जना भएको हो।"

उनले आफूले गरेको यथार्थ प्रयत्न र अनुभवलाई संस्मरण वा अन्य शैलीमा नलेखी सपनाका रूपमा प्रस्तुत गरिदिएकोले पुस्तक सीमित परिवेश र प्रयत्नको वैयक्तिक अभिलेख जस्तो हुनबाट जोगिएको छ। परिणामत: यसको सान्दर्भिकता चिरञ्जीवी हुन पुगेको छ। यस्तै सपना देख्न र त्यसलाई साकार पार्न चाहनेहरूका निम्ति *'दिवास्वप्न'* सधैं पथप्रदर्शक भइरहनेछ।

सन् १९३० तिर गुजराती भाषामा प्रकाशित *दिवास्वप्न* को पहिलो हिन्दी संस्करण १९३२ मै निस्किएको थियो। त्यतिबेला गुजरातीबाट हिन्दीमा अनुवाद गर्ने काम काशीनाथ त्रिवेदीले गरेका थिए। यो पुस्तक, उत्तरप्रदेश बालकल्याण समिति, लखनऊबाट सन् १९८८ मा पुनर्मुद्रित त्रिवेदीकै हिन्दी अनुवादको नेपाली रुप हो।

■ *'दिवास्वप्न'* को विषयवस्तु आठ दशकअघिको गुजरातको एउटा सानो नगरबस्तीको शैक्षिक परिवेशमा आधारित छ। यो लामो कालखण्डमा शिक्षणसम्बन्धी सिद्धान्त, दर्शन र सीपमा व्यापक विकास र परिवर्तन भइसकेको छ। आज बालबालिकाको सिकाइ र समग्र बौद्धिक विकासका निम्ति शिक्षक, पाठ्यक्रममा आधारित पाठ्यपुस्तक र कक्षाकोठा मात्र आधारभूत स्रोतका रूपमा रहेका छैनन्। सूचनाप्रविधिको विकास र विस्तारले तिनका पर्याप्त विकल्प सम्भव तुल्याइदिएको छ। पढ्ने र

पढाउने परम्परागत शैली र मान्यता तोडिने क्रममा छन् । सिक्ने र सिकाउने सीप पनि धेरै बदलिइसकेका छन् । कुनैबेला 'मास्टर' (शिक्षक) को पहिचानका रूपमा रहने गरेका छडी/सिर्कना नेपालमै पनि लोप हुने क्रममा छन् । शिक्षकहरूलाई 'मास्टर'बाट 'सहजकर्ता'मा रुपान्तरित हुने दबाब बढ्दो छ । शैक्षिक परिवेश कतिसम्म फेरिइसकेको छ भने, गिजुभाईले भनेजस्तै बालबालिकाप्रति सम्मानजनक व्यवहार दर्साउनको निम्ति 'विद्यार्थीलाई तँ नभनौं' भन्ने अभियान चलाउन नेपाली शिक्षकका प्रतिनिधि संस्थाहरू समेत आफैं अग्रसर हुन थालेका छन् ।

तैपनि, झण्डै एक शताब्दी अगाडिको शैक्षिक र शैक्षणिक परिवेशमा लेखिएको *'दिवास्वप्न'* अनुवाद गरेर नेपाली पाठकहरूसामु पस्कने रहर हामीलाई लागि नै रह्यो । त्यस्तो किन लाग्यो भन्ने प्रश्नको बौद्धिक-सैद्धान्तिक जवाफ हामीसँग छैन, किनभने यो पुस्तकको अनुवाद, सम्पादन र प्रकाशनको काममा लागेका हामीहरूमध्ये कोही पनि शिक्षा विषयका विज्ञ होइनौं । हामीलाई त यो किताब राम्रो लाग्यो, पढ्दा मन छोयो, हाम्रो देश/समाजमा पनि यस्तै भइदिए कति राम्रो हुन्थ्यो भन्ने सपना हामीमा पनि पलायो, त्यसैले नेपाली संस्करण निकाल्न लागिपर्‍यौं । हाम्रो विचारमा यस पुस्तकमा वर्णित शिक्षण-कला तथा एउटा शिक्षकले, विशेष गरी कम उमेर (७-१२) का बालबालिकालाई, अध्यापन गर्दा ध्यानमा राख्नुपर्ने कुराहरू अद्यापि उत्तिकै सान्दर्भिक छन्, नेपाली परिवेशमा त झनै बढी । अझ, यसमा सुझाइएका कतिपय कुरामा त दुनियाँ भर्खर प्रवेश गर्न खोज्दैछ । विद्यार्थीका निम्ति परीक्षा ऐच्छिक हुनुपर्छ भनेर अमेरिकाका केही स्कूलले हालै मात्र प्रारम्भिक बहस शुरु गरेका छन् । जबकि, त्यसबारेमा *'दिवास्वप्न'* मा निकै गहिराइमा पुगेर आग्रहपूर्ण चर्चा गरिएको छ । लाग्छ, गिजुभाईबारे गान्धीका शब्दहरू सार्थक हुँदैछन् र हुँदै जानेछन् ।

यो पुस्तक नेपाली समाजसामु पुऱ्याउने पहिलो श्रेय *शिक्षक*

मासिकका ती जिज्ञासु पाठकहरूलाई जान्छ जसले शिक्षा र शिक्षण विधिका सम्बन्धमा देश-विदेशमा भइरहेका चिन्तन, अभ्यास र अनुभवहरू *शिक्षक* का पानामा खोजिरहनुभयो । उहाँहरूको चाहना र आग्रह परिपूर्ति गर्न त्यस्ता पाठ्यसामग्री खोज्ने क्रममा एउटा वेबसाइट (www.arvindguptatoys.com) मा फेला परेको हो *'दिवास्वप्न'* को हिन्दी अनुवाद । के रहेछ त भनेर हेर्दाहेर्दै सिङ्गो पुस्तक पढी नसक्दासम्म कम्प्युटरबाट आँखा हट्न नै मानेनन् । करिब दुई घण्टा दिउँसै सपना (दिवास्वप्न) देखेजस्तै भयो। त्यसपछि पनि जति मित्रहरूले पढे सबैले एकै पटकमा पढी सिध्याएको बताए। एउटा पुस्तकको सान्दर्भिकता स्थापित गर्न योभन्दा बढी के चाहियो र !

■ माथि नै सङ्केत गरियो– यो अनुवादको पनि अनुवाद हो। अर्थात्, सीधै गुजरातीबाट नभई हिन्दीबाट अनुवाद गरिएको हो । यो कुरा यहाँ दोहोऱ्याउनुको खास तात्पर्य हिन्दी; अङ्ग्रेजी वा अरू नै भाषामा *दिवास्वप्न* पढिसकेका पाठकहरूमा कुनै भ्रम नपरोस् भन्ने हो। हिन्दीका अनुवादकले कतिपय वाक्य र प्रसङ्गलाई हिन्दीभाषीको परिवेश र सुविधा अनुसार अर्थ्याएका हुन सक्छन्, जस्तो यहाँ (हिन्दीबाट नेपालीमा ल्याउँदा) पनि गरिएको छ । हिन्दी अनुवाद पनि आजभन्दा ८० वर्ष अघिको हो। त्यतिबेलाका कतिपय प्रसङ्ग र दृष्टान्त आज असान्दर्भिक भइसकेका हुनसक्छन् । आजका पाठकलाई त्यस्ता वाक्य र प्रसङ्गको मर्म बुझाउन समसामयिक दृष्टान्त दिनु अपरिहार्य हुन्छ। उदाहरणका लागि, *दिवास्वप्न* लेखिँदाको समयमा गुजरातमा होस् या नेपालमा, विद्यालय जाँदा सानो उमेरका छात्रहरू पनि टोपी लगाउँथे तर आज टाईको जमाना आएको छ । टाई नबाँध्नेले पनि टोपी लगाएको बिरलै भेटिन्छ । त्यसैले यस पुस्तकमा टोपीको सट्टा 'टाई' प्रयोग गरिएको छ ।

यस्ता कृति अनुवाद गर्दा आइपर्ने एउटा ठूलो चुनौती त्यसमा प्रयोग

भएका स्थानीय भाषा र भाकाका गीत, कविता वा कहावतहरूले सिर्जना गर्ने रहेछन् । गिजुभाई आफैं कवि थिए, थुप्रै गीत र लोकभाकाहरू उनलाई कण्ठै थिए। बालबालिकालाई मनोरञ्जन गराउनका निम्ति मात्र नभई पढाउने क्रममा कुनै कुरा बुझाउनका लागि पनि गीत, कविता, चुट्किला स्वाभाविक रूपमै प्रयोग गर्दथे। उनले लेखेका किताबमा पनि गीत-कविताका हरफ पर्ने नै भए । तर, त्यतिबेला गाइएका स्थानीय लोकभाकाका गीतको भाव र शैली अनुवाद गर्न आज कठिन मात्रै होइन, कतिपय सन्दर्भमा निरर्थक र असम्भव पनि हुन्छ। त्यसै भएर हिन्दीका अनुवादकले पनि गीत-कविताको भाव मात्र उल्लेख गरेका छन्। हामीले चाहिँ ती गीत कस्तो भाका वा भावका थिए भन्ने स्पष्ट पार्न त्यस्तै भावका नेपाली गीत र भाकालाई दृष्टान्तका रूपमा यस पुस्तकमा समाहित गरेका छौं। अर्थात् गिजुभाईले बालबालिकालाई कवाज खेलाउँदा 'ढर्र ढम्म ढर्र ढम्म...' होइन, तर यस्तै भाकाको स्थानीय गीत गाउन लगाएका थिए भनेर बुझ्नुपर्छ ।

पुस्तकको मौलिकता कायम राख्न इमानदार प्रयास गरिएको छ । शाश्वत प्रकृतिका नाम र घटनाहरूलाई जस्ताको तस्तै छोडिएको छ । जस्तो, भारत वा गुजरातको नक्सामा भावनगर वा शत्रुञ्जय नदी कहाँ पर्छन् भन्ने प्रश्न जहाँसुकैका विद्यार्थीका लागि आज पनि उत्तिकै सान्दर्भिक हुन्छन् । बुझाउनका निम्ति एकदमै धेरै पृष्ठभूमि र व्याख्या चाहिने ठाउँमा भने मिल्दाजुल्दा नेपाली सन्दर्भ राखेर स्पष्ट पार्ने प्रयास गरिएको छ । जस्तो, त्यतिबेलाको भारतमा ब्रिटिश शासन थियो । शिक्षाका माथिल्ला हाकिम अंग्रेज हुने गर्दथे। वर्षमा एक पटक पुरस्कार वितरण गर्न मात्र स्कूलमा आउने, स्थानीय भाषा तथा सामाजिक परिवेश राम्ररी नबुझ्ने र पुस्तकको मूल विषयवस्तु एवं मर्मसँग पनि खासै सरोकार नराख्ने अंग्रेज डाइरेक्टरको पृष्ठभूमि र प्रसङ्ग बुझाउन लामो व्याख्या गर्नुपर्ने भएकाले त्यसको सट्टा 'महानिर्देशक' बाट काम चलाइएको

छ। त्यस्तै साह्रै लामा र नेपाली पाठकका लागि असान्दर्भिक ठानिएका व्याख्या, विवरणलाई केही सङ्क्षिप्त तुल्याइएको छ। पुस्तकको सरलता र लेखकको अभिव्यक्ति शैलीमा आघात नपरोस् भन्ने कुरामा भने विशेष सतर्क रहने प्रयास गरिएको छ।

■ हामीले वेबसाइटबाट डाउनलोड गरेको साढे दुई दशकअघि मुद्रित हिन्दी प्रतिमा *दिवास्वप्न* को सर्वाधिकार दक्षिणामूर्ति-बाल मन्दिरकी 'विमला वहन बधेका'मा सुरक्षित थियो। अनुवाद सकिएपछिको केही समय प्रतिलिपि अधिकार (कपिराइट) प्राप्तिको अन्योलमा गुज्रियो। तर यस्तो अन्योल धेरै रहन पाएन। बालबालिकालाई सरल र सस्ता खेलसामग्री तथा उपयोगी पुस्तक जुटाउने अभियान *(अ मिलियन बुक्स फर अ बिलियन पिपुल)* मा लागेका भारतका ऊर्जावान् प्रोफेसर अरविन्द गुप्ताले भारतको 'कपीराइट' कानुन पल्टाएर त्यस सम्बन्धी अन्योल सजिलै टुङ्ग्याइदिए। प्रो. गुप्ताले इमेलमार्फत उपलब्ध गराएको जानकारी अनुसार भारतको कानुनमा लेखकको मृत्यु भएको ६० वर्षसम्म मात्र प्रतिलिपि अधिकार सुरक्षित रहने र त्यसपछि त्यस्ता प्रकाशन सार्वजनिक सम्पत्ति मानिने व्यवस्था रहेको छ। यस पुस्तकका लेखकको मृत्यु ७२ वर्षअघि (सन् १९३९) नै भइसकेको आधारमा *दिवास्वप्न* को नेपाली संस्करण कानुनसम्मत भएको छ। यो अमूल्य सहयोगका निम्ति प्रोफेसर गुप्ताप्रति म विशेष रूपमा आभारी छु।

■ यी हरफ लेख्ने अवसर *दिवास्वप्न* को नेपाली पाण्डुलिपि तयार भएको एक वर्षपछि मात्र जुर्‍यो। झण्डै बाह्र महिना पुस्तक छाप्ने खर्चको जोहो गर्नमै बिते। तर पनि कुनै गुनासो भने बाँकी रहेको छैन। ढिलै भए पनि हामीलाई मन परेको पुस्तक छापिएको छ। र, यसमा सहयोगी बनेको छ– भारतीय दूतावास अन्तर्गतको बीपी कोइराला भारत-नेपाल

फाउण्डेसन। यसनिम्ति, काठमाडौंस्थित भारतीय राजदूतावास र त्यहाँकी प्रथम सचिव अपूर्वा श्रीवास्तव धन्यवादकी पात्र हुनुहुन्छ । *दिवास्वप्न* को प्रकाशन सम्भव तुल्याउन अपूर्वाले गरेको एक वर्ष लामो अथक् प्रयासलाई मैले कहिल्यै बिर्सने छैन । यो संस्करण किनेर पढ्नुहुने पाठकले त्यसपछिका पाठकहरूलाई गुन लगाउनुहुनेछ। त्यो कसरी भने, पुस्तक बिक्रीबाट प्राप्त रकम यही पुस्तकको पुनर्मुद्रणमै खर्च गर्ने हाम्रो वचनबद्धता छ ।

■ नेपाली र हिन्दी भाषामा समान दक्षता राख्ने र भारतीय शैक्षिक परिवेश पनि उत्तिकै बुझेका अग्रज पत्रकार मित्र शरच्चन्द्र वस्ती निकटमा नभइदिनुभएको भए अथवा उहाँले नाइँनास्ति गरिदिनुभएको भए *दिवास्वप्न* को नेपाली अनुवादका निम्ति म कसलाई आग्रह गर्दथेँ होला? यो प्रश्नको जवाफ अहिले पनि मसँग छैन। तर वस्तीजीले मेरो प्रस्ताव सहर्ष स्वीकार मात्र गर्नुभएन अनुवादमा गिजुभाईको आत्मा सन्तुष्ट पार्ने गरी न्याय पनि गर्नुभएको छ । उहाँको भाषिक कौशलका कारण अनूदित कृतिमा मूल कृतिको स्वाद मात्र यथावत् अवतरित हुन पुगेको छैन, यो स्वयम् नेपालीमा लेखिएको मौलिक कृतिजस्तो प्रतीत हुन पुगेको छ। योग्यता र परिश्रमका धनी वस्तीलाई म विशेष धन्यवाद दिन्छु।

पुस्तकको पाण्डुलिपि पढी शुरुमै आफ्नो मन्तव्य लेख्न तत्परता दर्साउनुहुने भाषाशास्त्री डा. नोवलकिशोर राईले लगाउनुभएको गुन सदा स्मरणीय रहनेछ । पुस्तकको आवरण सिर्जनाकार रविन सायमि र प्रकाशन/व्यवस्थापनको जिम्मेवारी ग्रहण गर्ने इन्द्र श्रेष्ठलाई हार्दिक साधुवाद छ । मसिना कुरा केलाएर पुस्तकको भाषा सम्पादन गर्नुहुने धर्मराज दाहाल, टङ्कन तथा साजसज्जा गर्नुहुने विपेन्द्र घिमिरे र खड्गबहादुर मगर पनि धन्यवादका उत्तिकै हकदार रहेका छन् ।

■ यदि पाठकहरू, विशेषत: विद्यालयका शिक्षक मित्रहरूले यो पुस्तक मन पराइदिनुभयो भने हामी आफ्नो प्रयत्न सार्थक भएकोमा प्रसन्न त हुने नै छौं, तर त्यतिमै सन्तोष मानेर भने बस्नेछैनौं। यस्ता रोचक र उपयोगी अन्य पुस्तक प्रकाशन गर्ने जमर्को गर्नेछौं। त्यसमा गिजुभाईकै केही कालजयी कृतिहरू पनि हुन सक्छन्। यो पुस्तक पढेपछि लागेका कुराहरू लेखेर पठाइदिनुभयो भने हामीलाई नयाँ पुस्तक छान्न र आफ्नो काम सुधार्न मार्गदर्शन मिल्नेछ। यस पुस्तकका सम्बन्धमा लेखिएका पत्र, लेख वा टिप्पणीहरू *शिक्षक* पत्रिकामा पनि छापिन सक्नेछन्। आखिर यो *शिक्षक* मासिककै सपना साकार भएको त हो !

सम्पादक, *शिक्षक* मासिक
१३ मङ्सिर, २०६८
जावलाखेल, ललितपुर

***सन्दर्भ/स्रोत सामग्री***

*१. भारतलाल पाठक– गिजुभाई का शिक्षा में योगदान, सुरजित प्रकाशन, बीकानेर, राजस्थान, भारत, १९८३*
*२. गिजुभाई– माता-पिता से, मान्टेसरी बाल शिक्षण समिति, राजलदेसर, भारत, १९८७*
*३. www.gijubhaibadheka.org*
*४. Pro. Arvind Gupta- www.arvindguptatoys.com*
*५. Pro. Krishna Kumar- Preface, Divaswapna (English Translation) 1989*

# दिवास्वप्न र मेरो कथा

**– प्रा.डा. नोवलकिशोर राई**

म सानो छँदा आफ्नो घरको आँगनको डिलमा उभिएर घाम डुबेको हेरिरहन्थेँ। देउराली डाँडाले छेक्ने हुँदा घाम झुल्केको म हेर्न पाउँदिनथेँ। अनि दिनभर त्यो घामसँग खेल्दाखेल्दै बिस्तारै मेरो आँखाबाट ओझेल हुँदै जाने 'मेरो घाम' छेक्ने डाँडासँग रिस उठ्थ्यो । मेरो दिनभरको साथी मकलाचोम (मिकलजुङ) डाँडामा सुटुक्क पसेर हराउँदा 'त्यो डाँडा नभएको भए मेरो घाम मसँगै सधैं रहिरहन्थ्यो' भन्ने लाग्थ्यो । अलि पछि किशोर भएर 'मीन पचास'को छुट्टीमा मामाहरूको खेती; मधेशको हरकपुर जाँदा 'अब यहाँ त त्यो घाम छेकुवा डाँडा छैन, घाम कसरी डुब्ला र' भन्ने लाग्थ्यो। तर त्यहाँ कुनै वस्तुले नछेक्दा पनि घाम त हराउने नै रहेछ । म धेरै पछिसम्म त्यहाँ पनि डुबेको घाम हेरी नै रहन्थें। यो मेरो कौतूहल पछि कसरी मेटियो थाहा छैन ।

हरेक बालकहरू कल्पनाशील हुन्छन्, उनीहरूमा कौतूहल हुन्छ; मनमा अनेक कुराहरू खेलाइरहन्छन् र खेलिरहन्छन् । त्यो बालसुलभ मानसिकतामा रहेको सुन्दर सपना-कल्पना र अनेक प्रश्नहरूको उत्तर प्रेमपूर्वक दिँदै लैजाने हो भने कुनै पनि बालक परिवार, स्कूल या राज्य विरुद्ध 'लडाकू' र 'विद्रोही' हुँदैन । हामी नानीहरूलाई घरमा 'हकार-पकार' गरेरै राख्छौं । धेरैजसोले हकारेर वा कुटेर-पिटेर तह लगाउने सजिलो उपाय रोज्छौं। अङ्ग्रेजी शासनले सिकाएको माध्यमबाट

स्कूललाई डर, धाक र धम्कीबाट अनुशासित बनाउन चाहन्छौं । तर उनीहरूमा रहेको 'दमित मानसिकता' पछि ज्वाला भएर उठ्दा 'आगलागी' हुने गर्दछ । यसरी समाज र शिक्षालाई मिलाएर हेर्ने बानी हामीमा अझै बसेको छैन । यसै कुरालाई यो पुस्तकले देखाएको छ । लगभग एक शताब्दी अगाडि नै हाम्रो छिमेकी देश भारतको गुजरात राज्यमा गिजुभाईज्यूले विद्यालय शिक्षाको विषयलाई लिएर लेख्नुभएको यो पुस्तक आज पनि उत्तिकै सान्दर्भिक छ ।

अङ्ग्रेजी शासनबाट सिकेका हाम्रा धेरै कुराहरू अति नै परम्परावादी र 'हुकुमी' छन् । उनीहरू भन्ने गर्दथे र त्यो लागू पनि हुन्थ्यो: 'spare the rod, spoil the child' अर्थात् 'लौरो नठुट्याउनु भनेको बालकलाई बिगार्नु हो ।' यसैकारण यो लौरोको शासन घरबाट स्कूल र स्कूलबाट राज्यमा पनि सऱ्यो ।

बालबालिकाहरूलाई दिनभर बन्दकोठामा थुनेर; हकारपकार र सजाय गरेर 'अनुशासित' गरेको भन्दा मित्रवत् व्यवहार गरेर सिकाउने हो भने; छिट्टै र सजिलै सिक्न सक्छन् । सिक्ने चेलाचेली र गुरुका बीच अत्यन्त सौहार्दपूर्ण सम्बन्ध पनि रहन्छ। कक्षाकोठामा गरिने अत्यन्त पुराना र थोत्रा शिक्षण विधिलाई हाँक दिएर यो पुस्तकमा खेल विधि, कथावाचन विधि, प्रदर्शन विधि, अवलोकन विधि तथा अनेक प्रयोगात्मक विधिहरू सुझाएका छन् लेखकले । पाठ्यक्रमको फलामे साङ्लोले बाँधिएको, पाठ्यपुस्तकको भारले थिचिएको र परीक्षाको जाँतोले पिसिएको परम्परावादी शिक्षाबाट बालबालिकालाई कसरी मुक्त गर्ने भन्ने उपायको खोजी गरेर लेखिएको यो 'पुरानो' किताब अझै पनि चासो राख्नेका लागि 'गीता', 'बाइबल' र 'मुन्धुम' हुनसक्छ ।

'आजभोलि सरकारी स्कूलमा पढाइ नै हुँदैन' भन्ने कुरा छ्यासछ्यास्ती सुनिन्छ । होला पनि; तर कथित 'बोर्डिङ' स्कूलहरूमा केजी तहका सानासाना नानीहरूले दश केजीको किताबको भार बोकेर, पसिनाले भिजेर 'टाई' टोकेर हिँड्नु परेको व्यथा देख्दा मेरो मन कटक्क दुख्छ । दिनभर

कक्षाकोठामा 'बन्दी जीवन' बिताएर थकित भएर फर्केको नानी निन्द्राले चुर हुँदासम्म 'होमवर्क' गर्नुपर्ने बाध्यता रहेसम्म कसरी स्कूलसँग उसको माया-प्रेम बस्न सकोस् ? खेल्ने; आफ्ना प्रियजनहरूबाट कथा सुन्ने र कल्पनाको सागरमा डुब्ने अवसरबाट हामी किन उनीहरूलाई वञ्चित गर्छौं ? त्यसमाथि; 'होमवर्क' नगर्दा अपाङ्ग हुने गरी सजाय पाएका समाचार हामीले सुन्नु नै परेको छ। हामीले आजका शिक्षित युवाहरूका बीच 'जनमत' लिने हो भने एउटा सानो समूहले मात्र आफू पढेको विद्यालयप्रति आभार प्रकट गर्ला, किनभने अधिकांशका लागि त्यो एउटा 'जेल जीवन' सरह थियो ।

यहाँ यो पुस्तकमा 'सुगारटाइ'बाट मुक्ति पाउने उपाय सुझाइएको छ; शिक्षकलाई डरलाग्दो जीवका रूपमा भन्दा साथीका रूपमा रूपान्तरण गर्न सकिने 'मन्त्र' सुनाइएको छ र रहरलाग्दा खेल विधिहरूको 'जन्त्र' देखाइएको छ । शिक्षा आर्जनका 'तीनकुने संयन्त्र'– शिक्षक, विद्यार्थी र अभिभावकलाई पनि यो रङ्गमञ्चमा उतारिएको छ । अझ त्यसमाथि पनि शिक्षा अधिकारीहरू प्रधानाध्यापक, शिक्षा अधिकारी र 'डाइरेक्टर जेनेरल'लाई पनि यो नाटकमा सामेल गरेर नयाँ सोचबाट शिक्षाको मूल्याङ्कन र प्रशासनको उपाय सुझाएको विषय रमाइलो छ ।

पाठयोजना र मूल्याङ्कन विधि पनि छुटेका छैनन्, यो सानो पुस्तकमा। यसका शिक्षक आफ्ना विद्यार्थीको मात्र मूल्याङ्कन गर्दैनन् स्वयम् पनि मूल्याङ्कनको घेरामा उभिने गर्दछन्। कुनै पनि क्षेत्रमा स्वमूल्याङ्कन अत्यन्त प्रभावशाली हुन्छ ।

घोकाउने-रटाउने र माथिल्लो दर्जामा उत्तीर्ण गराउने मात्र लक्ष्य नलिएर विद्यार्थीको वैयक्तिक विभिन्नता, चासो, रुचि र पारिवारिक वातावरणलाई समेत विचार गरेर तथाकथित 'कक्षा उत्तीर्ण नहुने' विद्यार्थीहरूलाई व्यावसायिक, व्यावहारिक र पेशागत शिक्षा दिएर शानदार जीवनयापन गर्न सक्ने तुल्याउने उपाय पनि सुझाइएको छ यसमा । शिक्षाको यो अर्को सुन्दरतम पाटो हो भनेर बिर्सनु भएन हामीले ।

यो सानो पुस्तकको ठूलो विषय मेरो यो छोटो कलमले के नै पो लेखुँला र ! तर यति त भन्नैपऱ्यो; शिक्षाको क्षेत्रमा सोच्ने हो भने हामी शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासक र योजनाकारले यो पुस्तक 'सिरानी'मा राख्नैपर्छ ।

सय वर्ष अघिका शिक्षक-शिक्षाशास्त्री हाम्रा छिमेकी गिजुभाईज्यूलाई आभार व्यक्त गर्दै उहाँको आत्माको अरू शान्तिका लागि हामीले प्रार्थना गर्नैपर्छ ।

अँध्यारो खानीबाट यो बहुमूल्य पत्थर खोजेर निकाल्नेलाई सलाम !

जय नेपाल !

हिकुनाम्बा, रवि, पाँचथर
हाल: काठमाडौं

# प्रयोगको आरम्भ

## । १ ।

मैले पढेको र विचार गरेको त पर्याप्त थिएँ, तर मसँग अनुभव थिएन । त्यसैले मलाई लाग्यो; स्वयम् अनुभव पनि गर्नुपर्छ, अनि मात्र मेरा विचार परिपक्व बन्नेछन् । त्यसपछि थाहा हुनेछ, मेरो कल्पनामा कति गुदी छ र कति खोक्रोपन ।

म आफ्नो क्षेत्रका वरिष्ठ शिक्षा अधिकारीकहाँ गएँ र अनुरोध गरें, 'मलाई प्राथमिक विद्यालयको एउटा कक्षामा पढाउने जिम्मा पाऊँ ।'

उनी फिसिक्क हाँसे र भने, 'छोडिदिनोस् मित्र, यो तपाईंबाट पार लाग्ने काम होइन । केटाकेटीलाई पढाउनु, त्यो पनि प्राथमिक कक्षाका केटाकेटीलाई; यो त हायलकायल पार्ने काम हो । तपाईं एउटा लेखक र विचारक हो । टेबुलमा बसेर लेख लेख्न र कल्पनामै केटाकेटीलाई पढाइदिन पनि सजिलै हुन्छ । तर कामै गर्न र त्यसलाई पार लगाउन कठिन पो हुन्छ त ।'

मैले जिद्दी गर्दै फेरि भनें, 'त्यही भएर नै म स्वयम् अनुभव गर्न चाहन्छु । आफ्नो कल्पनालाई मैले साकार पार्नु छ ।'

उनी मानेनन् । तर मैले आग्रह गर्न छोडिनँ । लगातार तीन दिन धाएर आग्रह गरेपछि अन्ततः उनले भने 'ठीक छ, तपाईंले सङ्कल्प नै गरिसक्नुभएको छ भने एक वर्ष पढाएर अनुभव गर्नुहोस् । नवोदय प्राथमिक विद्यालयको चौथो कक्षा म तपाईंलाई जिम्मा लगाउँछु ।' त्यति

भनेर उनले चौथो कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक र बिदा आदिसँग सम्बन्धित नियमहरू दराजबाट निकालेर मेरा अगाडि राखिदिए । मैले खुसी भएर सबै कुरा झोलामा हालें ।

उनले थपे, 'हेर्नुहोस्, जस्तो चाह्यो त्यस्तो प्रयोग गर्ने स्वतन्त्रता त तपाईंलाई हुनेछ, तपाईं त्यसकै लागि आउनुभएको हो । तर के कुरा ख्याल गर्नुहोला भने एक वर्षपछि परीक्षा हुन्छ र तपाईंको प्रयोगलाई पनि परीक्षाकै माध्यमबाट जाँचिनेछ ।

मैले भनें, 'ठीक छ । तर त्यसमा मेरो एउटा अनुरोध छ, परीक्षा तपाईंले नै लिनुहोला । स्वयम् तपाईंले नै मेरो कामको जाँच गर्नुपर्छ । प्रयोग गर्ने स्वतन्त्रता तपाईंले दिएपछि तपाईंलाई आफ्नो काम देखाउन पाउँदा मात्र मलाई सन्तोष हुनेछ । मेरो सफलता अथवा विफलताको कारण पनि तपाईंले नै बुझ्न सक्नुहुनेछ ।'

शिक्षा अधिकारीले हाँसेर स्वीकृतिको टाउको हल्लाए। म पत्र लिएर उनको कक्षबाट बाहिर निस्कें र गाउँ फर्कें ।

## । २ ।

मैले चार कक्षाको पाठ्यक्रम पहिल्यै हेरिसकेको थिएँ । अहिले पाठ्यपुस्तकहरू पनि सर्सर्ती हेरें । तिनमा थुप्रै हेरफेर गर्न सकिन्थ्यो । गुण-दोष आँखाका सामु नाच्न थाले । के-के सुधार गर्न सकिन्छ, त्यो पनि विचार गरें । वर्ष दिनभरि के-के गर्ने भन्ने चित्र मानौं मनमा कोरियो। कुन काम कसरी गर्दै जाने र वर्षको अन्त्यमा त्यसको परिणाम कस्तो आउनेछ भन्ने पनि कल्पना गरें। सोच्तासोच्तै कतिवेला राति दुई बजिसकेछ, पत्तै भएन। भोलिपल्ट कक्षामा गर्नुपर्ने काम एउटा कागजमा टिपें र साढे दुई बजेतिर सुतें ।

बिहान भयो । मनमा उत्साह थियो, आत्मविश्वास थियो । नुहाई-धुवाई, हतारहतार गाँस टिपेर पौने दश बजे नै म विद्यालय पुगें। नवोदय

प्राथमिक विद्यालय मेरो घरबाट धेरै टाढा थिएन। मात्र २० मिनेटको बाटो। विद्यालय खुलिसकेको थिएन। प्रधानाध्यापक आइपुग्न पनि बाँकी नै थियो। पालेदाइ साँचो लिन उनीकहाँ गएका थिए। केटाकेटी भने आउन थालिसकेका थिए। उनीहरू चल्दै, हल्ला गर्दै थिए।

मनमा उकुसमुकुस भइरहेको थियो– कहिले विद्यालय खुल्छ र आफ्नो कक्षा जिम्मा लिएर काम शुरु गरूँ ! कहिले कक्षालाई व्यवस्थित र अनुशासित गरूँ ! कहिले रमाइलोसँग पढाउन थालूँ ! अनि कहिले विद्यार्थीलाई मन्त्रमुग्ध पारूँ ! त्यसवेला मेरो दिमागमा रक्तप्रवाह एकदमै तीव्र भएको हुनुपर्छ।

घण्टी बज्यो। विद्यार्थी कक्षामा गएर बसे। शिक्षा अधिकारीको पत्र पढेपछि प्रधानाध्यापकले मलाई चौथो कक्षामा लिएर गए र विद्यार्थीलाई भने, 'शङ्कर सर आजदेखि तिमीहरूको कक्षा-शिक्षक। सरले भनेको मान्नू। अनुशासित भएर पढ्नू। कुनै उपद्रो नगर्नू।'

यता प्रधानाध्यापक बोल्दैथिए, उता म आफ्ना आउँदा १२ महिनाका ३२ जना साथीहरूलाई हेर्दैथिएँ। एउटा मुस्कुरायो, अर्काले ओठ लेप्प्याएर मुन्टो हल्लायो। कोही छक्क परेर मलाई हेरिरहेका थिए। कोही आँखा सन्काउँदै थिए। कोही अलमल्ल परेजस्ता थिए र केही चाहिँ मुन्टो निहुऱ्याएर बसिरहेका थिए। मैले यिनीहरूलाई नै पढाउनुथियो। एकछिन त मन खिस्रिक्क भयो, ढुकढुकी पनि बढेजस्तो लाग्यो। फेरि सोचें, केही छैन, बिस्तार-बिस्तार ठीक भइहाल्छ !

प्रधानाध्यापक फर्केपछि रातिको टिपोट सर्टको खल्तीबाट निकालेर हेरें। लेखिएको थियो– पहिले शान्तिको खेल, त्यसपछि सरसफाइको कुरा, त्यसपछि सामूहिक गान अनि विद्यार्थीहरूसँग पढाइको कुरा आदि।

मैले शुरु गरेँ, 'लौ आऊ, सबैभन्दा पहिले शान्तिको खेल खेलौं। मैले "शान्ति" भनेपछि सबैजना चुपचाप बस्नू। हात-खुट्टा पनि नहल्लाउनू। त्यसपछि म झ्याल-ढोका लगाइदिन्छु। अँध्यारो हुन्छ। तिमीहरू चुपचाप बसिरहनू। त्यसवेला अरू कक्षाको हल्ला सुनिनेछ। पर चउरमा गाई

कराएको सुनिनेछ। नजिकै झिंगा भुनभुन गरेको सुनिनेछ। आफैँले सास फेरेको पनि सुनिनेछ। सबै कुरा चुपचाप सुन्नू। खुब मजा आउँछ। त्यसपछि म गीत गाउँछु। तिमीहरू सुन्नू। बुझ्यौ ?'

यति भनेर मैले शान्तिको खेल शुरु गरें। मैले 'शान्ति' त भनें तर कसैले मेरो कुरा सुनेन। उनीहरू आपसमा कुरा गर्न, चल्न थालिसकेका थिए। मैले दुई-चारपल्टै 'शान्ति' भनें, तर फेरि पनि कसैले मतलब गरेन। मनमनै अलिकति हच्किएँ। 'चुप लाग' भनेर हप्काउनु पनि कसरी ? गालामा चड्कन दिएर तर्साउन त झन् भएन। 'जे होस्' भन्दै अगाडि बढें र झ्याल-ढोका बन्द गरिदिएँ। अँध्यारो भयो। अब चुप लाग्लान् भनेको त झन् पो हल्ला गर्न थाले। कोही 'ऊँ-ऊँ' गर्न थाल्यो, कोही 'हाउ-हाउ' गर्न थाल्यो त कोही बेन्चमा हातले ढ्याम ढ्याम हान्न थाल्यो। यत्तिकैमा एउटाले ताली बजायो र अरू पनि ताली बजाउन थाले। पहिला कोही हाँस्यो अनि सबैजना हाँस्न थाले। म हडबडाएँ। मेरो अनुहार फुस्रो भयो। अन्ततः झ्याल-ढोका खोलिदिएँ र एकछिन बाहिर निस्केर कक्षामा पसें। उत्पात जारी थियो। केटाकेटीहरू एक-अर्कालाई 'शान्ति-शान्ति' भनेर जिस्क्याइरहेका थिए। कोही चाहिँ झ्याल बन्द गर्दैथिए।

मैले सोचें– यहाँ मेरो योजना र टिपोटको कुनै काम छैन। घरमा बसी-बसी कल्पनामा पढाइदिनु साँच्चै सजिलो थियो। तर यहाँ त फलामको चिउरा पो चपाउनुपर्दोरहेछ। हुन पनि जसले आजसम्म होहल्ला र उत्पात बाहेक अरू थोक जानेकै छैनन्, तिनका सामुन्ने शान्तिको खेलको कुरा गर्नु भैंसीका सामुन्ने वेद पढ्नु जस्तो नभएर होओस् पनि त के ! तर हडबडाउने, निराश हुने काम छैन। पहिलो गाँसमै ढुङ्गा लागेको पनि ठीकै भयो। अब भोलिदेखि नयाँ तरिकाले शुरु गर्छु।

अनि मैले विद्यार्थीलाई भनें, 'आजको कक्षा सकियो। भोलिदेखि नयाँ काम गर्ने। आज तिमीहरूलाई छुट्टी !'

'छुट्टी' सुन्नासाथ विद्यार्थी हल्ला गर्दै कक्षा बाहिर निस्के । 'छुट्टी-छुट्टी' भन्दै, चिच्याउँदै, उफ्रिँदै केटाकेटी घरतिर दौडिँदा पूरै विद्यालयमा खलबली मच्चियो ।

अरू कक्षाका शिक्षक र विद्यार्थी हेर्‍याहेर्‍यै भए । प्रधानाध्यापक हतारहतार आए र निधारमा गाँठो पार्दै रन्किए, 'कसरी छुट्टी दिनुभयो ? सिङ्गै दिन बाँकी छ ।'

मैले भनें, 'आज विद्यार्थी मसँग पढ्न तयार भइसकेका थिएनन् । अव्यवस्थित पनि थिए । शान्तिको खेल खेलाउँदा मलाई त्यस्तो अनुभव भयो । त्यसैले आजलाई छुट्टी दिएँ ।'

प्रधानाध्यापक कड्किए, 'तर तपाईंले मलाई नसोधी यसरी छुट्टी दिन पाउनुहुन्न । एउटा कक्षाका विद्यार्थी घर गएपछि अरू कक्षाकाले कसरी पढ्छन् ? तपाईंको यस्तो प्रयोग यहाँ चल्न सक्तैन, बुझ्नुभयो ?'

उनले अलिक रिसाएर भने, 'यी प्रयोग-स्रयोगका कुरा छोडिदिनुहोस् । शान्तिको खेल मन्टेसरी स्कूलमा मात्र चल्छ । यहाँ त हल्ला गर्नेलाई एक चड्कन दिएपछि सब चुप लाग्छन् । शान्ति नै शान्ति ! त्यसपछि सबै अनुशासित भएर पढ्न थालिहाल्छन् । तपाईंले पनि यसैगरी पढाउनुभयो भने १२ महिनापछि रिजल्ट पनि ठीकठाक आउला । नत्र केही हात लाग्नेवाला छैन । आजको दिन त खेर गइहाल्यो !'

मलाई प्रधानाध्यापकमाथि दया लाग्यो । नरम भएर भनें, 'हेर्नोस्, कुटेर पढाउने काम त अरू सबैले गरिराखेकै छन् । त्यसको फल पनि म देखिरहेको छु– विद्यार्थी एकदमै असभ्य, जङ्गली, अशान्त र अव्यवस्थित भएका छन् । यस्तो लाग्छ, चार कक्षामा पुग्दासम्म यिनीहरूले हा-हा, हु-हु गर्न, ताली बजाउन र उत्पात मच्चाउन बाहेक केही सिकेकै छैनन् । विद्यालय र पढाइको त उनीहरूलाई मतलबै छैन । छुट्टी भनेर सुन्न पाएको छैन, उफ्रिँदै भागिहाले ।'

'अब तपाईंले के गर्नुहुँदोरहेछ, म पनि हेरौंला' भन्दै प्रधानाध्यापक आफ्नो कोठातिर लागे ।

गह्रौं मन लिएर म पनि घर फर्कें। ओछ्यानमा पल्टेर सोच्न थालें– काम त मुश्किलै रहेछ। तर मेरो असली परीक्षा यसमै हुने हो। केही छैन। हिम्मत हार्नुहुँदैन। यसरी पनि कहीं 'शान्तिको खेल' हुन्छ ? मन्टेसरी प्रणालीमा यसका लागि पहिलेदेखि नै कति तालिम दिइन्छ। म पनि अलिक मूर्खै हुँ, नत्र पहिलो दिनमै यस्तो खेल किन खेलाउँथें ? जे होस्, अगाडि त बढ्नु नै छ। अब सबैभन्दा पहिले विद्यार्थीसँग हिमचिम बढाउनेतिर लाग्छु। मैले उनीहरूको मनमा मप्रति विश्वास र लगाव जगाउनै पर्छ।

भोलिपल्ट गर्ने काम निर्धारित गरें र सुतें। सपनामा पनि आजको घटना र भोलिको काम मात्र देखिरहें।

## । ३ ।

विद्यालय खुल्यो। म कक्षामा पसें। विद्यार्थी मलाई हेरेर उभिए अनि जिस्किएजस्तो गरेर, पटक्कै नडराई भन्न थाले, 'सर, आज पनि छुट्टी दिनुहोस् न ! आज पनि छुट्टी, छुट्टी, छुट्टी ! !'

मैले भनें, 'ठीक छ, आज पनि छुट्टी दिन्छु। तर दिनभरि होइन, दुई घण्टा। पहिले म तिमीहरूलाई एउटा कथा सुनाउँछु। त्यसपछि अरू कुरा गरौंला। अहिले शान्त भएर बस।'

अनि कथा भन्न थालिहालें– एकादेशमा एउटा राजा थियो। उसका सातवटी रानी थिए। सातैवटी रानीका सात-सातवटा राजकुमार र सात-सातवटी राजकुमारी... ।

हो-हल्ला स्वात्तै कम भयो। केटाकेटी मेरो वरिपरि उभिइरहेकै थिए। मैले कथा रोकेर भनें, 'सबैजना आ-आफ्नो ठाउँमा गएर राम्ररी बस। नत्र कसरी कथा भन्नु ?'

उनीहरू एक-अर्कालाई धकेल्दै आ-आफ्नो ठाउँमा गएर बसे र भन्न थाले, 'अनि के भयो सर ? कथा भन्नोस् न ! छिटो !'

मैले मुस्कुराउँदै कथा अगाडि बढाएँ, 'जम्मै राजकुमारीहरूका बेग्लाबेग्लै दरबार थिए र जम्मैका दरबारमा एक-एकवटा मोतीका रूख थिए... ।'

केटाकेटी अचम्म मानेर, आँखा पनि नझिम्क्याई आधा मुख बाएर कथा सुन्न थाले। पूरै कक्षा बिल्कुल शान्त थियो। म बाहेक न कोही बोल्थ्यो, न त हातखुट्टा नै हल्लाउँथ्यो। प्रधानाध्यापकलाई पनि अचम्म लागेछ, आज यो कक्षामा किन यस्तो शान्ति भनेर। एकछिन पछि कक्षामा आएर भने, 'ए, कथा सुनाउँदै हुनुहुन्छ ?'

मैले भनें, 'हजूर। कथा र यो नयाँखाले शान्तिको खेल, दुइटै सँगसँगै चलिरहेका छन्।'

प्रधानाध्यापक फर्किए। मेरो कथा जारी थियो। ओल्ला-पल्ला कक्षामा हल्ला भइरहेको थियो। मैले विद्यार्थीलाई भनें, 'हेर त, अरू कक्षामा कस्तो हल्ला भइरहेको छ ?' उनीहरूले त्यसको वास्ता गरेनन्।

एक घण्टा कथा भनेपछि मैले सोधें, 'अब आज छुट्टी गरौं होला। बाँकी कथा भोलि भन्ने। हुँदैन ?'

सबैजना एकैचोटि चिच्याए, 'हुँदैन, हुँदैन। कथा सुन्ने। छुट्टी नगर्ने।'

मैले भनें, 'ठीक छ। त्यसो भए पहिला अलिकति अरू कुरा गरौं। अनि घण्टी नबजुन्जेल कथा मात्र सुनाउँला।'

दुई जना केटाले भने, 'अरू कुरा भोलि सर। आज कथा नै सिध्याउनोस् न।'

मैले भनें, 'कथा त लामो छ। सिध्याउन चार दिन लाग्छ।'

उनीहरूका आँखा खुसीले विस्फारित भए। सबैको अनुहार उज्यालो देखियो। त्यहीवेला मैले हाजिर कपी निकालें र उनीहरूको नाम लेख्न थालें। सबैले होहल्ला नगरी पालैपालो आफ्नो नाम लेखाए। त्यसपछि मैले हाजिरी गरें। अनि भनें, 'हेर, अबदेखि पहिले हाजिरी गर्ने, अनि कथा भन्ने। बुझ्यौ ?' त्यसपछि मैले कथा अगाडि बढाएँ र घण्टी नबजुन्जेल भनिरहें।

घण्टी बज्नासाथ अरू कक्षाका विद्यार्थी हल्ला गर्दै बाहिर निस्के । तर यिनीहरू उठेनन् । मैले 'अब भोलि' भनेर कथा बन्द गरेपछि पनि बेन्चमा बसिरहे । एउटीले भनी, 'अझै एकछिन भन्नोस् न सर, अनि के भयो ?'

मैले भनें, 'आज यत्ति। भोलि छुट्टी गर्ने कि कथा भन्ने त ?' सबैजना एकैचोटि चिच्याए, 'कथा, कथा, कथा।' मैले 'ल, हुन्छ' भनेपछि बिस्तारै घरतिर लागे । शायद, कथाकै कुरा सोचिरहेका थिए ।

हिजोको 'छुट्टी, छुट्टी, छुट्टी' को ठाउँमा आज 'कथा, कथा, कथा' शब्द गुन्जिएको थियो, विद्यालयको वातावरणमा ।

मैले सोचें, 'आजको दिन त ठिकठाक बित्यो। कथामा साँच्चै जादू हुँदोरहेछ !'

## । ४ ।

अर्को दिन बिहान सबै केटाकेटीको अनुहार उज्यालो थियो। कक्षाको अघिल्लो बेन्चमा खाँदाखाँद गरेर बसेका थिए। 'सर, कथा !' उनीहरूको एउटै आग्रह थियो ।

मैले भनें, 'पहिला हाजिरी। त्यसपछि एक छिन अरू कुरा। अनि कथा।'

उनीहरू शान्त थिए । मैले अगाडि भनें, 'यसरी खाँदाखाँद गरेर नबस । आ-आफ्नै ठाउँमा बस । बरु म नजिकै आएर कथा भन्छु ।'

सबैजना आ-आफ्नो ठाउँमा गएर बसे । मैले हाजिरी गरें र अरू कुरा नगरी कथा सुनाउन थालें । उनीहरू मन्त्रमुग्ध भएर सुन्न थाले । बीचमा कथा रोकेर मैले भनें, 'तिमीहरूलाई कथा कस्तो लागिरहेको छ ?'

'खुब राम्रो लागिरहेको छ, सर !'

'यस्तै यस्तै कथा भएको किताब पाए पढ्छौ ?'

'पढ्छौं, सर !' एउटाले भन्यो, 'तर त्यस्तो किताब कहाँ पाइन्छ र ?'

'मैले त्यस्तो किताब ल्याइदिएँ भने पढ्छौ कि पढ्दैनौ ?'

'पढ्छौं सर। पढिहाल्छौं नि ! किन नपढ्नु ?'

एउटी अलिक चलाख केटीले मुस्कुराउँदै भनी, 'तर तपाईंले पनि कथा भन्नुपर्छ। हामी मात्रै पढ्ने हो र ?'

मैले 'हुन्छ' भनें र कथा अघि बढाएँ।

घण्टी बजेपछि मेरो कथा रोकियो। सबैजना मलाई घेरेर उभिए। कोही मेरो अनुहारमा टुलुटुलु हेरिरहेका थिए भने कसै कसैले बिस्तारै मेरो हात छुन थाले।

मैले भनें, 'अब घर जाओ। बाँकी कथा भोलि भनौंला।'

उनीहरू मन नलागी नलागी निस्के। यत्तिकैमा दुई जना शिक्षक कक्षामा पसे र भन्न थाले, 'तपाईंले कथा भनेको थाहा पाएर हाम्रो कक्षाका विद्यार्थी पनि पढाइमा मन लगाउन छोडे। हामी पनि कथा सुन्न जान्छौं, नत्र तपाईं नै कथा भन्नोस् भन्न थालेका छन्। हामीलाई अप्ठ्यारो भयो।'

'एउटा-दुइटा कथा भन्दिनोस् न त', मैले भनें।

'कथा भन्न आए पो !' उनीहरू हाँसे।

म पनि हाँसें।

## । ५ ।

एक हप्ता यसैगरी बित्यो। शनिबार बिहानै बस चढेर म शिक्षा अधिकारीलाई भेट्न गएँ।

उनले भने, 'हिजो मात्र प्रधानाध्यापकले फोन गर्नुभएको थियो, तपाईं त दिनभरि कथा मात्र भन्नुहुन्छ रे नि !'

'हजूर। अहिलेसम्म त कथा नै भनिराखेको छु।'

'त्यसो भए आफ्नो प्रयोग चाहिँ कहिले शुरु गर्नुहुन्छ त ? पढाइ र अभ्यास कहिले हुन्छ ?'

मैले भने, 'प्रयोग नै त चलिरहेको छ। म स्वयम् अनुभव गरिरहेको छु, विद्यार्थी र शिक्षकलाई नजिक ल्याउन कथा कति अनौठो वस्तु रहेछ। शुरुमा जो मेरो कुरै सुन्दैनथे, हाहा-हुहु र उत्पात मात्र गरेर दिक्क लगाउँथे, कथा सुनाउन थालेपछि ती अनुशासित भएका छन्, शान्त भएका छन्। मैले भनेको मान्छन्। मलाई आदर गर्छन्। तिनलाई मैले आजसम्म गाली पनि गरेको छैन। कक्षा सकिएपछि पनि घर जान चाहँदैनन्।'

उनले भने, 'ठीक छ। यो त बुझें। तर नयाँ तरिकाले पढाउन कहिले शुरु गर्नुहुन्छ ?'

मैले भनें, 'पढाउने नयाँ तरिका यही त हो नि! कथाको माध्यमबाट आज अनुशासित हुन सिकाइरहेको छु, पढाइप्रति अभिमुख बनाइरहेको छु, भाषा र साहित्यको परिचय दिइरहेको छु। भोलि अरू कुरा पनि सिकाउँदै जानेछु।'

उनको भनाइ थियो, 'तर होस गर्नुहोला, कथा-कथा भन्दाभन्दै सिङ्गै वर्ष नबितोस् नि !'

'हवस्। तपाईं यसको चिन्ता नगर्नुहोस्' भनेर म फर्कें।

## । ६ ।

कथा सुन्न विद्यार्थी शान्त भएर बसेका थिए। मैले ब्ल्याकबोर्डमा लेखें–

आजको काम– हाजिरी, कुराकानी, कथा।

हाजिरी गरेर मैले कुरा शुरु गरें। भनें, 'तिमीहरूका हात देखाऊ त !'

सबैले पालैपालो आफ्ना हात देखाए। सबैका नङ बढेका थिए। फोहोर पनि थिए।

गाउँको, सरकारी विद्यालय भए पनि कहिलेदेखि हो, यहाँका विद्यार्थीले

टाई लगाउनुपर्ने नियम बनाइएको रहेछ । मैले भनें, 'आ-आफ्नो टाई हातमा लिएर हेर त, कति फोहोर छ ।'

सबैले आफ्नो टाई हेरे । प्राय: सबैको टाईमा मयलको काती जमेको थियो । मैले फेरि भनें, 'अनि सर्टमा सबै टाँक छन् कि छैनन् नि ?'

उनीहरू सर्ट हेर्न थाले । मैले भनें, 'आज अरू कुरा नगर्ने । कथा भन्न ढिला हुन लाग्यो । ल, कथा सुन ।' त्यसपछि कथा सुनाउन थालें ।

एक्कासी एउटा केटाले भन्यो, 'सर, कथाको किताब खोइ त ?'

मैले भनें, 'एक-दुई दिनपछि ल्याउँछु । कस-कसलाई किताब चाहिन्छ, हात उठाऊ त ।'

हरेक विद्यार्थीको हात उठेको थियो ।

'तिमीहरूमध्ये कस-कसले कथाको किताब पढेका छौ ? पढेको किताबको नाम भन त ?' मैले भनें । पाँचजना केटा र दुईजना केटीले मात्र एक-दुईवटा किताब पढेका रहेछन् । चार कक्षामा आइपुग्दासम्म पनि पाठ्यपुस्तक बाहेक अरू किताब पढेका सात-आठजना भन्दा बढी रहेनछन् ।

मैले भनें, 'ल, ठीक छ । म कथाका किताब ल्याउँला र तिमीहरू पढ्नू । जति पढ्छौ, त्यति ल्याइदिउँला । हुन्छ ?'

सबैजना खुसी भए । मैले कथा अघि बढाएँ ।

छुट्टीको घण्टी बजेपछि मैले कथा बन्द गरेर भनें, 'सुन, भोलि नङ काटेर आउनू । आफूले काट्न सक्छौ भने आफैं काट्नू, नत्र आमासँग काटिमाग्नू ।'

एउटा बोल्यो, 'म त दाँतैले टोकेर फाल्छु, सर !'

मैले भनें, 'त्यसो नगर्नू । दाँतले कहिल्यै नङ नटोक्नू । नङ त नेलकटरले पो काट्नुपर्छ । बुझ्यौ ?'

'बुझ्यौं सर' अरूले पनि थपे ।

मैले फेरि भनें, 'तिमीहरूको टाई पनि सारै फोहोर छ । यस्तो

फोहोर टाई लगाउनुभन्दा त लाउँदै नलाउनु राम्रो हुन्छ ।'

'टाई लाएन भने त हेडसरले गाली गर्नुहुन्छ !', एउटाले भन्यो ।

'आमाले पनि पिट्नुहुन्छ, सर !', अर्कीले भनी ।

'मैले भनेको भन्नू, बुझ्यौ ?', मैले कुरा थपें, 'अनि आमासँग सर्टमा टाँक पनि लगाइमाग्नू । टाँक नभएको सर्ट लगाउँदा कति नराम्रो देखिन्छ !'

विद्यार्थी निकै गम्भीर भएर घर फर्के ।

म घर पुगेर बस्न पनि पाएको थिइनँ, प्रधानाध्यापक आइपुगे । उनले भने, 'के गर्न लाग्नुभएको सर ? नङ काट्ने, सर्टको टाँक लगाउने, के बेकारको झमेलामा लाग्नुभएको ? जसरी आउँछन्, आऊन् न ! तपाईंलाई प्रयोग गर्न मन छ भने कक्षाकोठामा गर्नोस्, बाहिर चाहिँ हल्ला नमच्चाइदिनोस् ! अनि, टाई नलगाए पनि हुन्छ भनेर किन भन्नुभएको ? कति मुश्किलले टाईको नियम बनाइएको छ, तपाईंलाई के थाहा ? टाई नलगाई आएकालाई त म विद्यालयमा टेक्न पनि दिन्नँ, बुझ्नुभो ?'

मैले भनें, 'हेर्नोस् सर, यो पढाइकै अङ्ग हो । यसो सोचिहेर्नोस् त, फोहोरी, मैला र अस्तव्यस्त केटाकेटीहरूका लागि योभन्दा राम्रो पहिलो पाठ अरू के हुन सक्छ ? कमसेकम, मैले त्यति भनेपछि उनीहरूले घर गएर आमा-बाबुलाई त भन्नेछन् नि ! मलाई विश्वास छ, एक हप्ताभित्रै सारा विद्यार्थी सफासुग्घर हुन थाल्छन् । जहाँसम्म टाईको कुरा छ, सबैले मिलाएर सफा टाई लाउन थाले भने त ठिकै छ, नत्र यसबारे म शिक्षा अधिकारीसँग पनि कुरा गर्छु । उनले नै मानेनन् भने त ठिकै छ ।'

प्रधानाध्यापक फर्केपछि हतारहतार चिया खाएर म शिक्षा अधिकारीकहाँ पुगें ।

'आज किन यतिवेला ?' उनले भने । उनी भर्खर आफ्नो क्वार्टरमा फर्केका रहेछन् ।

'तपाईंसँग एउटा कुरा सोध्नुपर्ने भयो ।'

'भन्नोस् न ।'

'विद्यार्थीहरू कक्षामा टाई नलगाई आए हुँदैन ?'

'किन ?'

'तिनीहरूको टाई यति फोहोर हुन्छ, भनिसाध्य छैन । मयल मात्र होइन, सिंगान पनि कटकटिएको हुन्छ । यो उमेरमा तिनीहरूले घाँटीमा टाई नझुण्ड्याए के बिग्रिहाल्ला र ? त्यसमाथि यो हाम्रो संस्कृतिको अङ्ग पनि होइन ।'

'हुन त हो, तर तपाईंको विद्यालयले आफैं जोड गरेपछि तीन वर्षअघि टाई लगाउने नियम स्वीकृत गरिएको हो । अहिले अचानक एउटा कक्षाका लागि मात्र त्यो नियम हटाइदिँदा अर्को समस्या हुन्छ ।'

'सुरु न बुरु यति साना केटाकेटीलाई टाई अनिवार्य गरेको तपाईंलाई चाहिँ कस्तो लाग्छ नि ?'

'मलाई पनि त्यति ठीक लाग्दैन। टाई लगाउँदैमा पढाइको स्तर बढ्ने पनि होइन। तर अभिभावक र प्रधानाध्यापकले समेत जोड गरेपछि के गर्ने?'

एक छिन सोचेर मैले भनें, 'त्यसो भए, कक्षाकोठाभित्र विद्यार्थी टाई नलगाई बसे भने तपाईंलाई कुनै आपत्ति छ ?'

'त्यो त छैन । कक्षाकोठाभित्र तपाईं आफ्नो इच्छा अनुसार प्रयोग गर्न सक्नुहुन्छ । त्यसो गर्दागर्दै सबैले टाई नलगाउने भन्न थाले भने मलाई झन् खुसी लाग्नेछ ।'

'ठीक छ', मैले भनें, 'एउटा अर्को कुरा पनि सोध्नु छ । मलाई आफ्नो कक्षामा एउटा सानो पुस्तकालय बनाउनुपरेको छ। त्यसका लागि केही रकम पाउन सकिएला ?'

शिक्षा अधिकारीले भने, 'पैसा त कहाँबाट ल्याउनु ? बजेट भए पो ! प्रधानाध्यापकले दुई-चार सय मिलाउन सके भने ठिकै छ, नत्र उपाय छैन ।'

'भन्न त भन्छु, तर उनले पैसा देलान् जस्तो लाग्दैन', मैले भनें, 'मसँग अर्को उपाय पनि छ । तर त्यसका लागि तपाईंको स्वीकृति चाहिन्छ ।'

'भन्नोस् ।'

'कुरो के भने, विद्यार्थीले पाठ्यपुस्तक त किन्नु परिहाल्छ । म उनीहरूबाट त्यही पैसा लिएर राम्रा राम्रा किताब किन्छु र पुस्तकालय बनाइदिन्छु ।'

'के भन्नुभएको ? पाठ्यपुस्तक किन्ने पैसाले अरू किताब किनेपछि के पढाउनुहुन्छ नि ?'

'मैले त्यसको योजना बनाइसकेको छु । म बेग्लै तरिकाबाट पढाउँछु । तपाईंलाई विश्वास दिलाउन चाहन्छु, विद्यार्थीले राम्रो ज्ञान प्राप्त गर्नेछन् ।'

'ठीक छ', शिक्षा अधिकारीले अलिकति गाह्रो मानेजस्तो गरेर, तर विश्वासका साथ भने, 'प्रयोगका लागि म तपाईंलाई पूरा छुट दिन्छु, तर शुरुमा भने जस्तै मलाई वर्षको अन्त्यमा राम्रो परिणाम चाहिन्छ ।' उनले थपे– 'पाठ्यपुस्तक नकिनेर अरू किताब किन्दा अभिभावकले हल्ला मच्चाउलान्, उनीहरूलाई सम्हाल्ने जिम्मा पनि तपाईंको नि !'

मैले भनें, 'हवस् । तपाईंले यति भनेपछि मलाई पुग्यो । बाँकी म आफैं मिलाउँछु । आशा छ, सफल पनि हुन्छु ।'

'आ, अनि वर्षको अन्त्यमा परीक्षा भइसकेपछि अहिले किनेका किताब के गर्नुहुन्छ नि ? विद्यार्थीलाई नै बाँडिदिने कि ?'

'तिनकै पैसाले किनेका किताब, मागे भने त दिनैपर्ला । तर म अभिभावकहरूलाई ती किताब विद्यालयमै राख्न दिनुहोस् भनेर सम्झाउने कोशिश गर्छु । यसो गर्दा पुस्तकालय स्थायी हुन्छ र वर्षैपिच्छे त्यसमा नयाँ-नयाँ किताब थपिँदै जान्छन् ।'

'कुरो त राम्रै हो । तर अभिभावकले मान्छन् कि मान्दैनन् ? पाठ्यपुस्तक नै नभएपछि तपाईंले कसरी पढाउनुहोला ?' उनी द्विविधामा परेजस्ता देखिए ।

'विश्वास गर्नुहोस् सर; म सब मिलाउँछु', यति भनेर अन्तिम बसबाट राति घर फर्कें ।

## । ७ ।

सधैं झैं भोलिपल्ट विद्यालय खुल्यो । मैले सोचेको थिएँ, केटाकेटी टाई नलगाई आउलान् । तर हरेकको घाँटीमा फोहोरी टाई उसैगरी झुण्डिएको थियो । 'फोहोरी टाई नलगाउने' भन्दा प्रायः सबैले आमा-बाबुको गाली खाएछन् । दुई-चार जनाले त भनेछन्, 'टाई नलगाई पनि कोही विद्यालय जान्छ ? तिमीहरूको सर फुस्केट हो कि क्या हो ?'

मैले उनीहरूका हात हेरें । दुई-चार जनाका मात्र नङ काटिएका थिए । सर्टको टाँकको हालत जस्ताको तस्तै । 'टाँक लगाइदिनू' भन्दा पनि धेरैले आमाको हप्काइ पाएछन् । एउटी आमाले भनिछन्, 'सरको काम त पढाउने पो हो । खुरुखुरु नपढाएर यो बाह्र-सत्ताइस झमेला के गरिराख्या होला !'

म छक्क परें । सोचेको थिएँ, आमा-बाबुले आफ्ना छोराछोरीलाई सफासुग्घर बनाएर पठाउलान् । उल्टो यस्ता कुरा सुन्नुपर्‍यो । अनि मनमनै भनें, 'हार मान्ने काम छैन भाइ ! बिस्तारै आमा-बाबुबाट पनि सहयोग लिनुपर्छ । बरु यस्तो योजना बनाउनुपर्छ, जसबाट विद्यार्थीलाई सफासुग्घर बस्ने बानी विद्यालयमै पर्न थालोस् !'

त्यस दिन मैले विद्यार्थीसँग अरू कुरा गरिनँ । हाजिरी गरेर सोझै कथा भन्न शुरु गरें र एउटा कथा सिध्याएँ ।

'अर्को कथा !' केटाकेटीले फर्माइस गरे । मैले भनें, 'अर्को कथा भोलि शुरु गर्ने । अब आज खेल्ने ।'

'खेल्ने ?' उनीहरू छक्क परे । उनीहरूलाई पत्यारै लागेनछ । मैले भनें, 'हो त, खेल्ने ! तिमीहरूलाई के-के खेल्न आउँछ ?'

'थुप्रै थोक खेल्न आउँछ, सर ! तर कक्षा भइराखेको वेलामा कसरी खेल्ने ?'

'किन नखेल्ने ? ल हिँड । तिमीहरूसँग म पनि खेल्छु ।'

मैले त्यति भन्नु के थियो, केटाकेटीहरू 'खेल्ने, खेल्ने' भनेर

चिच्याउँदै कक्षाबाट बाहिर निस्किहाले। होहल्ला सुनेर अरू कक्षाका विद्यार्थी झ्यालबाट चियाएर हेर्न थाले। अरू शिक्षक छक्क परे।

यत्तिकैमा प्रधानाध्यापक आएर ठूल्ठूलो स्वरमा मलाई भने, 'अब कक्षा छोडेर खेल्ने? जे गर्न मन लाग्छ, गर्नोस्। तर विद्यालय हाताभित्र होइन। ऊ त्यो परको चउरमा गएर गर्नोस्। यहाँ कक्षा चलिरहेको छ। अरूलाई हल्ला हुँदैन?'

म केटाकेटीलाई लिएर अलि परको चउरमा पुगें। उनीहरू 'खेल्ने, खेल्ने' भन्दै जथाभावी उफ्रिरहेका थिए।

मैले सोधें, 'के खेल्ने?'

एउटाले भन्यो– लुकामारी खेल्ने। अर्काले भन्यो– होइन, चोर-सिपाही खेल्ने। तेस्राले भन्यो– म त भालेजुधाइ खेल्ने। चौथाले भन्यो– होइन, कपर्दी खेल्ने। के खेल्ने भनेर केटाहरू झगडै गर्न थाले। केटीहरू अलमल्ल परेर केही बोलिरहेका थिएनन्।

मैले भनें, 'हेर भाइ हो, हामीहरू यहाँ खेल्न आएका हौं, झगडा गर्न होइन। झगडा गर्ने भए हिंड, कक्षामै जाऊँ।'

'होइन, होइन। हामी त खेल्ने' धेरै जना कराए। मैले भनें, 'त्यसो भए आज कपर्दी खेल्ने। ल आओ, म टिम बनाइदिन्छु।'

मैले टिम बनाइदिएँ। कपर्दी शुरु भयो तर त्यो खेल जस्तो थिएन। टोलमा जथाभावी खेलेजस्तो सबै कराइरहेका थिए। 'आइज-आइज, समात्-समात्, नछोड्-नछोड्, ए-ए मर्लास् है मर्लास्, अब यो मऱ्यो, छो-छो, फर्की-फर्की, भाग्-भाग्, हेर त डराएको, थुक्क लाछी त्यति पनि सकिनस्? मैले त भनेकै थिएँ नि' जस्ता शब्द र वाक्यको कोलाहल थियो। जोश सबैमा थियो तर एउटाले अर्काको कुरा सुनिरहेको थिएन।

खेल सकिनासाथ जित्ने टोलीले अर्को टोलीलाई 'हरूवा, हरूवा' भनेर चिढ्यायो। हार्ने टोलीले 'के फुर्ती लगाउँछस्, भोलि हेर् न, तिमीहरूलाई एकै छिनमा रुवाइदिन्छु', भन्यो। जित्नेमध्ये एउटाले 'के गर्छस्? के

गर्छस् ?' भन्दै मुख बङ्ग्याएर 'हरूवा गोरुको छेरुवा दाउ' भन्यो । सबैले हा-हा गरेर चिढ्याउन थाले । हार्ने टोली क्रुद्ध भयो । एउटाले 'चूप लाग् है, नत्र मारिदिन्छु' भन्यो । पहिलोले झन् चिढ्याउँदै 'हरूवा, हरूवा' भन्न थाल्यो । हार्ने टोलीको एउटा केटाले बिजुली चम्केजस्तै ढुङ्गा उठाएर हान्यो । जित्नेतिरको एउटा केटाको टाउकामा लाग्यो र रगत बग्न थाल्यो ।

एकछिन त म आत्तिएँ । यस्तो होला भन्ने सोचेकै थिइनँ । हत्तपत्त आफ्नो पकेट रुमाल निकालेर घाइतेको टाउकामा पट्टी बाँधिदिएँ । अनि सबैलाई भनें, 'भोलिदेखि खेल्न बन्द !'

'किन सर ? झगडा त उनीहरूले गरेका, हाम्रो के गल्ती ?' एउटी केटीले भनी ।

'दुइटा कुरा मान्ने भए मात्र खेल्न पाइन्छ । मान्छौ ?' मैले सोधें ।

'मान्छौं', सबैजना एकैचोटि बोले ।

मैले भनें, 'पहिलो कुरा के भने, खेल्दाखेरि कसैले पनि विना कारण केही नबोल्ने । जसले बोल्छ, त्यो आउट हुने । हुन्छ ?'

'हुन्छ ।'

'दोस्रो कुरा, खेलमा हारेको-जितेको भनेर झगडा नगर्ने । आज एउटाले जित्छ, भोलि अर्कोले जित्छ, खेलमा हारजित त भइरहन्छ नि ! खेल्ने भनेको त रमाइलो गर्ने पो हो । झगडा गरेर टाउको फुटाउने हो र ?'

'होइन, सर । हामीले बुझ्यौं । अब भोलिदेखि झगडा गर्दैनौं ।' अरू सबैका साथमा, ढुङ्गा हान्ने र ढुङ्गा खानेले पनि सहमति जनाए ।

हामी कक्षामा फर्क्यौं । एउटा विद्यार्थीको टाउको फुटेको खबर हामीभन्दा पहिले नै विद्यालय पुगिसकेको रहेछ । हामी पुग्नासाथ छुट्टीको घण्टी बज्यो । सबै विद्यार्थी र शिक्षक हाम्रो कक्षामा झुम्मिए । प्रधानाध्यापक पनि आए ।

एकजना शिक्षकले भने, 'आज त गजबै गर्नुभएछ नि, सर ?'

अर्काले थपे, 'पढाइका बेला कक्षा छोडेर खेल्न लगेपछि के हुन्छ त ?'

अरु अर्काको भनाइ थियो, 'कक्षाकोठामा सिर्कनाले हिर्काउँदा त चुप लाग्दैनन् । यस्ता बाँदरहरूलाई फुक्का खेल्न छोडिदिएपछि टाउको किन नफुटोस् ?'

प्रधानाध्यापकले सबै विद्यार्थीलाई 'घर जाओ' भनेर धपाइदिए र मतिर फर्केर भने, 'आज केही न केही उत्पात हुन्छ जस्तो त मलाई दिउँसै लागेको थियो । तर तपाईंलाई सम्झाउने कसको तागत ? प्रयोग भनेर के-के गर्नुहुन्छ के-के । कहीं पढाइको समयमा पनि विद्यार्थीलाई खेल्न लैजाने हो त ?'

मैले भनें, 'सर, खेल पनि त एउटा पढाइ हो नि । खेलको अर्थ हो, दृढता, अनुशासन, मनोबल, सहकार्य...'

'त्यही भएर टाउको फुटेको होला !'

हामी कुरा गर्दैथियौं, त्यही वेला घाइते विद्यार्थीका बाबु क्रुद्ध अनुहार लिएर त्यहीं आइपुगे । उनले प्रधानाध्यापकलाई नै झम्टिए, 'कस्तो विद्यालय हो यो ? विद्यार्थीलाई पढाउने कि टाउको फुटाएर पठाउने ? कसले हिर्काएको मेरो छोरालाई ?'

मैले भनें, 'हेर्नोस्, विद्यार्थीहरू खेल्दैथिए । त्यहाँ झगडा भयो र तपाईंको छोरालाई ढुङ्गाले लाग्यो ।'

उनी बुरुक्क उफ्रिए, 'कक्षाका वेला विद्यार्थीलाई खेल्न कसले अनुमति दियो ? हामीले छोराछोरीलाई पढ्न पठाएको कि खेल्न पठाएको ? नपढाउने भए पढाउँदिनँ भन्नोस् न, कुरै खलास ।'

मैले केही बोलिनँ । प्रधानाध्यापकले मतिर इशारा गर्दै भने, 'होइन हजूर, त्यस्तो होइन । उहाँ हाम्रो विद्यालयमा नयाँ सर हुनुहुन्छ र पढाउनका लागि नयाँ-नयाँ प्रयोग गर्दै हुनुहुन्छ । आज उहाँले खेलको प्रयोग गर्नुभएको थियो । त्यही वेला यस्तो हुन पुग्यो ।'

तिनले भने, 'मलाई तपाईंहरूको प्रयोगसँग मतलब छैन । पढाउने

हो भने केटाकेटीलाई राम्ररी पढाउनोस् । होइन भने हामी छोराछोरी पठाउँदैनौं ।'

अरू शिक्षक मुसुमुसु हाँसिरहेका थिए । यस्तो वेला मैले के बोल्नु ?

घर गएँ। खानामा कुनै स्वाद आएन। कोठामा पसेर खाटमा पल्टिएँ र सोच्न थालें– खेल त खेलाउनै पर्छ। वास्तवमा खेल नै सच्चा पढाइ हो । खेलबाट नै बच्चाहरू शारीरिक र मानसिक दुवै दृष्टिले मजबुत हुन्छन् । तर अलिकति तलमाथि पऱ्यो भने यस्तो बबाल हुन्छ । के गर्ने होला !

एकछिन पछि विचार आयो– एकपल्ट अभिभावककै भेला डाकेर खेलको महत्त्व सम्झाउनुपऱ्यो। त्यही वेला विद्यार्थीको सरसफाइको कुरा उठाएर त्यसमा पनि उनीहरूको मद्दत माग्छु । आफ्ना छोराछोरीलाई राम्रो हुन्छ भन्ने बुझेपछि उनीहरूले कसो सहयोग नगर्लान् ? यही हप्ता, शुक्रबार भेला डाक्छु ।

। ८ ।

भेला भयो। तर त्यसलाई भेला भन्ने कि के भन्ने ? बत्तीसै जना विद्यार्थीका आमा-बाबु दुवैलाई पत्र पठाएर डाकेको थिएँ, तर आइपुगे जम्माजम्मी १४ जना। मेरो निराशाको सीमा थिएन।

आधा घण्टा पर्खंदा पनि १४ बाट १५ जना नपुगेपछि मैले आफ्नो भाषण शुरु गरें। के-के भन्ने भनेर राम्रो तयारी गरेको थिएँ। करिब ४५ मिनेट लगाएर बडो गम्भीरतापूर्वक भाषण दिएँ। वास्तविक पढाइ के हो, त्यसले जिन्दगीमा कस्तो प्रभाव पार्छ, खेल र चरित्रका बीच कस्तो सम्बन्ध छ, खेलले कसरी व्यक्तित्व विकास गर्छ, भित्री मनबाट उत्पन्न हुने अनुशासन कति महत्त्वपूर्ण हुन्छ जस्ता कुरा मैले निकै सुन्दर एवं प्रभावशाली तरिकाले व्याख्या गरेको थिएँ।

तर मेरो कुरामा उनीहरूले पटक्कै चासो लिएनन् । दुई जना त भाषणका बीचमै कुप्रो-कुप्रो पर्दै उठेर हिँडे । त्यति आँट गर्न नसकेका बाँकी १२ जना चाहिँ कहिले औंला पड्काउँथे, कहिले आकाशतिर हेर्थे, कहिले हाई काढ्थे त कहिले छेउमा राखेको जगबाट पानी खान थाल्थे । मेरो भाषण सकिनासाथ एक वचन पनि नबोली सबै उठेर हिँडे ।

बाँकी रह्यौं म, प्रधानाध्यापक र एकजना अर्का शिक्षक । प्रधानाध्यापकले भने, 'देख्नुभो त, तपाईंको भाषण घोप्ट्याएको गाग्रीमा पानी हालेजस्तो भएन ? यहाँ कसलाई मतलब छ तपाईंको प्रयोग र तपाईंको आदर्शसँग ?'

'यो सब मूर्खता हो, बुझ्नुभो ?' अर्का शिक्षकले आफ्नो निष्कर्ष सुनाए।

मलाई राम्रो त लागेन, तर मैले जवाफ फर्काइनँ । मनमनै सोचें, म एक खालको 'पठित मूर्ख' त पक्कै हुँ । यति पढेर पनि मलाई थाहा रहेनछ, अपठित जनताका सामु कस्तो भाषण गर्नुपर्छ ।

अनि आफैं फिस्स हाँस्न पुगें ।

## । ८ ।

अर्को हप्ता मैले पुस्तकालयको काम थालें । प्रधानाध्यापकले 'बजेट छैन' भनेर एक पैसा पनि दिएनन् । शिक्षा अधिकारीलाई भनेर, परीक्षा शुल्कका नाममा पछि उठाइने मेरो कक्षाको पैसा चाहिँ पहिले नै उठाउन पाउने गराएको थिएँ । चौथो कक्षामा अरू कक्षाको जस्तो परीक्षा नलिने कुरा शुरुमै तय भइसकेको थियो । त्यसमा खर्च लाग्दैनथ्यो ।

मैले विद्यार्थीलाई भनें, 'भोलि तिमीहरूले किताब किन्ने पैसा लिएर आउनू ।'

भोलिपल्ट एउटा विद्यार्थी पाठ्यपुस्तक नै लिएर आयो । भन्न थाल्यो, 'म तीन कक्षा पास भएकै दिन बुबाले किनिदिनुभएको ।'

अर्कोसँग दुइटा किताब थिए । उसले भन्यो, 'पोहोर दिदीले पढेका

किताब हुन् । आमाले नयाँ किताब किन्नुपर्दैन भन्नुभएको छ ।'

एउटी केटीले भनी, 'मलाई त काकाले शहरबाटै किताब पठाइदिनुहुन्छ अरे ! यहाँ किन्नुपर्दैन अरे !'

अर्कीको भनाइ थियो, 'बुबाले पैसा दिनुभएन । तँलाई किन चाहियो पैसा, म किताबै ल्याइदिउँला भनेर हप्काउनुभयो ।'

लौ मार्‍यो ! म जिल्ल परें । कल्पनामा त पुस्तकालय बनाउन बडो सजिलो थियो, तर यथार्थमा निकै गाह्रो हुँदै गइरहेको थियो !

तर, कैयौं विद्यार्थीले पैसा पनि ल्याएका थिए । मैले तिनीहरूबाट पैसा लिएँ र रसिद काटेर दिएँ ।

अर्को दिन विद्यार्थीले सोधे, 'खोइ हाम्रो किताब ?'

मैले झोलाबाट किताब निकाल्दै भनें, 'तिमीहरूको पैसाले मैले नयाँ-नयाँ कथाका किताब ल्याएको छु । कथाका किताब मन पर्छन्, होइन ?'

विद्यार्थी दङ्ग परे । चिल्ला, रङ्गीन, आकर्षक चित्र भएका कथाका किताब देखेर उनीहरूले हारालुछ गर्न खोजे ।

मैले भनें, 'मसित २४ वटा मात्र किताब छन् । सबैलाई पुग्दैन । त्यसैले २३ जना किताब लिएर पढ । बाँकी नौ जनालाई म एउटा किताबबाट कथा पढेर सुनाउँछु ।'

२३ जनाले किताब लिएर पढ्न थाले । मैले सबैलाई भनें, 'हेर, यी किताब घर लैजाने होइन । यहीं पढ्ने । एउटा किताब पढिसकेपछि यहाँ मेरो टेबुलमा ल्याएर राख्ने । अर्को जुन किताब यहाँ हुन्छ, त्यो लगेर पढ्ने । यसरी सबैले पालैपालो सबै किताब पढ्न पाउँछौ ।'

किताब नपुगेका नौ जनालाई मैले आफ्नो छेउमा बसाएँ । अनि स्वरको उतार-चढाव र पर्याप्त भावभङ्गिमाका साथ आकर्षक तरिकाले कथा पढ्न थालें । तर बाँकी २३ जनाको आवाजले मेरो स्वरलाई छोपिदियो । उनीहरू चिच्याई-चिच्याई पढिरहेका थिए । मैले सबैलाई 'मनमनै पढ' भनें । एकछिन कक्षा शान्त पनि भयो । तर एकै छिन

पछि फेरि उस्तै ! मनमनै पढ्ने उनीहरूको अभ्यास नै थिएन । केही नलागेपछि म नौ जनालाई लिएर बाहिर निस्किएँ र अलिक पर चउरको डिलमा बसेर कथा वाचन गर्न थालें ।

विद्यार्थीले कथाका किताब खुब रुचाए । छुट्टीको घण्टी नलागुन्जेल पुस्तक-वाचन चलिरह्यो ।

## । १० ।

कथा र खेल, पुस्तकालय र पुस्तक वाचन, सरसफाइ र अनुशासनको गोरखधन्दा गर्दागर्दै दुई महिना पत्तै नपाई बिते ।

बेलुका खाटमा पल्टेर म आफ्नो कामको मूल्याङ्कन गर्न थालें । यसो हिसाब गरेर ल्याउँदा लाग्यो– रुपैयाँमा पाँच पैसाको पनि काम भएको छैन । गणित, इतिहास, विज्ञान जस्ता विषय त मैले छोएको पनि थिइनँ । अरू कक्षामा सबै विषयको पाठ निकै अगाडि बढिसकेको थियो । वर्षको अन्त्यमा त मैले पनि राम्रो रिजल्ट दिनुथियो । मेरो प्रयोगको शर्त नै यही थियो । अहिलेसम्म मैले के-के गरें त ? कथा सुनाउन म एकदमै सफल भएको छु । यसकै कारण केटाकेटी निकै व्यवस्थित र अनुशासित बनेका छन् । त्यसो त अझै पनि रमण र चम्पकलाई कथाले आकर्षित गर्दैन । कथा भनिरहेको वेला उर्मिला र राधा एक-अर्कासँग जिस्किरहेका हुन्छन्, जीवन र शङ्कर मौका पर्‍यो कि अरूलाई चिढ्याइहाल्छन् । यिनीहरूको ओखती गर्न बाँकी नै छ । तर जे होस्, कथा र खेलका कारण केटाकेटी अब मसँग खुलेर कुरा गर्न थालेका छन्, मसँग डराउँदैनन्, नजिकिन मन पराउँछन् र मैले भनेको मान्छन् । तैपनि मैले गर्न धेरै बाँकी छ ।

वाचनालयमा धेरै किताब छैनन् । अभिभावकहरूलाई पाठ्यपुस्तक भन्दा अरू किताब झन् महत्त्वपूर्ण हुन्छन् भनेर बुझाउन सकिएको छैन । जति गर्दा पनि उनीहरू बुझ्नै चाहँदैनन् । तर चिन्ता छैन । प्रयास गरिराखे एक दिन कसो कुरा नबुझ्लान् !

म सोच्दै गएँ– यो प्रयोग त हनुमानको पुच्छर जस्तो पो रहेछ। जति तन्कायो उति तन्किँदै जाने। जति गर्छु भन्यो, उति समस्या थपिँदै जाने। सरसफाई पनि त्यति व्यवस्थित भइसकेको छैन। फोहोरी टाई त्यस्तै छन्। थुप्रैका सर्टमा अझै पनि पूरा टाँक छैनन्। एक-दुई हप्ता त लुगा अलिक सफा देखिन्थे, फेरि उस्ताका उस्तै। नङ पनि दुई-चार जनाले बाहेक नियमित काटेका छैनन्। पूरै पछि नलागी केही काम हुँदैन। तर पनि, समाजमै नयाँ बानी बसाउनुपर्ने भएकाले अलिक मिहिनेत त गर्नैपर्ला !

केटाकेटीको समस्या यस्तो छ, उता शिक्षा अधिकारीले पनि अत्याउन थालेका छन्। आखिर उनलाई पनि त चिन्ता होला। आफूले गर्न दिएको प्रयोग, असफल भयो भने मान्छे हाँस्छन् भन्ने लाग्दो होला। परिणाम नदेखेसम्म उनलाई विश्वास लाग्ने कुरा पनि भएन।

मेरा सहकर्मी शिक्षक साथीहरूलाई त ममाथि झन् अलिकति पनि विश्वास छैन। उनीहरू मलाई मूर्ख र सन्की नै ठान्छन्। म अलिअलि त्यस्तै हुँला पनि। म अनुभवी शिक्षक पनि होइन। तर उनीहरूको मान्यता र विद्यार्थीलाई सिकाउने तरिका सुन्दा-देख्ता मलाई कामज्वरो आउलाजस्तो हुन्छ। उनीहरूले गरेको भन्दा त मैले गरेकै लाख गुणा ठीक छ। मेरा विद्यार्थी मलाई देखेर भाग्न त भाग्दैनन् ! मलाई राम्रै माया गर्छन्। आदर गर्छन्। मैले भनेको मान्छन्। यिनका विद्यार्थी त यिनीहरूलाई देखेर भाग्ने मात्र होइन, पिठ्यूँ पछाडि यिनीहरूको नक्कल गरेर खिसी समेत उडाउँछन्। यिनीहरूको नजिकै गएर यिनको एउटा पनि विद्यार्थी निर्भीक भएर ढुक्कसँग उभिन र हाँसेर कुरा गर्न सक्दैन। यिनका विद्यार्थी कक्षाभित्र त चुपचाप, ज्ञानी जस्ता भएर बस्छन् तर बाहिर निस्केपछि यति उत्पात मच्चाउँछन्, भनी साध्य छैन। मैले आफ्ना विद्यार्थीलाई उचित स्वतन्त्रता दिएको छु। तिनले कक्षामा धेरथोर जति चकचक गर्छन्, बाहिर पनि त्योभन्दा बढी गर्दैनन्। मलाई विश्वास छ, अरू शिक्षकले भन्दा मैले नै राम्रो गरिरहेको छु। तर मैले अझै धेरै

गर्नु छ। अहिले त भर्खर सुरुआत मात्र भएको छ। काम अप्ठ्यारो छ, तर मैले यसलाई पार लगाएरै छोड्नु छ।

सोच्तासोच्तै राति दुई बजेछ। भोलि विद्यालय जानु त छँदैथियो। ईश्वरलाई सम्झिएँ र भोलिदेखि अरु राम्रो गर्छु भन्ने सङ्कल्प गर्दै निद्रादेवीको काखमा लुटपुटिएँ।

# प्रयोगको प्रगति

। १ ।

तेस्रो महिना शुरु भयो। अब आफ्नो कामको दैनिक डायरी लेख्न थाल्नुपर्‍यो भन्ने लाग्यो। त्यसबाट स्वयम् मलाई पनि हरेक हप्ता कति प्रगति गरें र कति काम बाँकी रहेको छ भन्ने थाहा पाउन सजिलो हुन्थ्यो। यस्तै, बितेका दुई महिनामा गरेका मुख्य-मुख्य काम र प्रगतिको सङ्क्षिप्त विवरण समेत तयार पार्ने विचार गरें।

यसरी मैले डायरी लेख्न थालें। यो साँच्चै उपयोगी र महत्त्वपूर्ण काम रहेछ। यता, कक्षामा हरेक दिन कथा चलिरहेकै थियो र खेल पनि खेलाइँदै थियो। कुराकानी, आदर्श वाचन र सरसफाइका कुरा जारी थिए। मन्द गतिमा भए पनि, पुस्तकालयको काम समेत अघि बढिरहेको थियो।

। २ ।

मैले पाठ्यक्रममा राखिएकामध्ये एक-एकवटा विषय लिएर अघि बढ्ने निधो गरें। अनि एक दिन बिहान कक्षामा भनें, ‘आज श्रुतिलेखन गर्ने। ल, कलम-कापी निकाल।’

विद्यार्थीहरू अचम्म मानेर मलाई हेर्न थाले। शायद उनीहरूलाई पत्यारै लागेन। मैले श्रुतिलेखन गराउँछु, पाठ पढाउँछु, याद गराउँछु,

त्यसबाट सोध्छु, गृहकार्य दिन्छु अर्थात् मैले पनि अरू शिक्षकले जस्तै गरी पढाउँछु भनेर उनीहरूले शायद सोचेकै थिएनन्। एक दृष्टिले म त्यस्तो थिइनँ पनि। तर उनीहरूको सोचाइ पनि गलत थिएन।

मैले भन्न त भनें, तर धेरै जनासँग कलम-कापी थिएन। आजसम्म ती चिजको कामै नपरेकाले उनीहरू कक्षामा खाली हात आउन थालेका थिए। मैले अफिसमा गएर एकातिर मात्र टाइप गरिएका, फ्याँक्न थुपारिएका कागज र पेन्सिलहरू ल्याएर सबैलाई बाँडिदिएँ।

तैपनि उनीहरू श्रुतिलेखनका लागि तयार थिएनन्। एउटाले भन्यो, 'आज कथा नभन्ने, सर?' अर्काले सोध्यो, 'हामीले किताब पढेकै छैन, केबाट श्रुतिलेखन गर्ने?' अरू दुई जनाले गुनासो गरे, 'किताब नपढी कसरी श्रुतिलेखन गर्नु? गल्ती भइहाल्छ नि, सर!' मैले बुझें, उनीहरूले पुरानै ढाँचाको श्रुतिलेखन भन्ने ठाने, त्यसैले आत्तिए।

पुस्तकालयको एउटा पुस्तक लिएर श्रुतिलेखन शुरु गराएँ। पहिलो वाक्य मैले पूरै पढें। तर उनीहरूमा सिङ्गो वाक्य सुन्ने धैर्य थिएन। दुई-चार शब्द सुन्नेबित्तिकै लेख्न थालिहाल्थे। अनि 'त्यसपछि के सर?', 'के भन्नुभएको सर?' भनेर सोध्न थाल्थे। गन्जागोल शुरु भयो।

मैले भनें, 'यसरी होइन। म तिमीहरूलाई श्रुतिलेखन गर्ने सही तरिका सिकाउँछु। आधा वाक्य सुनेर लेख्न थाल्ने होइन। मैले भनेको पूरै एउटा वाक्य मतिर हेरेर, ध्यान दिएर सुन्ने र बुझ्ने। त्यसपछि त्यो वाक्य लेख्ने। अनि अर्को वाक्य सुन्न मतिर हेर्ने। बुझ्यौ?'

उनीहरूले 'बुझ्यौं, सर!' भनेपछि मैले यही तरिकाले लेखाउन थालें। तर पुरानो बानी एकैचोटि कसरी सुध्रिन्थ्यो र? त्यस दिन उनीहरू अल्मलिइरहे। भोलिपल्ट पनि पूरै सुधार भएन। तर पर्सिपल्टदेखि नयाँ तरिकामा राम्रैसँग अभ्यस्त भए। म एउटा वाक्य एकचोटि मात्र भन्थें। शब्द वा वाक्य केही पनि दोहोऱ्याउँदिनथें।

श्रुतिलेखन पछि सबैले आ-आफ्नो पाना अथवा कापी मेरा सामु ल्याएर राखिदिन्थे। म एक-एक गरेर सबै हेर्थें र फर्काइदिन्थें। सबैजसोले

हिज्जेमा निकै गल्ती गर्थे, संयुक्त अक्षर पनि धेरैलाई राम्ररी लेख्न आउँदैनथ्यो, थुप्रैका अक्षर बेढङ्गे थिए, आकार पनि एकनासका थिएनन् । तर मैले कसैको पनि गल्ती औंल्याइनँ ।

उनीहरूले लेखेको जस्ताको तस्तै फर्काइदिएपछि धेरै जनाले सोध्न थाले- मैले लेखेको कति मिल्यो ? मेरो कति नम्बर ? उसको कति नम्बर ? कसको बढी नम्बर ? कसको कम नम्बर ?

मैले भनें, 'तिमीहरू सबैलाई लेख्न आउँछ । भोलि फेरि लेख्नू । पर्सि पनि लेख्नू । दिनदिनै श्रुतिलेखन गर्न थालेपछि अलिक दिनपछि राम्रो लेख्न थालिहाल्छौ नि ।'

'तर सर, नम्बर नि ?'

मैले भनें, 'हेर, तिमीहरूलाई म सधैं कथा सुनाउँछु । कथा सुनेको नम्बर पाएका छौ ?'

'छैन, सर ।'

'दिनदिनै खेल खेल्छौ । खेलेको नम्बर पाउँछौ ?'

'पाउँदैनौं; सर !'

'दिनदिनै मुख धुन्छौ, भात खान्छौ, खाजा खान्छौ । त्यसको नम्बर आउँछ ?'

'आउँदैन, सर !'

'तिमीहरूमध्ये कोही होचो छ, कोही अग्लो छ । त्यसको नम्बर पाएका छौ ?'

'छैन, सर !'

'तिमीहरू कहिलेकाहीं बजार जान्छौ । कहिलेकाहीं घुम्न जान्छौ । त्यसको नम्बर पाउँछौ ?'

'पाउँदैनौं, सर !'

'नम्बर नपाउने भए किन खेलेको, किन बजार गएको, किन घुम्न गएको त ?'

'रमाइलो हुन्छ नि त, सर !'

'हो, हाम्रो कक्षा पनि त्यस्तै हो। जे गर्ने, रमाइलोका लागि गर्ने। नम्बर पाउनका लागि नगर्ने। बुझ्यौ ?'

उनीहरू अलमल्ल परे। प्राय: सबै जना अपत्यारिलो भावले मतिर हेरिरहेका थिए। मैले भनें, 'नम्बर किन चाहियो ? जसलाई कविता आउँछ उसले भन्ने, जसलाई आउँदैन उसले याद गर्ने र अलिक दिन पछि लय हालेर भन्न जान्ने हुने। जसलाई खेल्न आउँछ उनीहरूले खेल्ने, जसलाई खेल्न आउँदैन उनीहरूले अरूको हेरेर सिक्ने र खेल्न थाल्ने। श्रुतिलेखनमा जसले राम्रो अक्षर लेखेको छ, उसको कापी हेरेर अरूले पनि राम्रो अक्षर लेख्न सिक्ने। मैले कसैलाई कुनै कुरा सोधें र उसलाई आउँदैन भने जसलाई आउँछ उसले जवाफ दिने। कसैलाई पनि आएन भने म भनिदिइहाल्छु। सबैले जानिहाल्छन्। भैगो नि ! नम्बर किन चाहियो ?'

उनीहरू झन् छक्क परे। आजसम्म कुनै पनि शिक्षकले उनीहरूसँग यस्तो कुरा गरेको थिएन। उनीहरूलाई कति अचम्म लागेछ भने एकछिन त कसैको बोली पनि फुटेन।

अन्त्यमा मैले भनें, 'हाम्रो कक्षा अरूभन्दा बेग्लै हुन्छ। अरूभन्दा अनौठो हुन्छ। नयाँ खालको हुन्छ। हामी नम्बर पाउन केही पनि गर्दैनौं। जे गरे पनि रमाइलोसँग गर्छौं। रमाइलोका लागि गर्छौं। यो त हाम्रो कक्षा हो नि। कसको कक्षा ?'

मैले 'हाम्रो कक्षा' मा जोड दिएपछि उनीहरूले एकैचोटि भने, 'हाम्रो कक्षा !'

'हाम्रो कक्षा कस्तो हुन्छ ?'

'अरूको भन्दा बेग्लै।'

त्यस दिनपछि विद्यार्थीले आफ्नो कक्षाप्रति बेग्लै र गौरवको भाव अनुभव गर्न थाले। 'हाम्रो कक्षा' भन्दा उनीहरूको अनुहारमा अनौठो चमक देखिन्थ्यो।

श्रुतिलेखनका सम्बन्धमा हप्ता दिनभित्रै मैले आवश्यक सुधार

गरिभ्याएँ । विद्यार्थीलाई हरेक दिन घरबाट कुनै पनि किताबका चार हरफ ठीकसँग सारेर ल्याउन लगाएँ । आफूले प्रत्येक दिन दश मिनेट श्रुतिलेखन गराउन थालें । कहिलेकाहीं उनीहरूमध्येबाटै एउटालाई भन्न लगाएर अरूलाई लेख्न लगाएँ । एक-अर्काले लेखेको हेर्न र आफ्नो गल्ती सुधार्न १५ मिनेट छुट्याइदिएँ । संयुक्त अक्षरको लेखाइमा अझै पनि समस्या थियो । मैले संयुक्त अक्षरहरूको एउटा सूची तयार पारें र उनीहरूलाई पालैपालो हेर्न तथा लेख्न दिएँ । लेख्ने तरिका सिकाएँ । त्यसैगरी, चौथो कक्षाका पाठ्यपुस्तकमा रहेका, कठिन हिज्जे भएका शब्दहरूको पनि सूची बनाएँ ।

दोस्रो हप्ता बितेर तेस्रो हप्ता लाग्दा नलाग्दै विद्यार्थीहरू रमाई-रमाई श्रुतिलेखन गर्ने भए । उनीहरूका अक्षर पनि राम्रा हुँदै गएका थिए, संयुक्त अक्षर पनि धेरै हदसम्म ठीक भएका थिए । हिज्जेमा हुने गल्ती पनि निकै कम भएको थियो ।

## । ३ ।

एक दिन म कथा भनिरहेको थिएँ । अचानक सँगैको कक्षाबाट 'ऐया, मरें नि ! मार्‍यो बाबा' भनेर चिच्याएको सुनियो ।

सबैका कान ठाडा भए । मैले कथा रोकेर महेशलाई भनें, 'हेर त, यसरी को कराएको हो ?, के भएको रहेछ ?'

महेशले हेरेर आएर भन्यो, 'पाँच कक्षाको जीवनलाई सरले पिट्नुभएको रहेछ ।'

मैले सोधें, 'किन ?'

'उसले भूगोलको पाठ कण्ठ गरेन अरे ।'

मैले फेरि सोधें, 'अनि किन पिट्नुपर्‍यो त ?'

अर्काले भन्यो, 'पाठ नघोकी आएपछि नपिटेर सरले के गर्नुहुन्छ त ?'

मैले भनें, 'तर कसैलाई घोक्दा पनि कण्ठ भएन भने के गर्ने ?'

'कण्ठ गर्नैपर्छ नि । रातभरि घोकेपछि किन कण्ठ हुँदैन ?'

'तर कसैलाई रातभरि घोक्दा पनि कण्ठ भएन भने ?'

महेशले भन्यो, 'कण्ठ नगरेपछि त सरहरूले पिटिहाल्नुहुन्छ नि ! नपिटेर के गर्ने त ? गाली गर्नुहुन्छ, पिट्नुहुन्छ, सजाय दिनुहुन्छ । त्यही त गर्ने हो नि !'

मैले भनें, 'ल ठीक छ । मैले पाठ दिएँ र तिमीहरूले कण्ठ पारेर ल्याएनौ भने तिमीहरूलाई पिट्नु कि नपिट्नु ?'

'नपिट्नू सर ! हामी त कण्ठ गरेर ल्याइहाल्छौं नि !' सबैजना एकैचोटि बोले ।

'रातभरि घोक्दा पनि कण्ठ भएन भने ?'

पूरै कक्षा अकमक्क पऱ्यो । एउटी केटीले भनी, 'सरले त्यही पाठ फेरि एकचोटि पढाउनू । त्यसपछि त हामीलाई आइहाल्छ नि !'

'पक्का हो ?'

'हो, सर । हामी याद गर्छौं । नपिट्नू ।' फेरि सबैले भने ।

'ठीक छ । अब फेरि कथा शुरु गरौं । होइन त ?' मैले भनें ।

तर विद्यार्थीहरूको दिमाग पाँच कक्षाको जीवनमै अल्झिएको थियो । महेशले भन्यो, 'जीवन यस्तो फटाहा छ, भोलि विद्यालयको भित्तामा पिट्ने सरको चित्र बनाउँछ र मनपरी फोहोरी कुरा लेख्छ । पहिले-पहिले पनि पिटाइ खाएपछि यस्तै गरेको थियो ।'

मैले भनें, 'त्यसो गर्नुहुँदैन । सरलाई त्यसो गर्नु राम्रो कुरा होइन ।'

विद्यार्थी भन्न थाले, 'तर सरहरूले पनि त उसलाई ज्यादै पिट्नुहुन्छ नि !'

'के गर्नुपर्छ त ?'

'पिट्नुहुँदैन ।'

मैले भनें 'पाठ याद नगरेपछि के गर्ने त ?'

विद्यार्थीको भनाइको सार थियो– जसले पाठ याद गर्न नै सक्दैन उसलाई बरु विद्यालयबाटै निकालिदिनू । पढ्नै नआउनेलाई बेकारमा पिटेर के फाइदा ? पिटेर पढ्न आउने भए त पिटाइ खाने जति सबै बुद्धिमान भइहाल्थे नि !

एउटाले भन्यो, 'जीवनलाई पढ्न मनै लाग्दैन । बाबुले जबर्जस्ती पढ्न पठाएको मात्रै हो। घरमा पनि ट्युसन राखिदिएको छ। पाठ याद गरेन भनेर ट्युसन सरले पनि पिट्छ । तर जीवनलाई मतलबै छैन । उसलाई जङ्गलमा खरायो समात्न र नदीमा डुङ्गा चलाउन मात्र मन लाग्छ । त्यस्ता काममा ऊ त उस्तादै छ ।'

अर्काले भन्यो, 'उसलाई सरले मात्र पिट्ने त हो नि ! अरू सबैलाई त उसैले पिट्छ । आफ्नै बाबुले भनेको पनि मान्दैन । जम्मै विद्यार्थी ऊदेखि डराउँछन् ।'

मैले सोधें, 'उसका बाबु के गर्छन् ?'

महेशले भन्यो, 'नदीमा डुङ्गा चलाउँछन् ।'

अनि मैले भनें, 'ल छोड । अब अघिको कथा सिध्याऊँ ।'

कथा सकिँदा घण्टी पनि बज्यो । म विद्यार्थीलाई दिइने सजाय र त्यसको परिणामबारे विचार गर्दै घर पुगें। मलाई कसैलाई सजाय दिनु थिएन, त्यसैले निश्चिन्त थिएँ ।

## । ४ ।

एक दिन शिक्षा अधिकारीकहाँ गएँ र भनें, 'विद्यालय आउँदा विद्यार्थी सफासुग्घर भएर आउनुपर्छ भनेर तपाईंले एउटा परिपत्र जारी गरिदिनुपर्‍यो। उनीहरूले सधैं सफा पोशाक लगाऊन्। टाई लगाउने भए धोएर सफा पारेर लगाऊन् । कपाल कोरेको होस् । हरेक हप्ता नङ काटून् र महिना-महिनामा कपाल पनि छाँटून् । टाँक चुँडिएको सर्ट र उधिएको पाइन्ट लगाएर कोही पनि स्कूलमा नआऊन्। सकेसम्म दिनदिनै

नुहाऊन्, नभए पनि दुई दिनमा एकपल्ट नुहाएर आऊन् । फोहोरी अनुहार र फोहोरी हातखुट्टा लिएर विद्यालय नआऊन् ।'

उनले शान्तिपूर्वक मेरा कुरा सुने र भने, 'के भयो ? तपाईंले भन्दा अभिभावकले सुनेनन् ?

मैले भनें, 'धेरैचोटि सम्झाइसकें तर कसैले कुरै सुन्दैन । कोही भन्छ– केटाकेटीमा हामी पनि यसैगरी विद्यालय जान्थ्यौं । कोही भन्छ– यो दिनदिनैको झन्झट नबोकाउनोस् न । तपाईंको काम पढाउने हो, पढाउनोस्, भइहाल्यो नि ! म त भन्दा भन्दा थाकिसकें । फोहोरी विद्यार्थीलाई पढाउन मनै लाग्दैन ।'

उनले भने, 'तपाईंको कुरा एकदम ठीक हो । केटाकेटीदेखि नै राम्रो संस्कार र अनुशासन भएन भने बालबालिकाको व्यक्तित्व विकास हुँदैन । तर हाम्रो समाज नै यस्तै छ, के गर्ने ?'

'त्यसो भए तपाईं मैले भनेजस्तो परिपत्र जारी गर्न सक्नुहुन्न त ?'

'परिपत्र त जारी गरिदिउँला । तर कसैले पालना गरेन भने के गर्ने ?'

'किन ? त्यस्ता विद्यार्थीलाई विद्यालयबाट निष्कासन गरिदिए हुँदैन ?'

'के भन्नुभएको तपाईंले ? त्यसपछि कस्तो बवाल मच्चिन्छ, तपाईं अनुमान पनि गर्न सक्नुहुन्न । मैमाथि कारबाही हुन सक्छ ।'

'त्यसो भए के गर्ने त ?'

'छोडिदिनोस् यार, जस्तो छ त्यस्तैमा पढाउनोस् ।'

'त्यस्तो त कहाँ हुन्छ ?', मैले भनें, 'तपाईंले नगरे आफ्नो कक्षाभित्र जति हुन सक्छ त्यति त म गर्छु गर्छु । केटाकेटीलाई सफासुग्घर हुने बानी बसाल्छु । मौका पाएँ भने यसबारे सार्वजनिक अभियान पनि चलाउँछु । आखिर, जे भने पनि केटाकेटीलाई फोहोर राख्नु रोगहरू निम्त्याउनु पनि त हो !'

उनले भने, 'ठीक छ । जसो गर्न मन लाग्छ, गर्नुहोस् । प्रयोग गर्न भनेरै त आउनुभएको छ । तर तीन महिना बित्न लागिसक्यो नि, ख्याल गर्नुहोला ।'

उनलाई नमस्कार गरेर म फर्कें। अनि आफ्नै खर्चबाट दुइटा कुचो, एउटा ठिक्कको ऐना, एउटा काइँयो, दुइटा स-साना तौलिया र एउटा सानो कैंची किनें।

विद्यालयको धारामा दिनभरि पानी आइरहन्थ्यो। आफूले किनेका सबै कुरा लिएर भोलिपल्ट म कक्षामा पुगें, विद्यार्थीभन्दा पहिले नै। कक्षा शुरु भएपछि ऐना निकालें र विद्यार्थीलाई पालैपालो आ-आफ्नो अनुहार हेर्न लगाएँ। भनें, 'हेर, तिमीहरूलाई आफ्नो अनुहार, नाक, गाला, कपाल, फोहोर जस्तो लाग्छ भने बाहिर धारामा गएर सफा गर। हात-खुट्टा पनि धोऊ।'

उनीहरू मेरा कुरा मान्न थालिसकेका थिए। मैले जे गरे पनि उनीहरूको भलाइका लागि गर्छु भन्ने उनीहरूलाई विश्वास हुन थालेको थियो।

सबैजना एकैचोटि हा-हा, हु-हु गर्दै बाहिर निस्के र धारामा ठेलाठेल गर्न थाले। धारामा देखिएको दृश्यले मलाई एकछिन निराश तुल्यायो। जति भने पनि उनीहरूको जङ्गली पारा वेला-वेलामा प्रकट भइहाल्थ्यो। मनमनै उपाय सोचें। अनि एउटा लट्ठीले भुइँमा लामो धर्सो कोरेर भनें, 'सबैजना यो धर्सोमा लाम लागेर उभिऊ। पालैपालो धारामा जाने।'

उनीहरू लाम लागे। म धारा नजिकै दुवै हातमा एक-एकवटा तौलिया लिएर उभिएँ। केटाकेटीहरू हात-मुख धोइसकेपछि पालैपालो त्यसले पुछ्न थाले।

विद्यालयमा यस्तो काम पहिलोपल्ट हुँदै थियो। त्यसैले अरू कक्षाका विद्यार्थी र शिक्षक मात्र होइन, केही बटुवा पनि उभिएर यो दृश्य हेरिरहेका थिए।

हात-मुख धोएर कक्षामा पसेपछि ऐना र काइँयो दिएर मैले भनें, 'अब पालैपालो कपाल कोर।'

त्यसपछि म पनि उनीहरूसँगै गएर बसें। अनि हात अगाडि राख्न लगाएर भनें, 'हेर, अब तिमीहरूका हात कति सफा भएका छन्। खुट्टा

कति सुग्घर भएका छन्। तिमीहरूको अनुहार कति राम्रो देखिएको छ। तिमीहरूलाई राम्रो हुन मन पर्छ कि पर्दैन ?'

आफ्नो अनुहार त उनीहरूले ऐनामा हेरिसकेकै थिए। साथीहरूको पनि अनुहार उज्यालो भएको देखेर दङ्ग परेका थिए। सबैले एकैचोटि भने, 'मन पर्छ, सर !'

मैले भनें, 'त्यसो भए हरेक दिन विद्यालय आएपछि धारामा गएर हात-खुट्टा र मुख धोएर सफा हुनू; अनि कक्षामा आएर कपाल कोर्नू। त्यसपछि अरू काम गर्ने। हुन्छ ?'

'हुन्छ, सर !' फेरि पनि सबैले भने, बडो उल्लासका साथ।

त्यस दिन मलाई साह्रै राम्रो लाग्यो। मन प्रसन्न भयो। मैले भनें, 'अब एउटा कविता भन्ने।' मेरो मुखबाट अनायास एउटा प्रार्थना निस्कियो। त्यसमा विद्यार्थीले मलाई साथ दिन सकेनन्।

नङ काट्ने काम बाँकी थियो। कपडा सफा गर्ने र टाँक लगाउने काम त झन् बाँकी छँदैथियो। तर त्यसवेला मैले त्यो कुरा उप्काइनँ। अरू कामतिर लागें।

## । ५ ।

इतिहास पढाउने आधार मैले विभिन्न कथाहरू जोरेर तयार गरिसकेको थिएँ। अब गीत र लोकगीतबाट कविता पढाउने खाका तयार पार्न थालें। धेरै सोचविचार गरेर म के निधोमा पुगेको थिएँ भने शुरुका ६ महिनामा आधारभूत काम गर्छु र त्यसपछिको अवधिमा विधिवत् विषयवस्तुको ज्ञान दिन्छु।

अलिक नयाँ र रमाइलो कुरा पाए भने विद्यार्थी प्रसन्न हुन्छन् र उत्साहित पनि। मैले उनीहरूलाई भनें, 'अब हामीहरू गीत गाउने। पहिले म गाउँछु, त्यसपछि मसँगै तिमीहरू पनि गाउनू।'

मैले 'हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा...' भाकाको गीत गाएँ।

तर मसँग कसैले गाउन नै सकेन । म छक्क परें । चार कक्षाका विद्यार्थीले यति पनि गाउन नसक्ने ? तर उनीहरूलाई गीत गाउने बानी नै थिएन । त्यसपछि मैले अर्को त्यस्तै तर अलि बढी चलेको 'हिमालको काखमा छ सानु मेरो गाउँ...' शैलीको गीत शुरु गरें ।

यसपालि भने उनीहरूले अलिअलि गाए ।

एकैछिनमा बत्तीसै जनाले रमाएर गाउन थाले । उनीहरूको स्वर कक्षाकोठाबाट निस्केर बाहिर, टाढासम्म गुञ्जिन थाल्यो ।

अर्को कक्षाबाट एकजना शिक्षक आए र भन्न थाले, 'बन्द गर्नोस् यार, यो गीत-सीत । हामीले पनि त पढाउनुपर्छ नि ! यहाँको हल्लाले केही सुनिँदैन ।'

अर्का शिक्षक पनि प्रकट भएर छेड हान्न थाले, 'शङ्कर सरलाई त के छ र, प्रयोग भनेर जे गरे पनि भइहाल्यो । आपत त हामीलाई पो छ । प्रयोग सफल भयो भने शिक्षा अधिकारीले हामीलाई पनि त्यस्तै गर भनेर दिमाग चाट्छन् । असफल भयो भने उहाँ त झोली-तुम्बा उठाएर हिँडिदिनुहुन्छ, अनि यसपालि भाँडिएका विद्यार्थी अर्को वर्ष हाम्रो थाप्लामा पर्छन् !'

यत्तिकैमा प्रधानाध्यापक आइपुगे । उनले भने, 'शङ्कर सर, यो कुनै सङ्गीत पाठशाला त होइन नि, गीतको अभ्यास गरेर अरूलाई हैरान पार्ने । प्रयोग भनेर यसरी अरू कक्षालाई असजिलो पार्ने काम गरिदिनु भएन !'

उनीहरू फर्केपछि मैले सोचें, 'क्या फसाद ! यहाँ गीतको अभ्यास पनि गराउन नपाइने भयो । केही छैन, नदी किनारतिर घुमाउन लगेर त्यहाँ अभ्यास गराउँला । अहिले चाहिँ एक्लै गीत गाएर सुनाउँछु ।' अनि केटाकेटीलाई भनें, 'अब म गाउँछु, तिमीहरू सुन है त !'

मैले 'ढर्र ढम्म, ढर्र ढम्म बज्न थाल्यो बाजा...' भाकाका दुइटा गीत गाएँ । मेरो स्वर शायद गधालाई पनि बिर्साउने खालको थियो । तैपनि लय चाहिँ बिग्रिन पाएन । जसैतसै गाइसिध्याएँ । स्वर जस्तो भए

पनि मैले अभिनयपूर्वक गाएको थिएँ; त्यसैले केही विद्यार्थीलाई त्यो मन परेछ । उनीहरू भन्न थाले, 'सर, एकपल्ट फेरि गाउनुहोस् न !'

तर मैले देखिरहेको थिएँ, कैयौं विद्यार्थीलाई गीत मन परिरहेको थिएन । उनीहरू आपसमा जिस्किँदै थिए, कोही चाहिँ मुन्टो तन्काएर झ्यालतिर हेर्दै थिए । मैले तिनीहरूलाई दुईवटा बेग्लै बेन्चमा बसाइदिएँ र भनें, 'तिमीहरू आफ्नो कापीमा मन लागेको चित्र बनाऊ ।'

मैले अर्को गीत गाएँ । विद्यार्थीको उत्सुकता बढ्यो । तेस्रो गीत गाएँ। त्यसलाई निकै मन पराए। दोहोऱ्याएर गाउनुपऱ्यो। बेग्लै बेन्चमा बसाइएकाहरू पनि चित्र बनाउन छोडेर गीत सुन्न थाले । चौथो गीत सकिएपछि फेरि पहिलो गीत गाउने फर्माइस आयो । मैले गाएँ । र भनें, 'आजलाई यत्ति । म तिमीहरूलाई दिनदिनै नयाँ नयाँ गीत गाएर सुनाउँला । तिमीहरूलाई पनि नदी किनारमा घुम्न लगेर गीत गाउन सिकाउँला । तर विद्यालयभित्र चाहिँ गाउँदै नहिँड्नू नि !'

त्यतिवेला त सबैले हुन्छ भनेका थिए । तर दुई-तीन दिन नबित्दै जताततै 'ढर्र ढम्म, ढर्र ढम्म...' को भाका सुनिन थाल्यो । मैले उनीहरूलाई फेरि सम्झाएँ । त्यतिवेलासम्म अरू कक्षाका विद्यार्थीले पनि 'ढर्र ढम्म, ढर्र ढम्म...' कै भाका दोहोऱ्याएर खुट्टा बजार्न थालिसकेका थिए ।

गीतको चर्चा विद्यालयभित्र मात्र होइन, गाउँमा पनि शुरु भएको थियो । 'पढाउन छोडेर गीत सिकाउने यो कस्तो मास्टर हो ?' गाउँलेहरू एक-अर्कासँग सोध्थे र जवाफ नपाएर चुप लाग्थे । धन्न यसपालि अभिभावकहरू विद्यालयमै धावा बोल्न चाहिँ आएनन् ।

गीत भन्दाभन्दै म बिस्तारै-बिस्तारै लय हालेर कविता सुनाउन थालेको थिएँ । प्रधानाध्यापकलाई भनेर 'हाफ टाइम' पछि विद्यार्थीलाई नदी किनारतिर घुमाउन पनि लैजान थालें । घुम्न पाउँदा उनीहरू झन् रमाए । यसो गर्दागर्दै विद्यार्थी १५-२० दिनमा पाँच-सातवटा गीत र आठ-दशवटा कविता लय हालेर स्वाद मानी-मानी गाउन सक्ने भए ।

दुई-चार जनालाई यसमा खासै रुचि थिएन । तर आफैं नगाए पनि साथीभाइले अभिनयपूर्वक गाएको देखेर तिनलाई समेत गीत र कविताहरू कण्ठस्थ भइसकेका थिए ।

कक्षा र नदी किनारमा भएको यो प्रगतिले मेरो दिमागमा थुप्रै योजना जन्माइदियो । मलाई लाग्न थाल्यो, अब म जित्छु । एकदिन सबैलाई चकित पारेरै छोड्छु ।

## । ६ ।

एक दिन हाम्रो विद्यालयमा एकजना साधु आए । उनको नाम स्वामी सच्चिदानन्द रहेछ । सबै शिक्षकलाई प्रधानाध्यापकले आफ्नो कोठामा बोलाए र उनको परिचय दिँदै भने, ‘स्वामीजी सारै राम्रो प्रवचन दिनुहुन्छ । सरकारले उहाँलाई विद्यालयहरूमा प्रवचन दिन नियुक्त गरेको छ । आज हाफ टाइमपछि उहाँले हाम्रो विद्यालयमा धार्मिक तथा नैतिक प्रवचन दिनुहुनेछ ।’

निर्धारित समयमा सबै कक्षाका विद्यार्थीलाई विद्यालयको सबैभन्दा ठूलो कोठामा भेला गराइयो । गोरो वर्ण, उज्यालो मुख-मण्डल, चम्किला आँखा, दुब्लो-पातलो शरीर, कपाल सिनित्त खौरेका, गेरु रङको कुर्ता र धोती लगाएका स्वामीजीको व्यक्तित्व विद्यार्थीहरूका लागि कौतूहलको विषय बनेको थियो ।

स्वामीजीले प्रवचन शुरु गरे- भाइबहिनी हो, यो सारा जगत् ईश्वरको सृष्टि हो । संसारमा सबैभन्दा ठूलो ईश्वर नै हो । विश्वको सृष्टि, स्थिति र प्रलय उसैको इच्छामा निर्भर हुन्छ । उसको इच्छाविना यहाँ एउटा पात पनि हल्लिँदैन ।...

म हेरिरहेको थिएँ, केही बेरसम्म त विद्यार्थी शान्त थिए तर बिस्तारै उनीहरूको धैर्यले सीमा नाघ्न थाल्यो । कोही जीउ तन्काउन थाले, कोही हाई गर्न, कोही निहुरिएर साथीलाई जिस्क्याउन त कोही किताब

पल्टाउन । कोही कापीमा अनेकथरी आकार कोर्न थाले, कसैका आँखा राता हुन थाले । एउटा कान्छी औंलो देखाएर शौचालयतिर लाग्यो । त्यसका पछि अर्को गयो, अनि अर्को, फेरि अर्को । १०-१५ जना बाहिर निस्केर कुरा गर्न थाले । प्रधानाध्यापकले बाहिर आएर कर्के आँखाले हेरेपछि उनीहरू भित्र त पसे, तर प्रवचन सुन्ने धैर्य र उत्साह उनीहरूमा थिएन ।

स्वामीजी एकनाससँग धाराप्रवाह प्रवचन दिइरहेका थिए । उनी साँच्चै गम्भीर कुरा भनिरहेका थिए। तर केटाकेटीका लागि त्यो 'भैंसीका सामु वेद पढेजस्तो' थियो । म सोचिरहेको थिएँ, यस्तो प्रवचनको के अर्थ ? यसबाट यी विद्यार्थीलाई के फाइदा हुन्छ ?

यसैबीच स्वामीजीले संस्कृतका केही श्लोक भने र तिनको अर्थ बुझाउन थाले । धेरै लामो व्याख्यापछि उनले ती श्लोक ब्ल्याकबोर्डमा लेखेर विद्यार्थीलाई आ-आफ्नो कापीमा सार्न लगाए । त्यसपछि भने, 'तिमीहरू सबैले यी श्लोक कण्ठ गर्नू। हरेक दिन बिहान उठ्नासाथ यी श्लोक पढ्नू र राति सुत्नुभन्दा अघि पनि पढ्नू। यसबाट तिमीहरूको बुद्धि बढ्छ, बल बढ्छ र तेज पनि वृद्धि हुन्छ ।'

बिचरा ती स-साना केटाकेटी ! तिनलाई किन चाहिएको थियो यो सब ? तैपनि तिनले चुपचाप श्लोकहरू आफ्नो कापीमा सारे र धैर्यपूर्वक प्रवचन सुनिरहे। म चाहिँ गम्दैथिएँ- पहिले आमाबाबुले धार्मिक प्रवचन सुन्थे र सोही अनुसार आचार-व्यवहार गर्थे । त्यसैबाट केटाकेटीले आचरण र व्यवहार सिक्थे । संस्कार पाउँथे । आजभोलि आमाबाबुकै आचरण ठीक छैन। घरमै संस्कार नभएपछि भुराभुरीलाई मात्र प्रवचन पिलाएर के फाइदा ?

यसैबीच प्रवचन सकियो र घण्टी पनि बज्यो। विद्यार्थी प्रफुल्लित हुँदै घरतिर दगुरे। शिक्षकहरू पनि स्वामीजीलाई नमस्कार गर्दै हिँडे । मैले भनें, 'स्वामीजी, आज राति मेरो घरमा भोजन ग्रहण गरौं न। म पनि शुद्ध शाकाहारी हुँ ।'

स्वामीजीले स्वीकार गरे । घर पुगेर हामी चिया पिउँदै कुरा गर्न थाल्यौं । उनले भने, 'आजभोलि धर्म र नैतिकता लोप हुँदै गएको छ । त्यसैले केटाकेटीलाई सानैदेखि यसको शिक्षा दिएर आस्तिक बनाउनुपर्छ ।'

मैले भनें, 'तर स्वामीजी, यिनीहरूको कलिलो दिमागले ईश्वर, आत्मा जस्ता कठिन कुराहरू कसरी ग्रहण गर्न सक्छ र ? तपाईंले देखिहाल्नुभयो होला, विद्यार्थीलाई प्रवचनमा कुनै रुचि थिएन, उनीहरू त्यहाँ जबर्जस्ती बसाइएका मात्र थिए ।'

'त्यो त हो । केटाकेटीलाई खेलकुद र कथा-कहानी नै मन पर्छ । तर, उनीहरूलाई मन नपरे पनि हामीले धार्मिक र नैतिक शिक्षा त दिनैपर्छ', स्वामीजीको तर्क थियो ।

मैले भनें, 'तर, धर्म र नैतिकता भन्ने कुरा कानले सुन्ने र श्लोक कण्ठ गरेर मुखले भट्याउने विषय त होइनन् नि ! यिनलाई त व्यवहारमा पो उतार्नुपर्छ । त्यसको पनि वेला आउँछ । यति साना कलिला बच्चालाई त्यसको प्रवचन दिएर तिनले के गर्नु ? के फाइदा हुन्छ तिनलाई ?'

स्वामीजी साँच्चै सरल स्वभावका थिए । ढोंगी र हठी थिएनन् । उनले भने, 'त्यसो भए तपाईं नै भन्नोस् न त, के गर्ने ?'

मैले भनें, 'मेरो विचारमा, यति साना बच्चाहरूलाई यस्तो प्रवचन नपिलाउनु नै राम्रो हो । उनीहरूलाई त यसवेला तन्दुरुस्त शरीर, स्वस्थ मन, निर्मल बुद्धि र कहिल्यै नथाक्ने क्रियाशक्तिको पो आवश्यकता छ ।'

'ठीक भन्नुभो । जो हरेक दृष्टिले स्वस्थ र बलवान हुन्छन्, आत्मबल पनि तिनैमा हुन्छ ।'

'मलाई त के लाग्छ भने, समय आएपछि मानिसमा धर्मप्रति स्वतः जिज्ञासा उत्पन्न हुन्छ । तर, यति सानै उमेरमा घरीघरी धर्मको प्रवचन सुनाएर प्रतिदिन श्लोक पाठ गर्नुपर्ने नियम लगाइदिएपछि उनीहरूमा जिज्ञासा होइन बरु एकखालको विकर्षण पैदा हुन सक्छ । धार्मिक कुराको

पनि महत्त्व छ, तर मान्छेको स्वाभाविक विकास नै रोकिने गरी त्यसलाई लाद्नु राम्रो नहोला !'

स्वामीजीले भने, 'तपाईं ठीक भन्नुहुन्छ । दिनदिनै प्रवचन दिँदा मलाई पनि यसबाट बच्चाहरू वाक्क हुन्छन् भन्ने लाग्न थालेको छ । तर मैले के गर्ने त ?'

मैले भनें, 'पाठ्यपुस्तकहरूमा नैतिक शिक्षा दिने खालका कतिपय कथा छँदैछन् । तिनै कथा र त्यस्तै खालका अरू कथा भनेर तिनको माध्यमबाट थाहै नपाई केटाकेटीमा नैतिकताको भावना विकसित गर्नु नै राम्रो हुन्छ । मलाई त यस्तै लाग्छ ।'

स्वामीजी 'हो त नि, हगि ?' भन्दै हाँसे । उनले भने, 'म प्रयास गर्छु ।'

यतिन्जेलमा खाना तयार भइसकेको थियो । खाना खाएर उनी फर्किए ।

नभन्दै अर्कोपल्ट आउँदा उनले पट्यारलाग्दो प्रवचन दिएनन् । मीठा-मीठा कथा सुनाए र एक-दुई सरल वाक्यमा त्यसको सार खिचे । केटाकेटीहरू नयाँ शैलीको प्रवचनबाट दङ्ग परे । भोलि-पर्सिपल्टसम्म पनि उनीहरूले 'यसो गर्नुहुँदैन, यसो गर्नुपर्छ' भनेको सुनिन्थ्यो ।

यसैबीच मैले सोचें, अब म यिनीहरूलाई इतिहास पढाउन थाल्छु ।

## । ७ ।

इतिहासको पाठ्यपुस्तक हेरें । त्यो पटक्कै चित्तबुझ्दो थिएन; न भाषा, न शैली, न रोचकता । त्यसमाथि साङ्गोपाङ्ग कुरा पनि नलेखिएको, न त कुनै घटनाको कारण र पृष्ठभूमि नै राम्रोसँग उल्लेख गरिएको । मलाई लाग्यो, यस्तो किताब पढाएर केही काम छैन ।

के गर्ने त ? सोचें– कथाकै माध्यमबाट इतिहास पढाउँदा कसो होला ?

विद्यार्थीहरूलाई कथा सुन्न रुचि छँदैथियो। तर मैले यतिन्जेल वेग्लै खालका कथा सुनाउँदै आएको थिएँ– प्रायः काल्पनिक, कुनै चाहिँ आधा सत्य घटनामा आधारित र आधा काल्पनिक। इतिहासमा त कल्पना मिसाउन भएन !

मैले एउटा कथा भन्न शुरु गरें। ऐतिहासिक घटनाहरूलाई जोडेर कथा बनाउँदै, सुनाउँदै गएँ। तर एकै छिनपछि केटाकेटी अत्तालिन थाले। तिनले मेरो कथालाई अस्वीकार गरे।

'सर, यो त कथा भएन।'

'यस्तो कथा नसुन्ने।'

'हिजो-अस्तिको जस्तो कथा भन्नोस् न, सर !'

'आज खेल्न जाने।'

'होइन, नदी किनारमा घुम्न जाने र गीत गाउने। हुँदैन, सर ?'

सबैले आएर मलाई घेरेर मेरा हात समातेर नदी किनारतिर डोऱ्याए। मैले अलिकति पनि नाइँनास्ति गरिनँ। नदी किनारमा पुगेपछि सधैँझैँ हामीले गीत गायौं। उनीहरू रमाए। यता मलाई चाहिँ, इतिहास पढाउन सक्तिनँ कि क्या हो भन्ने चिन्ताले घरीघरी घोचिरहेको थियो।

राति घर फर्केपछि सोचें, ऐतिहासिक सत्य र घटना मात्रै वर्णन गर्दा विद्यार्थीलाई रोचक हुँदोरहेनछ। इतिहासका घटनालाई आँखैले देखेर त कसले पो लेखेको हुन्छ र? त्यसमा अगाडि-पछाडिका स्वाभाविक कुरा कल्पनाले जोडेर कथा बनाउँदा पो अलिक रमाइलो हुन्छ कि ? कथा भनेपछि कथाजस्तो पनि त हुनुपऱ्यो नि ! भोलि यसै गरेर हेर्नुपऱ्यो !

भोलिपल्ट मैले कथा शुरु गरें, 'एउटा पहाड थियो। पहाडमा जङ्गल थियो। जङ्गलमा ठूलो गुफा थियो। गुफामा एकजना योगी बस्थे। उनी चमत्कारी थिए। जे पनि गर्न सक्थे। पानीमाथि पैदल हिँड्थे। अरूलाई सात दिन लाग्ने बाटो एकै दिनमा हिँडिसक्थे। केही नखाई महिना दिनसम्म बस्न सक्थे। उनका हजारजना चेला थिए। एकदिन उनको

गुफामा एकजना राजकुमार आइपुगे...'

विद्यार्थीहरू तत्काल कथाको जादूमा फँसे र तन्मय भएर कथा सुन्न थाले। कथा त मैले इतिहासकै घटनाको भनिरहेको थिएँ। तर त्यसका वरिपरि कल्पनाका रङ्गीन बुट्टाहरू पनि सजाइदिएको थिएँ।

त्यस दिन कथा सकिएन। दोस्रो दिन विद्यार्थीले अरू कुरा गर्न नै दिएनन्। 'चमत्कारी योगी, राजकुमार... अनि के भयो ?' उनीहरूमा उत्सुकता अटेसमटेस भएको थियो। दिनभरि लगाएर मैले कथा पूरा गरें।

त्यसपछि डराउँदै डराउँदै भनें, 'जसलाई यो कथा फेरि सुन्न मन लागेको छ, उभिऊ।'

एक-दुई जना होइन, सबका सब उभिएका थिए।

अनि, तेस्रो र चौथो दिन फेरि त्यही कथा दोहोऱ्याएँ। कोही खेल्न गएन, न त कसैले नदी किनार घुम्न जाने कुरा नै उठायो।

यसैबीच केही शिक्षकले शिक्षा अधिकारीलाई भनिदिएछन्– यो प्रयोगको सफलता-विफलता त एक वर्षपछि मात्र थाहा हुनेछ। प्रयोग सफल भएन भने तपाईंले शिक्षकलाई गाली पनि गर्नुहोला। तर त्यतिन्जेलमा यतिका केटाकेटीको एक वर्ष त बरबाद भइसक्छ नि !

तिनले त्यसो भनेकोमा मलाई अनौठो लागेन। तिनीहरूलाई म चिन्दथें। मेरा विद्यार्थी मसँग खुशी थिए तर तिनका विद्यार्थी तिनीहरूसँग असन्तुष्ट। तिनका विद्यार्थी कथा सुन्न चाहन्थे, पढाइमा ध्यान दिँदैनथे र उत्पात मच्चाइरहन्थे। त्यसको कारण मै हुँ भनेर ती शिक्षकहरू मसँग चिढिएका थिए। म भन्थें, 'तपाईंहरू आफ्नो बाटो हिँड्नोस्, म आफ्नो बाटो हिँड्छु। म प्रयोग पनि गर्छु, मिहिनेत पनि गर्छु र आफ्ना विद्यार्थीको पढाइ बिग्रन पनि दिन्नँ। मेरो आफ्नै तरिका छ। तपाईंहरूलाई मन पर्दैन भन्दैमा म आफ्नो प्रयोग बन्द गर्न सक्दिनँ !' यसबाट उनीहरू झन् चिढिन्थे।

एक दिन शिक्षा अधिकारी मेरो कक्षा हेर्न आए। मान्छे त असल नै

हुन्, तर दिनभरि जसो मैले कथा मात्र सुनाउने कार्यक्रम देखेपछि उनी पनि झ्वाँक्किए। भन्न थाले, 'यसरी विद्यार्थीले के पढ्छन्? जतिन्जेल कथा सुनाउनुहुन्छ, त्यतिन्जेल ठीक छ। त्यसपछि एउटा कानले सुनेको कुरा अर्को कानबाट निकालिदिन्छन्। इतिहास पनि कहीं कथा भनेर पढाइन्छ?'

उनको कुरा मलाई पनि ठिकै लाग्यो। सोचें– हो त नि, मुख्य-मुख्य कुरा त केटाकेटीलाई ठीकसँग याद हुनैपर्छ, नत्र इतिहासमा कसरी पास हुन्छन्? आखिर, परीक्षा त हुन्छ नै!

भोलिपल्ट मैले अर्कै प्रयोग गरें। योगी र राजकुमारको कथा फेरि भन्न थालें, तर अलिक फरक पारेर। केटाकेटीले कुरो पक्रिहाले। भन्न थाले– अस्ति त हजार जना चेला भन्नुभएको थियो, आज १० जना मात्र किन? अनि पानीमाथि पैदल हिँड्ने र एक महिनासम्म नखाई बस्न सक्ने कुरा त भन्नुभएन नि?

मैले मनमनै भनें, यिनीहरूले कथा राम्ररी बुझेका र पचाएका रहेछन्। मेरो हिम्मत बढ्यो। सोचें, अब यो कथा बिर्सँदैनन्। तर इतिहासको परीक्षाका लागि कल्पना मिसाइएको कथाको के काम?

त्यसपछि रातभरि लगाएर, इतिहास पढाउनका निम्ति भनेका कथा कापीमा उतारें र अर्को दिन कक्षामा विद्यार्थीहरूलाई पढ्न दिएँ। पालैपालो एकजनाले पढ्ने र अरूले सुन्ने गर्न लगाएँ। लामा-लामा वर्णनलाई छोटो पारेको थिएँ तर ठाउँ र साल-संवत् भने यथार्थ नै लेखेको थिएँ। कथा भन्ने र लेख्ने शैली त फरक भइहाल्छ। मैले त्यसबाट फाइदा उठाएँ। लेखेका कथा पनि विद्यार्थीले उत्तिकै रमाइलो माने। फाट्टफुट्ट दुई-चार कुरा नयाँ देखिए पनि त्यसले उनीहरूलाई छेकेन। त्यसपछि मैले तिनै कथा सूत्र रूपमा लेखें। अति सङ्क्षिप्त। एक-एक वाक्यमा एक-एकवटा घटना उनेर। नाउँ, ठाउँ, समय– सबै कुरा सही सही राखेर। अनि त्यो पनि विद्यार्थीलाई पढ्न दिएँ।

तिनले पढे। सूत्र रूपमा पढ्दा आफूले पहिले सुनेका कथा तिनको

दिमागमा नाच्न थाले। यही क्रममा थाहै नपाई सही नाउँ, सही ठाउँ र सही समय पनि तिनलाई याद भएछ। मलाई थाहा थिएन।

निकै दिनसम्म मलाई उनीहरूसँग प्रश्न सोध्ने हिम्मत आएको थिएन। सही जवाफ दिन सक्लान् कि नसक्लान्, के थाहा ? म बडो धरमरमा थिएँ।

एकदिन हिम्मत गरेर कथाका घटना, नाम, ठाउँ र समयका बारेमा सोध्न थालें। उनीहरूले मेरा हरेक प्रश्नको फटाफट जवाफ दिए। म त जिल्लै परें। खुशीको सीमा रहेन। मलाई विश्वास भयो, अब यिनीहरू परीक्षामा पास मात्र हुँदैनन्, बरु अहिले पढेको इतिहास परीक्षापछि पनि जिन्दगीभरि बिर्सने छैनन्।

अनि अर्को हप्ता शिक्षा अधिकारीलाई आफैंले बोलाएँ र इतिहासको परीक्षा लिन अनुरोध गरें।

परीक्षा लिँदा उनी पनि चकित भए। भन्न थाले, 'यो त गजबै भयो। अब अरू कक्षामा पनि इतिहास यसैगरी पढाउनुपर्छ।'

उनका शब्द सुनेर म आश्वस्त भएँ।

तर अझै पनि धेरै काम बाँकी थियो। चार महिना त बिती नै सकेको थियो ! तैपनि, यतिन्जेल जति सफलता मिलेको थियो, त्यसले मेरो उत्साह निरन्तर बढाउँदै ल्याएको थियो।

# ६ महिनापछि

## । १ ।

पहिलेदेखिको चलन अनुसार यस वर्ष पनि हाम्रो विद्यालयले निकै अघिदेखि समारोहको तयारी शुरु गरेको थियो। यसपटक शिक्षा विभागका महानिर्देशक आउन लागेका थिए। यसरी ठूला अधिकारीहरू आउने दिन विद्यालयले एउटा समारोह आयोजना गर्थ्यो जसमा विद्यार्थी लय हालेर कविता सुनाउँथे, संवाद प्रस्तुत गर्थे, कसरत गरेर देखाउँथे। राम्रो गर्ने विद्यार्थीलाई प्रमुख अतिथिले पुरस्कार दिन्थे। अरूलाई पनि केही न केही दिइन्थ्यो। त्यस दिन विद्यालयमा सबैलाई मिठाइ पनि बाँडिन्थ्यो।

सबै कक्षाका विद्यार्थीलाई एक ठाउँमा भेला गरेर प्रधानाध्यापक यस्ता विद्यार्थी छानिरहेका थिए, जो उनका दृष्टिमा राम्रो गाउन सक्ने, राम्रो बोल्न सक्ने र राम्रो बानी-व्यहोराका थिए। यसबारे मलाई पनि सूचना पठाइएको थियो। तर मेरो कक्षाका विद्यार्थी त्यो छनोटमा उपस्थित थिएनन्। प्रधानाध्यापकले मसँग यसको कारण सोधे। मैले भनें, 'मेरा विद्यार्थी यसमा भाग लिँदैनन्।'

'किन ?'

'यो सबै कार्यक्रम महानिर्देशकलाई खुशी पार्न र उनको प्रशंसा पाउन गर्न लागिएको हो। होइन त ?'

'हो; तर यो त हाम्रो पहिलेदेखिकै चलन हो। शिक्षा अधिकारीले पनि यस्तै गर्ने भन्नुभएको छ।'

'होला। तर मलाई यो ठीक लागेको छैन। म यसमा भाग लिन्नँ। मेरो कक्षाका विद्यार्थीले पनि भाग लिने छैनन्।'

प्रधानाध्यापक आक्रोशित भए। उनले भने, 'त्यसो भए मैले शिक्षा अधिकारीलाई तपाईंको कुरा भन्नै पर्ने हुन्छ। तपाईं मलाई असहयोग गरिरहनुभएको छ... !'

मैले पनि जवाफ दिएँ, 'हुन्छ, सबै कुरा भन्नोस्। पछि म पनि उहाँलाई आफ्नो कुरा बुझाउने प्रयास गरौंला।'

'ठीक छ' भन्दै प्रधानाध्यापकले रिसको झवाँकमा तत्काल एउटा पत्र लेखे र पियनलाई पत्र बोकाएर शिक्षा अधिकारीकहाँ पठाए।

कार्यक्रमका लागि अन्य कक्षाका विद्यार्थीको छनोट भयो। श्याम र सुन्दरलाई संस्कृतका श्लोक सुनाउन, देवी र खेमकुमारीलाई कविता लय हालेर पढ्न, चम्पक र रमण तथा चन्द्र र समीरलाई संवाद प्रस्तुत गर्न अनि दश जना अग्ला, हृष्टपुष्ट विद्यार्थीलाई शारीरिक व्यायाम प्रदर्शन गर्न छानियो।

मलाई मनमनै एक किसिमको अत्यास लाग्यो। सोचें कस्ता प्रधानाध्यापक, कस्तो विद्यालय, कस्तो चलन ! यस्ता विद्यार्थी छानिएका छन् जसलाई त्यस विषयमा न रुचि छ, न त अभ्यास नै। श्याम र सुन्दरको गला सुरिलै छ, दुवै ब्राह्मण हुन् र घरमा धेरथोर संस्कृतको वातावरण छ; बस् यसैकारण उनीहरूलाई छानिएको छ। तर ती बिचराहरूलाई संस्कृतमा पटक्कै रुचि छैन र संस्कृतको एउटा श्लोक पनि कण्ठ छैन। पाठ्यपुस्तकमा भएका केही श्लोकसमेत तिनले कहिल्यै याद गर्न सकेनन्। अब श्लोक घोक्दा घोक्दा तिनीहरूको बिजोक हुन्छ। यो त तिनलाई सजाय दिएजस्तो पो भयो ! देवी र खेमकुमारी गीत त गाउँछन् तर तिनले कविता लय हालेर पढेको मैले कहिल्यै थाहा पाएको छैन। संवाद र शारीरिक व्यायाम बारे विद्यालयमा सिकाउने गरिएकै छैन। जबर्जस्ती अभ्यास गराएर प्रस्तुत गराइँदा यी विद्यार्थीले कस्तो महसुस गर्लान् ?

पत्र लिएर गएको पियन दुई घण्टा जतिमा फर्कियो र शिक्षा अधिकारीको नाम लिँदै मलाई भन्यो, 'आजै अफिसमा गएर उहाँलाई भेट्नोस् अरे ।'

म तुरुन्तै शिक्षा कार्यालय पुगेँ । शिक्षा अधिकारी मलाई देख्नासाथ बम्किए, 'होइन, तपाईंले के बेकाइदा गर्न लाग्नुभएको ? तपाईंको कक्षाका विद्यार्थीले कार्यक्रममा किन भाग नलिने ? कतिजना त राम्रा र चलाख पनि छन् । तिनलाई किन रोक्ने ? तपाईंले गर्न खोजेको के हो ?'

मनमा त म शान्त थिएँ, तर जवाफ चाहिँ उनकै भाकामा दिएँ, 'के राम्रा र चलाख विद्यार्थी अरूलाई मनोरञ्जन दिन बसेका हुन् ? तिनको काम भनेको अरूका अगाडि नाचेर-गाएर विद्यालयका लागि झूठो प्रशंसा दिलाइदिनु हो ?'

मेरो ठाडो जवाफ सुनेर उनको पारा अलिक ओर्लियो । भने, 'यो कुनै नयाँ कार्यक्रम होइन । वर्षौंदेखि चल्दै आएको हो । महानिर्देशक आउँदा यस्तै गर्ने चलन छ ।'

'माफ गर्नुहोला', मैले पनि अलिक नरम भाकामा भनें, 'चलन जहिलेदेखिको होस्, मेरो विचारमा यो ठीक होइन । हामीले यसलाई तोड्नैपर्छ । यो त ठाडै ढोंग हो र धोका पनि ।'

'धोका ? कसरी धोका भयो ?'

'हेर्नोस्, हामी महानिर्देशकलाई जे देखाउँछौं, त्यो विद्यार्थीलाई जबर्जस्ती रटाएर तयार पारिएको हुन्छ, हो कि होइन ? कैयौं दिनसम्म घोकाइन्छ, रिहर्सल गराइन्छ र बल्ल विद्यार्थीहरू त्यसलाई सुगाले झैं खरर्र भन्न सक्ने हुन्छन् । त्यो हाम्रो पढाइको सच्चा र स्वाभाविक परिणाम हुँदैन । यो सब गोरखधन्दामा उनीहरूको समय र शक्ति खेर जान्छ, पढाइ छुट्छ । त्यसमाथि, जुन विद्यार्थीलाई जुन कामका लागि आज छानिएको छ ती त्यसका लागि योग्य छैनन् । तिनीहरूलाई जबर्जस्ती तयार गर्नुपर्ने हुन्छ ।'

'तर यसमा धोका कसरी भयो त ?'

'यो सब देखाएर हामी महानिर्देशकलाई हाम्रा विद्यार्थी योग्य छन्, हाम्रो विद्यालय उत्तम छ, हाम्रो पढाइ उत्कृष्ट छ भन्ने प्रभाव पार्न चाहन्छौं। तर वास्तवमै हामी त्यस्ता छौं कि छैनौं, त्यो त हामी सबैलाई थाहै छ। नभएको कुरा जबर्जस्ती देखाउनु धोका नभए के हो त ?'

शिक्षा अधिकारी केही बोलेनन्। सोच्न थाले। मैले थपें, 'त्यति मात्र होइन, यिनीहरूले घोकघाक गरेर सुनाएका कुरा चित्त नै नबुझे पनि महानिर्देशकले खुशी भएको अभिनय गर्नेछन् र पुरस्कार दिँदै भन्नेछन्, "यी स-साना भाइबहिनीहरूले जस्तो योग्यता, बुद्धिमानी र लगनशीलताको परिचय दिएका छन् त्यसबाट म अत्यन्त प्रसन्न भएको छु। यिनीहरू भोलि गएर अवश्य पनि विद्वान र देशका सुयोग्य नागरिक बन्नेछन्। यिनीहरूलाई पुरस्कार दिन पाउँदा मलाई ज्यादै खुशी लागेको छ।" तर के, यस्ता कुरा उनको हृदयबाटै निस्कन्छन् ? यो सम्पूर्ण कार्यक्रम आफूलाई देखाउन हप्तौंसम्म रिहर्सल गरेर तयार पारेको हो भन्ने उनले बुझेका हुँदैनन् र ?'

शिक्षा अधिकारीले भने, 'तपाईंको कुरा त ठीक हो। तर सिद्धान्तका मात्र कुरा गरेर व्यवहार चल्दैन। हामीले व्यावहारिकतामा पनि ध्यान दिनुपर्छ।'

'ठीक छ। गर्नुहोस्। तर म यसमा भाग लिन सक्दिनँ। यस्तो ढोंगमा कसरी सहभागी हुने ?'

'यसबाट अर्को बवाल खडा हुन्छ। सोच्नोस् त, अरू शिक्षक र कर्मचारीले मलाई के भन्लान् ? मलाई कस्तो अप्ठ्यारो पर्ला ? मैले त तपाईंको कक्षाको प्रदर्शन देखेर महानिर्देशक झन् खुशी होलान् भन्ने सोचेको थिएँ। तर तपाईं त...'

मैले बीचैमा भनें, 'यो झमेलामा चाहिँ मलाई नफसाउनुहोस्। बरु महानिर्देशकलाई देखाउन आफ्नो कक्षाका तर्फबाट म छुट्टै कार्यक्रम तयार गरौंला। त्यसका लागि विद्यार्थीको पढाइ नबिग्रियोस्, समय बरबाद नहोस्, उनीहरूले मन नलागेको काम जबर्जस्ती गर्नु नपरोस्

भन्ने कुरालाई म पूरा ध्यानमा राख्नेछु । तपाईं उहाँलाई मेरो कक्षामा ल्याउनुहोला । मलाई विश्वास छ, मेरो कार्यक्रम तपाईं र उहाँ दुवैलाई चित्त बुझ्नेछ ।'

शिक्षा अधिकारीले एकछिन आँखा चिम्लेर, टाउको कुर्सीमा अड्याएर सोचे अनि मुस्कुराए र भने, 'ठीक छ, म प्रधानाध्यापकलाई एउटा पत्र लेखिदिन्छु, उनले तपाईंलाई यो कामबाट मुक्त राख्नेछन् । तपाईं आफ्नो तयारी आफ्नै सुरले गर्नुहोस् । तर उनलाई अलिकति पनि नचिढ्याउनुहोला । जे भए पनि प्रधानाध्यापक हुन् ।'

म मनमनै दङ्ग परेँ । उनलाई धन्यवाद दिएर घर फर्कें ।

• • •

आज विद्यालयमा अत्यन्त उत्साहका साथ समारोहको तयारी भइरहेको थियो । महानिर्देशक आउँछन् भनेर सबै दङ्ग थिए ।

विद्यार्थी, शिक्षक, अभिभावक र गाउँका जान्नेसुन्नेहरू विद्यालयमा भेला भइसकेका थिए । खासगरी मेरा सहकर्मी शिक्षकहरू बिहानैदेखि तयारीमा व्यस्त थिए । उद्दण्ड विद्यार्थीहरूलाई एउटा कोठामा लगेर प्रधानाध्यापकले बिहानै तर्साइसकेका थिए, 'एकदम शान्त, भलादमी, अनुशासित हुनू । अलिकति पनि बदमाशी गर्‍यौ भने भोलि सबलाई एउटा खुट्टामा उभ्याएर बेस्कन सिर्कनाले पिट्नेछु, बुझ्यौ ?'

तालीको गडगडाहटसँगै महानिर्देशकले प्रमुख अतिथिको आसन ग्रहण गरे । प्रधानाध्यापकले विद्यालयको प्रगति विवरण बुलन्द आवाजमा यसरी पढेर सुनाए, मानौं उनका खुट्टा कामिरहेको अरू कसैले देखेकै छैनन् । पढ्दापढ्दै उनी बीचबीचमा तनक्क तन्किन्थे । विवरण पढिसक्दा उनको कुर्ता पसिनाले भिजिसकेको थियो र घाँटी सुक्खा भइसकेको थियो । त्यसपछि कविता वाचन र संवादका कार्यक्रम प्रस्तुत गरिए । विद्यार्थीले साँच्चै सुगाले जस्तै कविता पढे । उनीहरूको अनुहारमा कुनै हावभाव

थिएन, न त आवाजमै उतारचढाव थियो। त्यसको कमी पूर्ति गर्न उनीहरू जोड-जोडले हात हल्लाइरहेका थिए। छानिएका कविता वास्तवमै राम्रा थिए तर विद्यार्थीले तिनको भाव र आशय बुझेका थिएनन्, त्यसमा रमाउन सकेका थिएनन्। नबुझी पाठ गरिरहेका र बुझ न सुझ अभिनय गरिरहेका थिए। संवादको हालत पनि यस्तै थियो। केटाकेटीको मुखमा नसुहाउने ठूलठूला दार्शनिक र उपदेशात्मक कुरा; उनीहरूले चिच्याई-चिच्याई, हात हल्लाई-हल्लाई भनेको दृश्य एकदमै पट्यारलाग्दो थियो। म मात्र होइन, स्वयम् महानिर्देशक समेत यसको अनुभव गरिरहेका थिए। त्यसैले मुसुमुसु हाँसिरहेका थिए। अन्य अधिकारी र अभिभावकहरूको अवस्था पनि यस्तै थियो।

मञ्चको कार्यक्रम सकियो। महानिर्देशकले विद्यार्थीहरूलाई धाप मार्दै पुरस्कार बाँडे, विद्यालयलाई धन्यवाद दिँदै भाषण गरे र भने, ‘विद्यार्थीको प्रगति देखेर मलाई खुशी लागेको छ।’

यत्तिकैमा शिक्षा अधिकारीले मतर्फ इशारा गर्दै उनलाई भने, ‘चौथो कक्षाका शङ्कर सर हजूरलाई केही देखाउन चाहनुहुन्छ। उहाँले कक्षाकोठामा त्यसको तयारी गर्नुभएको छ।’

महानिर्देशक मुन्टो हल्लाउँदै शिक्षा अधिकारीसँग मेरो कक्षातर्फ लागे। प्रधानाध्यापक र अन्य शिक्षक पछिपछि थिए। कक्षाकोठाको झण्डै बीचमा हामीले पर्दा टाँगेका थियौं। त्यसको सामुन्ने राखिएका कुर्सी र बेन्चमा उनीहरू बसे। अरू कक्षाका विद्यार्थीमध्ये केही तिनका पछाडि तथा दायाँबायाँ खाँदाखाँद गरेर उभिए र बाँकी चाहिँ झ्यालबाट चियाउन थाले।

म पर्दा पछाडि गएँ। तेस्रो घण्टीसँगै मैले पर्दा खोलें। बीचमा म उभिएको थिएँ र दायाँबायाँ मेरा विद्यार्थी। कक्षामा गाउने गरेको एउटा गीत गाएर हामीले अतिथिको स्वागत गर्‍यौं। सबैजना चुपचाप, शान्तिपूर्वक हेरिरहेका, सुनिरहेका थिए।

त्यसपछि विद्यार्थीले ‘अदालत जान्छु’ भन्ने नाटक शुरु गरे। एकजना

मुसो बनेको थियो। उसले कम्मरमा डोरी बाँधेर पुच्छर बनाएको थियो। टाउको कालो कपडाले ढाकेको थियो र चार हातखुट्टा टेकेर चुँ-चुँ गर्दै थियो । अर्को विद्यार्थी सूचिकार र अरू अर्को भरिया बनेको थियो । एकजना कलाकार बनेको थियो भने एउटी छात्रा साहुनी बनेकी थिई । एकजना न्यायाधीश बनेको थियो। म चाहिँ जुँगामा ताउ लगाएर प्रहरी बनेको थिएँ ।

सबै पात्रहरू सधैं लगाउने सामान्य पोशाकमा नै थियौं। सूचिकारले सियो-धागोको डिब्बा तथा कपडाको सानो कुम्लो र भरियाले हातमा नाम्लो बोकेका थिए । कलाकारले घाँटीमा मादल झुण्ड्याएको थियो । साहुनीका हातमा उसकी आमाले बोक्ने गरेको पुरानो ब्याग थियो । न्यायाधीश टेबुलमाथि गम्भीर भएर बसेको थियो। उसले टोपी र चश्मा लगाएको थियो । मैले चाहिँ क्याप लगाएर हातमा सानो छडी बोकेको थिएँ । नाटकमा भाग नलिनेहरू दायाँबायाँ पङ्क्तिबद्ध भएर उभिएका थिए ।

हाम्रो मञ्च पनि एकदमै सामान्य थियो। सामुन्ने भित्तामा ‘स्वागतम्’ लेखेको कागज टाँसिएको थियो । त्यसमुनि ब्ल्याकबोर्डमा आज प्रस्तुत गरिने कार्यक्रमहरूको सूची थियो । कोठा बढारेर सिनित्त पारिएको थियो। भित्तामा आँप र पिपलका पात सजाइएका थिए। भुईंमा विभिन्न रङका चकले बुट्टा बनाइएको थियो। बस् !

पहिलो नाटक सकियो। विद्यार्थीहरूले एकदमै सहज ढङ्गमा आफ्नो भूमिका पूरा गरे। कसैले कुनै गल्ती गरेन। पर्दा पछाडिबाट खुसुक्क संवाद भनिदिने ‘प्रम्पटर’ हामीले राखेकै थिएनौं । कहीं गडबड हुन लागेजस्तो लाग्यो भने म नै, प्रहरीको भेषबाटै, कुरा ठीक बाटोतिर डोऱ्याइदिन्थें । नाटक सबैले मन पराएर हेरे । बीचमा कसैले चुइँक्क पनि गरेन। खासगरी अरू कक्षाका विद्यार्थी त छक्कै परे।

त्यसपछि अरू तीनवटा स-साना नाटक खेलिए। एउटा छोटो प्रहसन पनि थियो। कक्षाका सबैजसो विद्यार्थीले कुनै न कुनै नाटक वा प्रहसनमा

भाग लिए । आ-आफ्नो कार्यक्रम सकिएपछि उनीहरू भित्तामा टाँसिएर उभिन पुग्थे भने अर्को कार्यक्रममा भाग लिनेहरू त्यहींबाट अगाडि आउँथे। आफ्नो भूमिकाका लागि चाहिने एउटा न एउटा कुरा उनीहरूले घरबाटै लिएर आएका थिए। त्यसबाहेक उनीहरू सधैंको भेषभूषामा, विना कुनै मेकअप प्रस्तुत भएका थिए । सम्पूर्ण कार्यक्रम मुख्यत: उनीहरूको सहज अभिनयमा आधारित थियो ।

अन्त्यमा सामूहिक गीत गाइयो । त्यसपछि मैले भनें, "हाम्रो कार्यक्रम शान्तिपूर्वक हेरिदिनुभएकोमा हामी तपाईंहरू सबैप्रति आभारी छौं । यो एउटा प्रयोग हो । यसबारे म तपाईंहरू समक्ष केही निवेदन गर्न चाहन्छु:

"यी सबै चौथो कक्षाका विद्यार्थी हुन् । जब मैले हामी पनि यो अवसरमा नाटक खेल्ने हो कि भनेर प्रस्ताव राखें, यिनीहरू सहर्ष तयार भए । बडो उत्साह र तत्परताका साथ तुरुन्तै नाटक चयन गरे । जुन जुन कथा यिनले कक्षामा सुनेका र पढेका थिए, नाटकका लागि तिनैमध्येबाट केहीको चयन गरिएको हो ।

"हामीहरू हरेक हप्ता विना कुनै पूर्व तयारी विभिन्न कथामा नाटक खेल्छौं। हाम्रो कक्षामा कुनै पनि कुरा घोकाइँदैन। आफूले सुनेको अथवा पढेको कथा विद्यार्थीलाई त्यसै याद हुन्छ। घटना के-के छन्, कुन पात्र कस्तो छ र त्यसले कतिवेला कोसँग कस्ता कुरा गर्छ भन्ने उनीहरूलाई राम्ररी थाहा हुन्छ । उनीहरूले कथा ठीकसँग बुझेका हुन्छन्, किनभने त्यसलाई रमाएर सुनेका र पढेका हुन्छन्। दोहोऱ्याई-दोहोऱ्याई। त्यसैका आधारमा एउटा कुनै पनि कथा चयन गरेर हामीहरू नदी किनारमा रमाई-रमाई नाटक खेल्छौं ।

"कसले कुन पात्रको भूमिका खेल्ने भन्ने तय हुनासाथ नाटक शुरु भइहाल्छ। कथा र प्रसङ्ग अनुसार सबैले आ-आफ्नो संवाद स्वत: बोल्दै जान्छन् । संवाद लेख्ने, घोक्ने, रिहर्सल गर्ने जस्ता कुरा यिनीहरूलाई थाहै छैन । आफ्नो भूमिका अनुसार अभिनय पनि स्वत: गर्दै जान्छन् ।

रङ्गमञ्च, दृश्य, भेषभूषा, सिंगारपटार जस्ता कुरातिर हामी बल गर्दैनौं। यसो गर्दा कथाको भाव अनुसार सम्पूर्ण रूपमा अभिनयमा डुब्न यिनीहरूलाई सजिलो हुन्छ। यसरी नाटक खेल्न यिनलाई साह्रै मजा आउँछ। त्यसै भएर यिनीहरूलाई कसैले स्याबासी पनि दिनुपर्दैन। आफ्नो कामबाट यिनीहरू आफैँ सन्तुष्ट र आनन्दित हुन्छन्।

"अहिले तपाईंहरूले देखेका नाटकहरूबाट पनि यसको अनुभूति गर्नुभयो होला। यी सबै नाटक विना कुनै रिहर्सल, सधैंझैं आज पनि खेलिएका हुन्। तपाईंहरूले जसरी शान्तिपूर्वक नाटक हेरिदिनुभयो, त्यसले हाम्रो उत्साह बढेको छ। यसका निम्ति तपाईंहरू सबैलाई म हार्दिक धन्यवाद दिन्छु।"

सबैले जोडदार ताली बजाए। मेरा कुरा सुनेर महानिर्देशकको अनुहार उज्यालो भएको मैले देखिरहेको थिएँ। तत्काल उभिएर उनले भने, 'चौथो कक्षाका यी विद्यार्थी र शङ्कर सरले अहिले जसरी हाम्रो मनोरञ्जन गर्नुभयो त्यसका निम्ति उहाँहरू सबैलाई म बधाई दिन्छु। उहाँहरूको काम साँच्चै अनौठो थियो। यी स-साना भाइबहिनीले संवाद नघोकी, नरटी, रिहर्सल नगरी आफ्नै इच्छा र उत्साहले विभिन्न पात्रको अभिनय गरेको कति स्वाभाविक थियो! कति प्रभावकारी थियो! यस्तो नाटक पो नाटक। बुझ न सुझ संवाद घोकेर र जबर्जस्ती अभिनय गरेर देखाइएको नाटक के नाटक? म त भन्छु, घोकन्ते विद्याले विद्यार्थीलाई ज्ञान दिँदैन, उनीहरूको व्यक्तित्वको विकास गर्दैन। त्यस्तो पढाइबाट केही फाइदा छैन। आजको जमानामा त विद्यार्थीलाई यसैगरी ज्ञान दिनुपर्छ, यसैगरी उनीहरूको आत्मविश्वास बढाउनुपर्छ। आजको नाटक हेर्दा मलाई ज्यादै आनन्द लागेको छ। यसका लागि म शङ्कर सरलाई फेरि बधाई दिन्छु। उहाँले भनेजस्तै यी भाइबहिनीहरूलाई स्याबासी अथवा इनामको आवश्यकता छैन। नाटक खेल्दा यिनीहरू जसरी रमाइरहेका थिए, त्यो नै यिनीहरूका लागि सबैभन्दा ठूलो इनाम हो।'

कार्यक्रम सकियो। सबैजना दङ्ग परेर घरतिर लागे।

शिक्षा अधिकारीको खुशीको सीमा थिएन । उनले महानिर्देशकसँग मैले गरिरहेको प्रयोगका बारेमा बताए । महानिर्देशकले मसँग हात मिलाउँदै भने, 'बधाई छ । तपाईंको प्रयोग ज्यादै राम्रो छ । यसलाई जारी राख्नुहोला । असली शिक्षा त यसैगरी दिन सकिन्छ, विद्यार्थीलाई जबर्जस्ती घोकाउनु बेकारै हो ।' उनले, मलाई 'प्रयोग' गर्न कक्षा जिम्मा दिएकोमा शिक्षा अधिकारीलाई पनि धन्यवाद दिए ।

महानिर्देशकका कुराले मेरो मन कति आल्हादित भयो र मैले कति गर्व महसुस गरें, तपाईं आफैं अनुमान गर्न सक्नुहुन्छ। म खुशीले गदगद भएको थिएँ । महानिर्देशकको प्रशंसा पाउनु सानो कुरा थिएन । तर खुशीको मुख्य कारण के थियो भने आज मेरो प्रयोगले मान्यता पाएको थियो । मेरो प्रयोगको परिणाम देखेर सबै चकित थिए । आलोचना गर्नेहरू अवाक् भएका थिए ।

फर्कने वेलामा शिक्षा अधिकारीले खुसुक्क मेरो कानमा 'साँझ मलाई भेट्नुहोला' भने । म उनीकहाँ पुग्दा उनी निकै प्रसन्न थिए । मलाई 'प्रयोग' गर्न दिएकोमा महानिर्देशकबाट पाएको प्रशंसाले उनको अनुहार प्रफुल्ल देखिन्थ्यो । म पुग्नासाथ चिया मगाएर, आरामकुर्सीमा अडेस लाग्दै उनले भने, 'साँच्चै भन्नुहोस् त, विद्यार्थीले नाटक घोकेका थिएनन् ?'

मैले भनें, 'अहँ । तपाईंलाई कस्तो लाग्यो र ?'

उनले भने, 'म त एकदमै खुशी छु। तर तिनीहरूले त्यो सब कसरी गरे होलान् ? त्यस्ता फुच्चेहरूले कति राम्रोसँग कुरा गरेका !'

मैले भनें, 'ठीक भन्नुभयो । मैले उनीहरूलाई थुप्रै कथा सुनाएको थिएँ। हरेक कथा उनीहरूलाई मन परेको थियो । उनीहरूले दोहोऱ्याई दोहोऱ्याई सुनाइमागेका थिए। कथा र त्यसका पात्रहरूमा उनीहरू डुबेका थिए। आफू पनि त्यस्तै भएको अनुभूति गर्न थालेका थिए। नाटक खेल्दा त्यसैलाई आफ्नो पारामा प्रकट गरेका त हुन् नि !'

'तर उनीहरूलाई अभिनय चाहिँ कसले सिकायो ?'

'कसले सिकाउनु ? हामी हरेक हप्ता नाटक खेल्छौं । उनीहरूसँगै म पनि खेल्छु । म आफ्नो पात्रको हाउभाउ उनीहरूका सामु आफ्नो पाराले प्रस्तुत गर्छु । उनीहरू पनि आफ्नो पात्रको हाउभाउ त्यसैगरी प्रस्तुत गर्छन् ।'

'तर कसैले नसिकाई, रिहर्सल नगरी, यस्तो कसरी हुन्छ ? मैले त बुझ्नै सकिनँ ।'

'ए हजूर, विद्यार्थीका आँखा र दिमाग त खुलै रहन्छन् नि ! उनीहरू मुसा, बिराला, कुकुर, गाई, भैंसी जस्ता जनावर अनि सूचिकार, कुमाले, हुलाकी, पुलिस, व्यापारी जस्ता मानिसहरूलाई दिनदिनै देख्छन् । अझ कतिले त तिनीहरूसँग आफैँ बोलचाल र व्यवहार पनि गरेका हुन्छन् । ईश्वरले उनीहरूलाई पनि कल्पनाशक्ति दिएको छ, त्यसैले अनुभव र कल्पनालाई मिलाएर अभिनय गर्छन् । जस्तो ठीक लाग्छ त्यस्तै गर्छन् । ती आफ्ना परीक्षक पनि आफैं हुन्छन्; आफ्नो अभिनय र प्रस्तुतिलाई स्वयम् सुधार्दै लैजान्छन् ।'

'तर पनि यो निकै गम्भीर र अप्ठ्यारो प्रक्रिया त हो नि !...'

मैले भनें, 'ठीक भन्नुभयो। तर विद्यार्थीहरूलाई कुन प्रक्रिया अन्तर्गत आफू काम गरिरहेको छु भन्ने कहाँ थाहा हुन्छ र ! मैले पो उनीहरूको अभिनयसँग सम्बन्धित कार्यव्यवहारलाई छुट्याएर तपाईंलाई बताएको । उनीहरू त आनन्दका लागि अभिनय गर्छन् र नाटक खेल्छन्, बस् !'

उनले भने, 'ठीक छ । मैले बुझें । तर आज त तपाईंले साँच्चै गज्जब गर्नुभयो। महानिर्देशक एकदमै खुशी भएका छन्। फर्कंदा बाटामा पनि तपाईंको प्रशंसा गर्दै थिए ।'

मैले भनें, 'यो मेरा लागि पनि खुशीको कुरा हो। तर उनी खुशी नभएका भए पनि हाम्रो नाटकको काम चलिरहने थियो ।'

'तर तपाईंले त यस्तो प्रयोगका बारेमा मसँग कहिल्यै कुरा गर्नुभएन। प्रधानाध्यापक र अरू शिक्षकलाई पनि थाहा थिएन कि क्या हो ?'

'ठीक भन्नुभयो। मैले उनीहरूलाई यसबारे कहिल्यै बताएको थिइनँ। किनभने उनीहरूका दृष्टिमा यो सब व्यर्थको कुरा हो । उनीहरू त अर्धवार्षिक परीक्षाका लागि पाठ्यक्रम सिध्याउनमै व्यस्त रहन्थे ।'

उनले भने, 'होला; तर उनीहरूले यसबारे कसरी सुइँकोसम्म पनि पाएनन् त ?'

मैले भनें, 'दिउँसो कार्यक्रममै भनिहालें नि; हरेक हप्ता, नदी किनारमा घुम्न जाँदा हामी अरू खेलसँगै नाटक पनि खेल्छौं । म एउटा तन्ना लिएर जान्छु। दुईजना केटाहरू त्यसलाई समातेर उभिन्छन् र तन्ना पर्दा बन्छ । एकातिर नाटक खेल्नेहरू हुन्छन्, अर्कातिर हेर्नेहरू ।'

'साँच्चै ?'

'हो त नि ! तपाईंलाई किन ढाँट्नु ?'

शिक्षा अधिकारीले उत्साहित हुँदै भने, 'म अब जिल्लाका सबै विद्यालयका सबै कक्षामा नाटकको कार्यक्रम राख्न लगाउँछु । महानिर्देशकलाई पनि यो खुब मन परेको छ । यसको सट्टा संवाद जस्ता कार्यक्रम हटाइदिए के फरक पर्ला र !'

मैले भनें, 'मलाई त यही ठीक लाग्छ । बाँकी तपाईंको विचार ।'

उनले भने, 'नाटक त म गराउँछु, गराउँछु । व्यर्थका संवाद घोकाउन र भट्याउन लगाएर के फाइदा ? म अलिक तिखो भएकाले मैले केटाकेटीमा त्यतिविधि संवाद रट्नुपरेन । तुरुन्तै कण्ठ हुन्थ्यो । तर अरूहरूको त संवाद रट्दा रट्दा बिजोक हुन्थ्यो । सुगारटाइले के हुन्छ ?'

म मनमनै मुस्कुराइरहेको थिएँ। सोच्दै थिएँ, 'महानिर्देशक आएको राम्रै भयो ।' मेरो प्रयोगमा आजको अनुभव पनि विशेष महत्त्वपूर्ण थियो ।

शिक्षा अधिकारीसँग बिदा भएर घर आएँ र खाना खाएर आनन्दसाथ सुतें ।

## । २ ।

अर्धवार्षिक परीक्षा नजिकै आउन लागेको थियो । अन्य कक्षामा निर्धारित पाठहरू पढाएर दोहोऱ्याउन पनि थालिसकिएको थियो। इतिहास, भूगोल, गणित र भाषाका पाठहरू घोक्न र घोकाउन सबै विद्यार्थी तथा शिक्षक व्यस्त थिए। पाठ्यक्रमको दृष्टिले हेर्दा मेरो कक्षा भने पूरै पछाडि थियो । पाठ्यपुस्तकका पाठ मैले पढाउन थालेकै थिइनँ । तैपनि; मैले आफ्नो कक्षालाई परीक्षा त दिलाउनै थियो ।

पढाएको, सिकाएको कुरा दोहोऱ्याउन मलाई थप समय चाहिनेवाला थिएन। मेरो कक्षामा जे हुन्थ्यो, त्यसलाई विद्यार्थी स्वयम् दोहोऱ्याइरहन्थे। मैले योजना नै त्यस्तो बनाएको थिएँ। उदाहरणका लागि, अन्ताक्षरी जस्ता खेलका माध्यमबाट उनीहरू सारा कविता बीचबीचमा दोहोऱ्याइरहन्थे । तिनको अर्थ र आशय उनीहरूलाई राम्ररी थाहा छँदैथियो । इतिहासको स्थिति पनि प्रायः यस्तै थियो ।

तर मैले भूगोल, गणित, व्याकरण जस्ता विषयलाई यतिन्जेल छोएको पनि थिइनँ । सोचें, अब भाषा, खासगरी व्याकरण पढाउन थाल्छु । व्याकरण रूखो र कठिन विषय मानिन्छ। यसमा विद्यार्थीलाई रुचि लाग्ने तत्व नै हुँदैन। त्यसमाथि चौथो कक्षाका कलिला विद्यार्थीलाई व्याकरणका नियम र परिभाषामा के आनन्द आओस् ? त्यसमा त्यस्तो कुन ठाउँ छ जहाँ पुगेपछि विद्यार्थीलाई स्वाद लागोस् ? मलाई त के लाग्छ भने, व्याकरणको शिक्षा अलि बढी उमेरका त्यस्ता विद्यार्थीलाई मात्र दिनु उपयुक्त हुन्छ जसले भाषामा चाख लिन थालेका होऊन् । कम्तीमा प्राथमिक तहका कक्षाहरूबाट त यो विषय हटाउनै पर्छ । जुन विषय विद्यार्थीले बुझ्नै सक्दैनन्, पढ्दा दिक्क लाग्छ, त्यस्तो विषय जबर्जस्ती किन थोपर्ने ? प्राथमिक तहमा सिकाउन सकिने ज्ञानका अन्य विषयहरू छैनन् र व्याकरणका नियम रटाउने ?

परन्तु म शर्तमा बाँधिएको थिएँ । परीक्षा हुने वेलासम्ममा मैले

आफ्ना विद्यार्थीलाई यो विषय राम्ररी सिकाइसकेकै हुनुपर्थ्यो। यति साना विद्यार्थीलाई व्याकरण पढाएर काम छैन भनेर म यो विषय हटाउन सक्दिनथें। अझ मैले त के पनि सिद्ध गर्नुथियो भने, व्याकरण जस्तो रूखो र कठिन विषयसमेत विद्यार्थीलाई रोचक तरिकाले राम्ररी सिकाउन सकिन्छ।

मैले व्याकरणको पाठ्यवस्तु पढें र के निर्णय गरें भने, कम्तीमा किताबमा सुझाइएको ढाँचामा पढाउँदिनँ। संज्ञा, सर्वनाम, क्रियापद आदिका परिभाषा रट्ने हो भने चाँडै कण्ठस्थ त हुन्छन् तर त्यति सजिलै बुझिँदैनन्। सानो छँदा जब मलाई यी कुरा पढाइन्थ्यो म केही बुझ्दिनथें, परिभाषाहरू घोकेर यादसम्म गर्थें। खररर परिभाषा सुनाइदिएपछि गुरुहरू पनि दङ्ग पर्थे। त्यो ढर्राले पढाउनुको कुनै अर्थ थिएन, तर प्रश्न थियो– व्याकरण पढाउने चाहिँ कसरी त?

धेरै विचार गरेर मैले एउटा योजना बनाएँ र त्यही अनुसार काम शुरु गरें। साँच्चै, विद्यार्थीलाई व्याकरणमा पनि मजा आयो। उनीहरूका लागि व्याकरण एउटा रमाइलो खेल हुनपुग्यो र एक महिनामै संज्ञा, सर्वनाम, विशेषण, क्रियापद र अव्यय छुट्याउन तथा तिनलाई वाक्यमा प्रयोग गर्न जान्ने भए। एकवचन र बहुवचन, स्त्रीलिङ्ग र पुलिङ्गको भेद पनि तिनीहरूले बुझे। म कर्ता र कर्मतर्फ लाग्ने विचार गर्दैथिएँ, एक दिन शिक्षा अधिकारी अकस्मात् मेरो कक्षामा आइपुगे।

त्यसवेला कक्षामा व्याकरणको खेल चलिरहेको थियो। एक छिन खेल हेरेपछि उनी अलमल्ल परे। भन्न थाले, 'हैन मित्र, केटाकेटीलाई किन तास खेल्न सिकाउनुहुन्छ? अर्धवार्षिक परीक्षा अगाडि आइसक्यो, पढाइतिर बल गर्नुहोस्। विद्यार्थी गुल्टिए भने अप्ठ्यारो पर्ला।'

मैले हँसिलो पाराले जवाफ फर्काएँ, 'मलाई त्यसको पूरापूर हेक्का छ। खेलमार्फत म यहाँ व्याकरण नै सिकाइरहेको छु। पत्यार नलागे यसो व्याकरणको परीक्षा लिइहेर्नोस् त!'

उनले विद्यार्थीहरूलाई दुई-चारवटा प्रश्न सोधे। फटाफट उत्तर

पाएपछि दङ्ग परेर मलाई भन्न थाले, 'ओहो, यो त ज्यादै उत्तम काम भएको रहेछ । यो सब कसरी भयो, तपाईंले मलाई विस्तृत रूपमा बताउनुपर्छ । तपाईं आफ्नो कक्षामा यति रोचक तरिकाले व्याकरण पढाउन सक्नुहुन्छ भने अरू जम्मै कक्षामा यही तरिकाले किन नपढाउने ? भोलि शनिबार छुट्टी छ । मकहाँ बिहानको खाना खानेगरी आउनुहोस् र बताउनुहोस्, तपाईंले कस्ता साधन र कस्ता उपाय प्रयोग गरेर के-के गर्नुभयो ?

• • •

भोलिपल्ट बिहानै म व्याकरण सिकाउन प्रयोग गरिएका सामग्री लिएर शिक्षा अधिकारीकहाँ पुगें । अनि आफ्नो योजना र प्रयोगबारे बताउँदै कार्डबोर्डका तास आकारका टुक्रा देखाएर भनें:

"हेर्नुहोस्, यो मेरो पहिलो साधन हो । यी कार्डबोर्डका टुक्रामा एकातिर पुलिङ्ग र अर्कातिर स्त्रीलिङ्गका शब्द लेखिएका छन् । तिनलाई 'पुलिङ्ग' 'स्त्रीलिङ्ग' भनेर चिनाइएको पनि छ । म यी कार्ड विद्यार्थीलाई पढ्न दिन्छु । तास फिटेजस्तै फिटेर पढ भन्छु । उनीहरू पुलिङ्ग, स्त्रीलिङ्ग भन्दै सबैलाई सुनाएर पालैपालो पढ्छन् । यो खेलबाट तिनले शब्दहरूको लिङ्ग र त्यसमा हुने फरकका बारेमा थाहा पाउँछन् । खेल्दाखेल्दै पुलिङ्गी शब्द कसरी स्त्रीलिङ्गी हुँदोरहेछ भन्ने पनि भेउ पाउँछन् ।

"दुई-तीन दिन यसरी खेलाएपछि मैले उनीहरूलाई सोधें, 'ल भन, गोरुको स्त्रीलिङ्ग के ?'

"उनीहरूले भने, 'गाई ।' 'सिंहको ?' 'सिंहिनी ।' 'केटाको ?' 'केटी ।' 'बूढाको ?' 'बूढी ।' 'कुकुरको ?' 'कुकुर्नी ।' 'राँगाको ?' 'भैंसी ।'

"मेरो यो प्रयोग सफल भयो । उनीहरूले प्राय: नबिराई जवाफ दिएका थिए । त्यसपछि मैले भनें, 'अब अर्को खेल खेल्ने । म ब्ल्याकबोर्डमा स्त्रीलिङ्ग लेख्छु, तिमीहरू त्यसको पुलिङ्ग लेख ।' म फटाफट

स्त्रीलिङ्ग शब्द लेख्दै गएँ, उनीहरू रमाई-रमाई पुलिङ्ग लेख्दै गए। आधा घण्टापछि उनीहरूको कापी हेरें, कसै-कसैले एक-दुई ठाउँमा मात्र गल्ती गरेका थिए।

"अर्को दिन मैले अर्कै प्रयोग गरें। कागजका पाँचवटा डिब्बामा पुलिङ्गका र अरू पाँचवटा डिब्बामा स्त्रीलिङ्गका शब्द लेखेर राखें। अनि विद्यार्थीहरूलाई भनें, 'हेर, नीला डिब्बामा पुलिङ्ग छन्, राता डिब्बामा स्त्रीलिङ्ग। तिमीहरू पुलिङ्गको स्त्रीलिङ्ग र स्त्रीलिङ्गको पुलिङ्ग खोजेर जोडा बनाऊ।' उनीहरू एउटा कुनामा राखिएको एउटा रङको डिब्बाबाट एउटा शब्द लेखेको कागज निकाल्थे र अर्को कुनामा राखिएको अर्को रङको डिब्बामा त्यसको जोडा खोज्न थाल्थे। जोडा मिलेपछि त्यसलाई मेरो टेबुलमा ल्याएर राख्थे। सबैको जोडा मिलेपछि सबै शब्द मिसमास पारिन्थ्यो अनि पुलिङ्गलाई नीलो डिब्बामा र स्त्रीलिङ्गलाई रातो डिब्बामा राख्ने खेल शुरु गरिन्थ्यो। त्यस दिन दिनभरि उनीहरूले यो खेल खुब रमाएर खेले।"

शिक्षा अधिकारीले भने, 'आ ! यो त एकदमै रमाइलो तरिका रहेछ। तर, नपुंसकलिङ्गका शब्द चिनाउन चाहिँ तपाईंले के गर्नुभयो ?'

"मैले भनें, पुलिङ्ग र स्त्रीलिङ्गका शब्द राम्ररी चिनेर तिनको जोडा बनाउन, पुलिङ्गको स्त्रीलिङ्ग र स्त्रीलिङ्गको पुलिङ्ग बनाउन जान्ने भएपछि मैले ब्ल्याकबोर्डमा केही शब्द लेखें– मेच, टेबुल, खाट, घर, गोठ, रूख, ढुङ्गा, माटो, फूल। अनि सोधें– यी कुन लिङ्गका शब्द हुन् ? उनीहरू तिनको लिङ्ग बताउन समर्थ थिएनन्। मैले भनें, 'यी शब्द नपुंसकलिङ्गका हुन्।' त्यसपछि ब्ल्याकबोर्डमा सबैभन्दा माथि लेखें, 'नपुंसकलिङ्गका शब्द।'

"एउटा विद्यार्थीले सोध्यो– तर नपुंसक भनेको के हो ?

"मैले भनें– जुन पुलिङ्ग पनि होइन, स्त्रीलिङ्ग पनि होइन, त्यो नपुंसक हो।

"केटाकेटीले केही बुझ्न लागे जस्तो देखियो। मैले तुरुन्तै भनें–

'आ-आफ्नो कापी खोल र एउटा पानामा तीन खण्ड बनाऊ।' सबैले धर्का तानेर तीन खण्ड बनाएपछि पहिलोमा पुलिङ्ग, दोस्रोमा स्त्रीलिङ्ग र तेस्रोमा नपुंसकलिङ्गका शब्द लेख्न निर्देशन दिएँ। अनि मैले ६० वटा शब्द लेखाएँ। अन्त्यमा उनीहरूको कापी हेर्दा म स्वयम् चकित भएँ। तीन-चारजना बाहेक सबैले सबै शब्द बिल्कुल ठीक ठाउँमा, ठीक खण्डमा राखेका थिए।

"उनीहरूले त्यति छिट्टै कुरा टिपेको देखेर म दङ्ग परें। मैले ठहर गरें– परिभाषा र नियमको चक्करमा पर्नुको सट्टा यसरी शब्दको परिचय गराउनु नै ठीक रहेछ। खेलको माध्यमबाट शब्दको रुप र भेदको परिचय गराइसकेपछि बिस्तारै उनीहरूलाई तिनको शास्त्रीय परिभाषा पनि बताउन सकिन्छ।"

उनको जिज्ञासा थियो– यसको सट्टा 'किन?' 'कसरी?' जस्ता प्रश्न सोधेर सिकाएको भए हुँदैनथ्यो?

मेरो तर्क थियो– त्यो फेरि पुरानै ढाँचा हुनेथियो, बुझ्नेभन्दा सिकाएको कुरा याद गर्न बल गर्ने। अब, यति भइसकेपछि चाहिँ उनीहरूको रमाइलोका लागि 'किन?' 'कसरी?' को प्रक्रिया पनि खेलका रूपमा अपनाउन सकिन्छ।

'अनि अरू के गर्नुभयो?'

'यसपछि मैले वचन सिकाएँ। एकवचन र बहुवचन। यसका लागि पनि त्यही प्रक्रिया अपनाएँ।'

'के अरे? वचन सिकाउन पनि खेल खेलाएको?'

'हो त। एउटा डिब्बाबाट एकवचनको शब्द निकाल्नेले अर्को डिब्बाबाट त्यसको बहुवचन खोजेर ल्याउँथ्यो र जोडा मिलाएर टेबुलमा राख्थ्यो। बहुवचनवालाले पनि यसैगरी जोडा मिलाउँथ्यो।'

उनले भने, 'यो पनि ठीक छ। अनि तपाईंले संज्ञा र क्रियापद आदि चाहिँ कसरी सिकाउनुभयो नि?'

मैले भनें, "ल सुन्नुहोस्। पहिले म क्रियापदतिर लागें। विद्यार्थी

पढ्न त जानिहाल्छन् । मैले उनीहरूलाई के भनें भने, 'म ब्ल्याकबोर्डमा जे लेख्छु, त्यो गर्नू । जसलाई इशारा गर्छु उसले गर्नू ।'

"अनि मैले ब्ल्याकबोर्डमा लेखें– उठ, बस, हिंड, सुत, पढ, लेख, नाच, हाँस, उफ्र, रिसाऊ, डराऊ आदि आदि ।

"यी तमाम क्रिया गर्दा विद्यार्थी खुब रमाए । उनीहरू भन्थे, 'अरू लेख्नुहोस् ।' म सोच्थें र लेख्थें, उनीहरू त्यो क्रिया गर्थे । अन्त्यमा मैले सबैभन्दा माथि लेखें, 'केही क्रियापद ।' उनीहरूले पढे– 'केही क्रियापद ।' त्यसपछि भनें, 'तिमीहरू जे जे काम गर्छौ, क्रिया भनेको त्यही हो । क्रिया अर्थात् काम । जसले क्रियालाई बुझाउँछ, त्यो क्रियापद ।'

"अर्को दिन मैले एउटा डिब्बा ल्याएँ । त्यसमा लेखिएको थियो– केही क्रियापद । मैले भनें– तिमीहरू पालैपालो यसबाट कागज निकाल र त्यसमा जे लेखिएको छ त्यही क्रिया गर । केटाकेटीहरू कागज निकाल्न थाले र विभिन्न क्रिया गर्न थाले । कोही उफ्रन्थ्यो, कोही बस्थ्यो, कोही हाँस्थ्यो, कोही रुन्थ्यो, कोही पढ्थ्यो, कोही लेख्थ्यो । एक घण्टा जति त्यो खेलमा रमाएपछि उनीहरूलाई मैले भनें, 'अब आफ्नो कापीमा १०-१० वटा क्रियापद लेखेर देखाऊ । उनीहरूले त्यो काम सजिलैसँग गरे । चार-पाँच जनाले मात्र गल्ती गरे ।

"त्यसपछि मैले अर्को खेल खेलाएँ । भनें, 'म तिमीहरूमध्ये कसैलाई कानमा खुसुक्क एउटा क्रिया गर्न भन्छु । उसले के गर्छ, त्यो अरूले मलाई भन्नू ।' मैले जीवनलाई कानमा भनें, 'हाँस ।' ऊ हाँस्न थाल्यो । अनि अरूलाई सोधें, 'जीवन के गर्छ ?' सबैले भने, 'हाँस्छ ।' फेरि सोधें, 'के गर्छ अरे ?' उनीहरूले फेरि भने, 'हाँस्छ ।' त्यति भएपछि मैले त्यो क्रिया उनीहरूलाई आ-आफ्नो कापीमा लेख्न लगाएँ । त्यसपछि 'अब आफैं बुझेर लेख' भनौं र पालैपालो २० जनालाई विभिन्न क्रिया गर्न लगाएँ । सबै क्रिया केटाकेटीले लेख्दै गए । अन्तिममा हेर्दा दुई-चारजना बाहेक सबैले सही लेखेका थिए ।

"भोलिपल्ट मैले मोहनलाई भनें, 'उभिऊ ।' ऊ उभियो । त्यसपछि

विद्यार्थीलाई सोधें, 'मोहनले के गऱ्यो ?' उनीहरूले जवाफ दिए, 'उभियो ।' मैले त्यही क्रियापद कापीमा लेख्न लगाएँ । यसैगरी पालैपालो एउटा विद्यार्थीलाई एउटा काम गर्न भन्ने र अरूलाई त्यो क्रिया कापीमा लेख्न लगाउने गरें । एकछिन पछि म खेलबाट अलग्गिएँ र सबै भूमिका केटाकेटीहरूलाई नै गर्न लगाएँ । हाफ टाइमसम्म बडो उत्साहसाथ उनीहरूले त्यो खेल खेलिरहे । यसरी रमाइलो-रमाइलोमै क्रियापदका भूतकालका रूपहरूसँग पनि उनीहरू परिचित र अभ्यस्त भए ।

"हाफ टाइमपछि मैले मनोहरलाई उभ्याएँ र कथाको एउटा किताब दिएर 'पढ' भनें । ऊ पढ्न थाल्यो । मैले अरूलाई सोधें, 'मनोहर के गर्छ ?' उनीहरूले भने 'पढ्छ ।' फेरि सोधें, 'मनोहर के गर्दैछ ?' सबैले भने, 'पढ्दैछ ।' अनि मनोहरबाट किताब लिएर सोधें, 'मनोहरले के गऱ्यो ?' सबैको जवाफ थियो, 'पढ्यो ।' यो क्रम पनि निकैबेर चल्यो । यसमा भने एउटाले पनि गल्ती गरेन ।

"त्यसपछि मैले उनीहरूलाई भनें, 'तिमीहरूलाई जे जे क्रियापद आउँछ त्यो सबै कापीमा लेख । जस्तो जस्तो रूप आउँछ, त्यस्तो त्यस्तो लेख ।' उनीहरूले कापी खोले र आए जति क्रियापद लेख्न थाले । भूतकाल र वर्तमानकाल मात्र होइन, केहीले त भविष्यत्कालका रूप पनि लेखेका थिए । गल्ती गर्नेहरू पनि नभएका होइनन्, तर लेख्दै नलेख्ने चाहिँ एउटा पनि थिएन ।

"अन्त्यमा मैले ब्ल्याकबोर्डमा दशवटा वाक्य लेखें र उनीहरूलाई कापीमा सार्न लगाएँ । त्यसपछि भनें, 'अब यी वाक्यबाट क्रियापद बाहेक अरू सबै कुरा काटिदेऊ । पालैपालो भन्न लगाउँदा थाहा भयो, सबैले बिल्कुल सही गरेका रहेछन् । यत्तिकैमा घण्टी बज्यो ।"

शिक्षा अधिकारीको भनाइ थियो, 'यसरी खेल खेलाएर पढाउँदा उनीहरूले कुरो त बुझ्छन् होला र याद पनि रहन्छ होला । तर समय धेरै लाग्छ र खेल पनि धेरै खालका खेलाउनुपर्ने हुन्छ ।'

मैले भनेँ, 'खेल खेल्नमै त विद्यार्थीलाई आनन्द आउँछ नि । खेलकै

कारण उनीहरूले थाहै नपाई कुरो बुझ्छन् र पछिसम्म पनि बिर्सँदैनन् । समय अलिकति बढी लागे पनि परिणाम राम्रो र स्थायी हुन्छ भने फाइदै भएन र ?'

'हो' को भाकामा मुन्टो हल्लाउँदै उनले भने, 'ल ठीक छ । अब भन्नोस्, संज्ञा अर्थात् नाम सिकाउन चाहिँ तपाईंले के गर्नुभयो ?'

मैले बेलिबिस्तार लगाएँ, "नाम सिकाउन पनि लगभग उस्तै तरिका अपनाएँ । सर्वप्रथम त पाँच सय जति नामहरू कागजका टुक्रामा लेखेर छुट्टै एउटा डिब्बामा राखें । यो तयारी गरेपछि एकदिन बिहान विद्यार्थीलाई भनें, 'हेर, अब तिमीहरूले केही चिज ल्याएर मेरो टेबुलमा राख्नुपर्छ । के ल्याउने भनेर म भन्दिनँ । नाम भएको जुनसुकै चिज ल्याए पनि हुन्छ । पहिले त्यसलाई 'तिम्रो नाम के हो ?' भनेर सोध्ने । उसले भनेन भने आफैं भनिदिने । अनि त्यसलाई लिएर आउने ।'

"केटाकेटीले तुरुन्तै कुरा बुझे । उनीहरू चारैतिर छरिए । एउटाले बाहिर गएर ढुङ्गालाई सोध्यो, 'ए तेरो नाम के हो ?' अनि आफैं जवाफ दियो 'ढुङ्गा ।' त्यसपछि 'ल हिंड्' भन्यो र ढुङ्गो बोकेर कक्षामा आयो । त्यसैगरी कागज, किताब, कापी, कलम, पात, किला, कप, गिलास, चक, डस्टर आदि जे जे भेट्छन्, लिएर आउन थाले । यो खेल उनीहरूलाई झन् मन पर्‍यो । कसै-कसैले कक्षा बाहिरबाट कुर्सी, तगारो र कुकुर पनि घिसार्दै ल्याए । एउटाले तीन कक्षाको एकजना विद्यार्थीलाई नै लिएर आयो । 'यो के गरेको ?' भनेर सोध्दा उसले जवाफ दियो, 'यसको नाम हरि हो नि !' एउटी केटी भन्दै थिई, 'रूखलाई कसरी ल्याउने सर ?'

"एक घण्टा जति यो खेल चलेपछि मैले नामहरू राखेको डिब्बा खोलें । अनि विद्यार्थीलाई पालैपालो कागजका १०-१० वटा टुक्रा निकाल्दै पढ्न भनें । उनीहरू धमाधम नाम पढ्न थाले । त्यसपछि मैले क्रियापदको डिब्बालाई नामको डिब्बामा घोप्ट्याइदिएँ । नाम र क्रियापदका टुक्रा अब एकै ठाउँमा मिसिए । अब त्यो डिब्बाबाट नाम र क्रियापदलाई छुट्याउँदै, अलि ठूलो स्वरमा पढ्दै, वेग्लावेग्लै राख्न लगाएँ । यो खेल

पनि रमाइलो भयो। यतिन्जेलमा उनीहरूले नाम र क्रियापद कस्ता हुन्छन् भन्ने प्रस्टसँग बुझ्न थालिसकेका थिए।

"नाम र क्रियापद छुट्टिएपछि मैले अर्को खेल खेल्न लगाएँ– नाम सुहाउँदो क्रियापद खोज्ने र क्रियापद सुहाउँदो नाम खोज्ने। उदाहरणका लागि 'घोडा' शब्द भेट्नेले 'दगुर्छ' अथवा 'दगुऱ्यो' क्रियापद खोज्ने अनि 'पढ्छ' क्रियापद भेट्नेले 'राम' अथवा 'मनोहर' खोज्ने। यो सब खोज्न उनीहरूलाई छोडिदिएर म एकछिन कक्षा बाहिर निस्कें। म नहुँदा पनि उनीहरूले शान्तिपूर्वक र अनुशासनका साथ आफ्नो काम गरे।

"यसपछि मैले ब्ल्याकबोर्डमा केही वाक्य लेखें र भनें, 'यहाँबाट नाम र क्रियापद छानेर आफ्नो कापीमा लेख।' अनि पालैपालो फलानो वाक्यका नामहरू भन, फलानो वाक्यको क्रियापद भन भनेर भन्न लगाएँ। यसै क्रममा ती नाम प्रयोग गरेर छुट्टै वाक्य र ती क्रियापद प्रयोग गरेर वेग्लै वाक्य पनि भन्न लगाएँ। विद्यार्थीले यो खेल पनि मन पराए। कसै-कसैले त एकदमै रचनात्मक किसिमका वाक्य समेत बनाएका थिए। यसरी उनीहरूले क्रियापद र संज्ञाको ज्ञान प्राप्त गरे।"

शिक्षा अधिकारीले घत मान्दै भने, 'यो त साँच्चै राम्रो तरिका हो। यसरी सिकाउँदा त विद्यार्थीलाई अलिकति पनि मिहिनेत परेन होला। शिक्षकले अलिकति दिमाग र अलिकति मन लगाएर मिहिनेत गरे त भइहाल्ने रहेछ। खासै खर्च पनि लाग्ने रहेनछ।'

मैले थपें, 'विद्यार्थीलाई घोकाइको झमेलाबाट जोगाउन यति मिहिनेतले पुग्छ भने किन नगर्ने? जहाँसम्म खर्चको कुरो छ, मैले यसमा खासै खर्च गरेको पनि छैन। कागजका डिब्बा किराना पसलबाट मागेर ल्याएको हुँ। दुई-चार जिस्ता कागज, एक-दुई दर्जन पेन्सिल र गम मात्र त किनेको हुँ नि।'

उनले भने, 'म हाम्रो कार्यालयबाट त्यो रकम दिलाइदिउँला।'

मैले भनें, 'पैसाको के कुरा भयो र? पैसाको सट्टा यदि तपाईंले अरू कक्षा र अरू विद्यालयमा पनि पढाइको यही तरिका लागू गराइदिनुभयो भने मलाई पुग्छ।'

‘ठीक छ। के गर्न सकिन्छ, कोशिश गरौंला। तर यसपछि तपाईंले के गर्नुभयो नि ?’

‘यसपछि म विशेषण सिकाउन थालें। ...तर, मेरा कुरा सुन्दा तपाईंलाई झर्को लागेको त छैन ? एक त व्याकरण जस्तो रूखो विषय, त्यसमाथि हरेक कुरा विस्तारपूर्वक भन्ने मेरो बानी...’

‘होइन, होइन। तपाईं विस्तारपूर्वक भन्दै जानोस्। म सबै कुरा राम्ररी बुझ्न चाहन्छु। विस्तारपूर्वक नबुझेसम्म प्रयोगको कुरा स्पष्ट पनि त हुँदैन नि’, उनले भने, ‘तर एकछिन है। चिया तयार भएजस्तो छ। पहिले चिया खाऔँ, अनि कुरा अगाडि बढाउँला।’

शिक्षा अधिकारी चियाका सौखिन थिए। मगमग बास्ना आउने उत्तम दर्जाको चिया पिउँथे। भन्न पो चिया मात्र, त्योसँग हलुका खाजा पनि हुन्थ्यो। जे होस्, पूरै बीस मिनेट चिया खान खर्च भयो। त्यसपछि कुरा अघि बढ्यो।

मैले भनें, “आफ्नो पुरानै तरिका अनुसार मैले विशेषणहरूको एउटा डिब्बा तयार पारेको थिएँ। केटाकेटीलाई डिब्बा खोलेर ती कागजका टुक्रा पढ्न लगाएँ। सबै शब्द उनीहरूले सुनिरहेका, बोलिरहेका, प्रयोग गरिरहेका थिए। तिनको अर्थ बुझ्न उनीहरूलाई कुनै अप्ठ्यारो भएन।

‘यो विशेषण भनेको चाहिँ के हो सर ?’ एउटा विद्यार्थीले सोध्यो।

‘हेर न, यी सबै विशेषण त हुन् नि !’ मैले भनें।

“उनीहरू मनमनै मेरो भनाइको आशय अलिअलि बुझिरहेका थिए। पूरै कुरा चाहिँ स्पष्ट भइसकेको थिएन। यसैबीच मैले क्रियापद, नाम र विशेषणका शब्द लेखिएका कागजका टुक्रालाई एक ठाउँमा मिसाइदिएँ र तिनलाई छुट्याएर बेग्लाबेग्लै थुपार्ने खेल शुरु भयो।

“यसपछि मैले नयाँ खेल शुरु गराएँ। भनें, ‘हेर, म जे माग्छु तिमीहरूले त्यही ल्याउनू।’

‘हवस्, सर,’ उनीहरूले भने।

"मैले भनें, 'पेन्सिल ल्याऊ ।'

"भए जति पेन्सिल मैले झ्याल छेउको एउटा बेन्चमा राखिदिएको थिएँ । एउटीले रातो पेन्सिल लिएर आई । मैले भनें, 'कालो पेन्सिल ल्याऊ ।' उसले दगुर्दै गएर कालो पेन्सिल ल्याई ।

"मैले पालैपालो अरूलाई आदेश दिन थालें– 'राम, पहेंलो पेन्सिल ल्याऊ । मोहन, हरियो पेन्सिल ल्याऊ । हरि, नीलो पेन्सिल ल्याऊ । सुनिता, छोटो पेन्सिल ल्याऊ । रमेश, दुई रङको पेन्सिल ल्याऊ...'

"फेरि उनीहरूलाई भनें, 'कालो पेन्सिल उठाऊ । रातो पेन्सिल उठाऊ । हरियो पेन्सिल उठाऊ । नीलो पेन्सिल उठाऊ...' उनीहरू उठाउँदै गए ।

"मैले एउटालाई सोधें, 'तिमीसँग कस्तो पेन्सिल छ ?'

"उसले भन्यो, 'रातो ।'

"अर्कालाई सोधें, 'तिमीसँग नि ?' उत्तर आयो, 'नीलो ।'

"एवं क्रमले सबैलाई सोधेपछि मैले ब्ल्याकबोर्डमा लेखें, 'रातो, नीलो, हरियो, कालो, लामो, छोटो यी सबै शब्द विशेषण हुन् । विशेषणले कुनै पनि व्यक्ति अथवा वस्तुको विशेषता अथवा गुण-अवगुण आकार-प्रकार आदि बताउँछ ।'

"उनीहरूले पढे । अनि सोच्न थाले ।

"त्यसपछि मैले नाम र विशेषणका डिब्बा अलग-अलग ठाउँमा राखिदिएँ र भनें, 'अब तिमीहरू नामको विशेषण र विशेषणको नाम खोज र जोडा मिलाऊ ।'

"उनीहरू जोडा मिलाउने खेल खेल्न व्यस्त भए । एउटाले एउटा डिब्बाबाट 'घोडा' शब्द लियो र अर्को डिब्बाबाट 'सेतो' शब्द निकालेर 'सेतो घोडा' बनायो । अर्काले 'मोटो मान्छे' बनायो । एउटीले 'ठूलो रूख' बनाई । म सबैले बनाएको जोडा हेर्न थालें । शुरु-शुरुमा कसै-कसैले बनाएको जोडा गलत थियो । अधिकांशले भने प्राय: सही जोडा नै बनाएका थिए । उनीहरूले विशेषणको आशय बुझिसकेका थिए । त्यसैले

केही समयपछि सही-सही जोडा बनाउन थाले ।”

शिक्षा अधिकारीले भने, ‘तपाईंले त भाषा सिकाउन साँच्चै अनेकथरि खेल निकाल्नुभएछ। नाम, विशेषण र क्रियापदबारे खेल-खेलमै सिकाइसक्नु पनि भएछ। अब उनीहरूलाई यिनको परिभाषा चाहिँ कहिले सिकाउनुहुन्छ ?’

मैले भनें, ‘परिभाषा त आफ्नो तरिकाले सिकाइसकिहालें नि। तपाईंले व्याकरणका किताबमा दिइएको परिभाषा भन्न खोज्नुभएको होला, त्यो त म सिकाउँदिनँ। तपाईं पनि परीक्षामा नसोध्नुहोला। नाम, विशेषण र क्रियापदमा के फरक छ भन्ने चाहिँ सोध्नुभए हुन्छ।’

उनले भने, ‘म परीक्षा नै लिन्नँ। मलाई त तपाईंको यो तरीका अरू विद्यालयमा पनि चलाउनु छ। परिभाषा रट्दा रट्दा बिचरा विद्यार्थीको बिजोक भएको छ।’

‘विद्यालयमा व्याकरण पढ्दा मेरो पनि त्यस्तै बिजोक भएको थियो। परिभाषा र नियम कण्ठ गर्न नसकेपछि सरहरूले खुब गाली गर्नुहुन्थ्यो र कतिले त पिट्नु पनि हुन्थ्यो। आजभोलि पनि धेरैले त्यसै गर्छन्। तपाईंले विद्यार्थीलाई जथाभाबी गाली गर्न र पिट्न नपाइने नियम बनाइदिए हुँदैन ?’

उनले भने, ‘त्यस्तो नियम नै बनाउनु त मेरो अधिकारभन्दा बाहिरको कुरा भयो। तर शिक्षकहरूले राम्ररी बुझाएर, रोचक ढङ्गले पढाउने हो भने विद्यार्थीलाई पिट्नै पर्दैन नि ! तपाईं नै भन्नोस् न, व्याकरण पढाउँदा तपाईंले क-कसलाई पिट्नुभयो ? कति जनालाई सजाय दिनुभयो ?’

अनि कुरा अगाडि बढाए, ‘खैर, छोड्नोस् यी कुरा। अब भन्नोस्, सर्वनाम चाहिँ कसरी सिकाउनुभयो ?’

मैले भनें, “अरू त के गर्नु र ? यसलाई पनि सकेसम्म रमाइलो गरी सिकाउने प्रयास गरें। सर्वप्रथम आफैंतिर देखाउँदै विद्यार्थीहरूलाई सोधें, ‘म भनेको को ?’

‘शङ्कर सर’, रमेशले भन्यो।

'तिमी भनेको को ?'

'रमेश ।'

'त्यो को नि ?'

'मनोज ।'

"यस्ता केही प्रश्न सोधेपछि मैले ब्ल्याकबोर्डमा लेखें–

म– शङ्कर ।

तिमी– रमेश ।

त्यो– मनोज ।

ऊ– भुवन ।

हामी– शङ्कर, रमेश, मनोज, भुवन ।

तिमीहरू– रमेश, मनोज, भुवन, पार्वती, किरण ।

उनीहरू– भुवन, पार्वती, किरण, दिनेश, सुरेश ।

उनीहरू– तेस्रो कक्षाका श्याम, विष्णु, गणेश, कुमार ।

"केटाकेटीले यो पढे। मैले भनें, 'म, तिमी, यो, ऊ, हामी, तिमीहरू, उनीहरू सर्वनाम हुन् ।' उनीहरू सोच्न थाले । एउटाले सोधिहाल्यो, 'सर्वनाम भनेको के त ?'

"मैले पहिले लेखेको मेटेर ब्ल्याकबोर्डमा लेखें–

राम पढ्छ ।

राम खेल्छ ।

राम चाँडै उठ्छ ।

रामको हातमा कापी छ ।

रामको हातमा कलम छ ।

रामको घर टाढा छ ।

शङ्कर तिमीहरूको शिक्षक हो ।

शङ्कर तिमीहरूलाई पढाउनुहुन्छ ।

शङ्कर तिमीहरूलाई घुमाउन लैजानुहुन्छ ।

"सबैले पढेपछि मैले दोस्रो र तेस्रो वाक्यमा 'राम' मेटेर त्यसको

ठाउँमा 'ऊ' लेखिदिएँ । त्यसपछिका तीन वाक्यमा 'रामको' काटेर 'उसको' लेखिदिएँ । अनि 'शङ्कर' को ठाउँमा 'म' लेखें र क्रियापदहरू मिलाएँ । उनीहरूले पढे र केही कुरा बुझे ।

"त्यसपछि मैले सोधें, 'ल भन, सर्वनाम केको सट्टा लेख्नुपर्छ ?'

"कसैले 'रामको सट्टा' भने, कसैले 'शङ्करको सट्टा ।"

"मैले सोधें– 'राम' र 'शङ्कर' नाम हुन् कि क्रियापद ?

"सबैजसोले भने– नाम ।

"त्यसो भए नामको सट्टा मैले जुन शब्द लेखेको छु, तिनलाई के भनिन्छ ? उत्तर आयो– सर्वनाम !"

शिक्षा अधिकारी हाँसे । उनले भने, 'तपाईं त पक्का शिक्षक हुनुहुँदोरहेछ । हरेक कुराको बडो विस्तारपूर्वक वर्णन गर्नुहुन्छ ।'

म पनि मुस्कुराएँ। भनें, 'बानी परिसक्यो। राम्ररी कुरा नबुझाएसम्म चित्तै बुझ्दैन ।

हाम्रो कुरा चलेको निकैबेर भइसकेको थियो । मैले व्याकरणका बारेमा यतिन्जेल गरेको प्रयोग यही हो भनेपछि उनले भने, 'म तपाईंको कक्षामा व्याकरणको परीक्षा लिन्नँ। तर कर्ता र कर्म, काल र विभक्तिको कुरा अझै बाँकी छ। त्यो पनि पढाइसकेपछि मलाई बताउनुहोला। म अर्को वर्ष अरू विद्यालयमा पनि केही न केही गर्छु ।'

एक छिन अरू गफगाफ गरेपछि म खाना खाएर घर फर्कें ।

## । ३ ।

अर्धवार्षिक परीक्षा शुरु भयो। अन्तिम दिन मेरो कक्षाको परीक्षा लिन शिक्षा अधिकारी स्वयम् आए। उनलाई परीक्षा लिन मजा पनि लाग्थ्यो।

मैले आफ्नो कक्षाको परीक्षाको तयारी गरेको थिएँ, तर आफ्नै पाराले । शिक्षा अधिकारीलाई पहिले नै अनुरोध गरेको थिएँ– 'अरू कक्षाको सकिएपछि मात्र मेरो कक्षाको परीक्षा लिनुहोला । त्यसबेला

प्रधानाध्यापक र विद्यालयका अन्य शिक्षकहरूलाई पनि राख्नुपर्छ । अरू सबै कक्षाका पाँच-पाँच जना विद्यार्थीलाई पनि म बोलाइराख्छु । तिनको पनि काम हुन्छ ।'

परीक्षा हुने दिन मेरो मन शान्त थियो। कुनै द्विविधा थिएन। कुनै चिन्ता अथवा तनाव थिएन। आफ्ना विद्यार्थीलाई मैले भनेको थिएँ, 'हामी अरू दिन जे गर्छौं, परीक्षामा पनि त्यही गरेर देखाउने हो । पास त सबै जना भइसकेकै छौ । परीक्षामा त हामीले हाम्रो काम हेर्न अरूलाई बोलाएको मात्र हो ।'

आफ्नो शैली अनुसार मैले सम्पूर्ण व्यवस्था पर्दा पछाडि नै गरेको थिएँ । शिक्षा अधिकारी लगायत सबैजना आ-आफ्नो ठाउँमा बसेपछि मैले पर्दा खोलें ।

त्यहाँ अन्य कक्षाका पाँच-पाँचजना विद्यार्थी अलग-अलग बनाएर बसेका थिए । हरेक टोलीलाई मेरा विद्यार्थीले पालैपालो कथा सुनाउन थाले । आफूले सुनाउने कथा उनीहरूले आफैं छानेका थिए । बीचमा बिर्सियो भने हेर्न किताब पनि सँगै राखेका थिए। तर कसैले पनि किताब हेर्नु परेन । हरेकले बडो स्वाद मानेर, स्वरको स्वाभाविक उतारचढाव र अभिनयका साथ कथा सुनाए । सुन्नेहरू दङ्ग थिए र सुनाउनेहरूले पनि कथाको आनन्द लिइरहेका थिए । धेरै विद्यार्थीले एकैचोटि कथा भन्दा कक्षा अलिक अव्यवस्थित जस्तो लागे पनि सुन्नै नसकिने खालको गञ्जागोल चाहिँ थिएन ।

कथा भन्ने क्रम सकिएपछि पर्दा बन्द गरेर मैले भनें, 'यो थियो एउटा परीक्षा ।'

'कुन विषयको ?' एकजना शिक्षकले सोधिहाले ।

मैले भनें, 'भाषामाथिको नियन्त्रण, दक्षता, कथा-कथन, रुचि, स्मृति-विकास र अभिनयको ।'

'कुरो त ठिकै हो', कुनाबाट कुनै अर्को शिक्षकको आवाज आयो ।

अन्य कक्षाका विद्यार्थी पर्दा पछाडिबाट आएर दर्शकहरूमा मिसिएपछि मैले पर्दा खोलें। मेरा सबै विद्यार्थी भुईंमा गोलो घेरा बनाएर बसेका थिए। पछाडि ब्ल्याकबोर्डमा लेखिएको थियो– 'अन्ताक्षरी'।

एउटाले एक श्लोक कविता भन्यो। अर्काले त्यसको अन्तिम अक्षरबाट शुरु हुने अर्को श्लोक भन्यो। यसरी उनीहरू पालैपालो कविता भन्न थाले– लय हालेर, रमाई रमाई।

'खोइ त यिनीहरूको टीम बनाएको ? को कता हो ?' शिक्षा अधिकारीले सोधे।

मैले जवाफ दिएँ, 'मैले टीम बनाउन छोडिदिएँ। त्यसले हार-जीतको भावना जगाउँछ, जसले अनावश्यक सेखासेख र ईर्ष्या गर्न उक्साउँछ। किन बनाउनुपर्‍यो त्यस्तो वातावरण ? यी सबै एउटै टीममा छन्। एउटालाई कविता आएन भने त्यसपछिकाले भन्छ र अन्ताक्षरी अगाडि बढ्छ। अर्कोचोटि पालो आउँदा उसले पनि कविता भनिहाल्छ। मुख्य कुरो कविता बुझ्नु र त्यसलाई स्वाद लिएर भन्नु हो। हार-जीतको बखेडा किन चाहियो ?'

उनी अनौठो मानेर टाउको तलमाथि हल्लाउँदै मतिर हेर्न थाले।

केटाकेटीलाई मैले २५ मिनेटको मात्र समय दिएको थिएँ। तर अन्ताक्षरीमा उनीहरू कति रमाइरहेका थिए भने समय सकिएपछि पनि उठाउन मन लागेन। ३० मिनेट बितेपछि 'अब भयो' भनेर पर्दा लगाइदिएँ। अनि दर्शकहरूलाई भनें, 'कविता पढाउनुको सट्टा यिनीहरूलाई म यही खेल खेलाउँछु। हाउभाउबाट बुझिहाल्नुभयो होला, आफ्नो पाठ्यपुस्तकका कविताको अर्थ र भाव यिनले कति राम्ररी बुझेका छन्।'

'क्याबात !', शिक्षा अधिकारीको मुखबाट निस्कियो।

मैले फेरि पर्दा खोलें। विद्यार्थी गोलाकारमै बसेका थिए। अब उनीहरू गाउँखाने कथा खेल्न थाले। पुराना मात्र होइन, धेरैले नसुनेका गाउँखाने कथा पनि जम्मा पारेका थिए। उनीहरूमा खुब उत्साह थियो।

'गाउँखाने कथा त केटाकेटीमा हामी पनि खेल्थ्यौं । तर यो पाठ्यक्रममा कहाँ छ ?' शिक्षा अधिकारीले भने ।

मैले भनें, 'पाठ्यक्रममा भाषा त छ नि ! अनि विद्यार्थीमा जिज्ञासा बढाउने, भाषाको ज्ञान वृद्धि गर्ने, प्रयोग गर्ने जस्ता उद्देश्य पनि राखिएकै छन् । यो सब त्यही उद्देश्य परिपूर्ति गर्न गरिएको हो । हेर्नोस् त, यसबाट उनीहरूको भाषिक शक्ति कति बढेको छ, कुरा बुझ्ने क्षमता कति वृद्धि भएको छ ? उनीहरूले कति मौलिक किसिमले भाषाको प्रयोग गरिरहेका छन् ? अनि त्यसमा कति रमाइरहेका छन् ? भाषिक क्षमता बढाउन योभन्दा के चाहियो ? म त भन्छु, यसलाई बकाइदा पाठ्यक्रममा नै राख्नुपर्छ ।'

यसपछि शब्दको खेल शुरु भयो । शब्दको अन्ताक्षरी । एकजनाले एउटा शब्द भन्थ्यो र त्यसको अन्तिम अक्षरबाट शुरु हुने अर्को शब्द अर्काले । झ्वाट्ट हेर्दा यो खेल साधारण लाग्थ्यो । तर जब एकछिनपछि दर्शकहरूलाई थाहा भयो– एउटा विद्यार्थीले गाउँहरूको, अर्काले नदीको, अर्काले थरको, अर्काले फूलको, अर्काले जनावरको, अर्काले चराचुरुङ्गीको, अर्काले देशहरूको नाम अन्ताक्षरीका लागि तयार पारेको छ, उनीहरू चकित भए । केही शिक्षकहरूलाई त एकछिनसम्म यो कुरा पत्याउनै गाह्रो भयो ।

अन्ताक्षरीको अन्त्यमा मैले भनें, 'यस खेलका लागि निश्चित क्षेत्रका बढीभन्दा बढी शब्द भेला गर्न मैले विद्यार्थीलाई प्रोत्साहित गर्ने गरेको छु । यसका निम्ति उनीहरू विभिन्न किताब पढ्छन्, पूरै शब्दकोश हेर्छन्, नक्सा र एटलसमा ध्यान दिन्छन्; अनि निश्चित विषयका पुस्तक पाएसम्म छोड्दैनन् । यसले उनीहरूमा पढ्ने बानी बसेको छ; नयाँ नयाँ शब्द र तिनको अर्थ जान्ने रुचि बढेको छ । नयाँ शब्द खोज्ने क्रममा उनीहरू एक-अर्कालाई सघाउँछन् पनि । धेरैले त आफूले छानेको क्षेत्रसँग सम्बन्धित शब्दहरूको अक्षर-क्रम अनुसार सूची समेत तयार पारेका छन् ।'

शिक्षा अधिकारीले भने, 'मलाई यो खेल साँच्चै महत्त्वपूर्ण लागेको छ । शब्द र अर्थको ज्ञान, बुद्धिको विकास र सामान्य ज्ञानको वृद्धिका निम्ति यस्तो खेल त सबै कक्षामा शुरु गर्नुपर्छ ।' अनि मतिर फर्केर बोले, 'तपाईं पनि कस्ता कस्ता जुक्ति निकाल्नुहुन्छ !'

यसैबीच अर्को कुनामा दुई शिक्षक खासखुस गर्न थालेछन् । एक जनाले भनेछन्, 'किन नहोस् । शङ्कर सर यहाँ आएको नै यसैका लागि त हो नि ! उनले पढाउनु थोडै पर्छ ! कथा सुनायो, खेल खेलायो, बस् ! उनलाई त मोज छ । हामीलाई पो पढाउँदा पढाउँदा दिमाग खराब हुन्छ ।'

अर्का शिक्षक भन्दा रहेछन्, 'अब पुरानो तरिकाको पढाइले काम चल्नेवाला छैन भाइ ! कक्षामा गएर छडी लिएर पढाउने र रटाएर पाठ कण्ठस्थ गराउने हाम्रो पाराले अब धेरै दिन काम देला जस्तो छैन । हुन पनि हो, त्यसरी पढाएर विद्यार्थीले न कुरा बुझ्छन् न त पढाइप्रति नै आकर्षित हुन्छन् । अब त यसैगरी रमाइलोसँग खेलखेलमा पढाउने, सिकाउने विधि नै ठीक हुन्छ । आजभोलि कसैलाई मिहिनेत गरेर पढ्न मनै लाग्दैन, सब खेल्न मात्र चाहन्छन् । अनि के गर्ने त ?'

म आफ्नै कार्यक्रममा व्यस्त थिएँ। त्यसैले त्यसवेला उनीहरूको कुरा सुन्न सकिनँ । यो कुरा मलाई पछि कसैले सुनाएको थियो ।

मैले पर्दा खोलें र सिट्ठी बजाएँ । केटाकेटी कुचो बोकेर लाइनमा उभिए । मैले उनीहरूलाई कुचोसँगै केही कसरत गराएँ, अनि चारैतिर सफा गर्न आदेश दिएँ । उनीहरू पूरै विद्यालय परिसरमा फैलिए । जहाँ जहाँ फोहोर देखियो, कुचो लगाएर, फोहोर जति रद्दीको टोकरीमा हालेर धारामा हात-खुट्टा धुन थाले । विद्यालय परिसर १५ मिनेटमै सिनित्त भइसकेको थियो ।

दर्शकहरू जिल्ल परेका थिए । शिक्षा अधिकारीले नै सोधे, 'यो के नि ? कुचो बोकेर किन कसरत गराएको ?'

मैले भनें, 'यो व्यावहारिक र साथसाथै प्रतीकात्मक अभ्यास समेत

हो । जबसम्म मानिसले सरसफाइमा ध्यान दिँदैन तबसम्म उसले कुनै राम्रो काम गर्न सक्दैन । कुचो-कसरत यसैको एउटा सङ्केत हो । जबसम्म कक्षाकोठा राम्ररी सफा हुँदैन तबसम्म हामीहरू कक्षामा अरू काम गर्दैनौं । अब त यिनीहरू फोहोर देख्यो कि सफा गरिहाल्छन् । आफैं फोहोर गर्ने बानी त झन् उहिल्यै छुटिसक्यो । आफू स्वयम् पनि सफासुग्घर बस्न थालेका छन् । भोलि यिनीहरूले आफ्नो घर-परिवार, कार्यालय र समाजलाई सफा राख्नेछन् ।'

यतिन्जेलमा उनीहरू हातखुट्टा, मुख आदि धोएर आइसकेका थिए । मैले फेरि सिट्ठी बजाएँ। सबै केटाहरूले फटाफट सर्ट खोले र पहिलेजस्तै लाइनमा तनक्क तन्किएर उभिए। सबैको जीउ सफा थियो। दुई-चार जना व्रतबन्ध भइसकेकाहरू थिए, तिनको जनै पनि सफा थियो । केटीहरू पनि उत्तिकै सफा थिए । सबैको कपाल सिनित्त कोरिएको थियो। हातखुट्टाका नङ काटिएका थिए। नाकमा सिंगान, आँखामा कचेरा थिएन। अनुहार सफा, उज्यालो, चम्किलो थियो ।

'सम्पूर्ण सफाइ मेरो कक्षाको एउटा विषय हो', मैले भनें ।

शिक्षा अधिकारी मुस्कुराए, 'मान्नैपर्छ तपाईंलाई त ! तर यसरी सफासुग्घर बस्ने बानी लगाउन तपाईंलाई कति समय लाग्यो ?'

'६ महिनादेखि भिडिरहेको छु। तपाईंलाई त थाहै छ', मेरो भनाइ थियो।

मैले अर्को सिट्ठी बजाएँ । सबैले सर्ट लगाए र फुर्तीसाथ फेरि बाहिर निस्के । अनि चउरको छेउका रूखमा फटाफट चढ्न थाले । सिट्ठी बजेपछि फुर्तीसाथ तल ओर्लिए । अर्को सिट्ठीमा अर्को समूह रूख चढ्यो र सिट्ठी सुनेपछि तल ओर्लियो। फेरि सबैजना हल्ला नगरी लाइन लागेर उभिए ।

'के हो यो ? यस्तो पनि कहीं पढाइ हुन्छ ?' यसपालि प्रधानाध्यापक बोलेका थिए ।

'यो पनि एउटा कला हो। तर हामी यति सिक्न पनि केटाकेटीलाई मौका दिँदैनौं', मैले भनें ।

'के भन्नुभएको ? रूख चढ्न त जसलाई पनि आइहाल्छ नि', उनले जिद्दी गरे ।

'त्यसो भए अरू कक्षाका विद्यार्थीलाई रूख चढ्न लगाउनुहोस् न त सर', मैले भनें ।

प्रधानाध्यापकले पाँचौं कक्षाका छात्र-छात्रालाई 'रूख चढेर देखाऊ' भनेर आदेश दिए। तर तीन-चार जनाभन्दा बढी अगाडि आएनन्। तिनले पनि जसैतसै मात्र रूख चढे । मेरो कक्षाका विद्यार्थी जस्तो फुर्तीसाथ, कलात्मक तरिकाले चढ्न र ओर्लन कसैले पनि सकेन ।

सबैजना आ-आफ्नो ठाउँमा बसेपछि मैले फेरि पर्दा खोलें । केटाकेटीहरू हातमा लट्टु (डोरीको सहायताले घुमाइने काठको एक प्रकारको डल्लो) र डोरी लिएर उभिएका थिए । मैले सिट्ठी लगाएपछि उनीहरू बडो फुर्तीसाथ आ-आफ्नो लट्टु घुमाउन थाले। टोलका झगडालु केटाकेटीले जस्तो होइन, विना होहल्ला, विना झगडा, पूर्ण अनुशासन र एकाग्रताका साथ। शिक्षक र अतिथिहरू सबैले केटाकेटीमा लट्टु खेलेका थिए त्यसैले सबैलाई यो हेर्न रमाइलो लागेको थियो ।

'होइन, तपाईंले यिनीहरूलाई लट्टु खेल्न कहिले सिकाउनुभयो ? यिनीहरू त बडो राम्ररी, मजा लिएर खेल्दैछन् नि ?' शिक्षा अधिकारीले सोधे ।

'यो सब नदी किनारमा घुम्न जाँदाको अभ्यास हो । विद्यालयमा यस्तो केही गर्न पाइँदैन। थुप्रै कुरा त मैले त्यहीं सिकाएको छु। अरू थोक पनि देखाउन बाँकी छ', मैले भनें । र थपें, 'यी सब कुरामा तपाईंले नम्बर पनि दिनुपर्छ ।'

'ए, अब तपाईंलाई नम्बर पनि चाहियो ?' उनले ठट्यौली पारामा भने र प्रधानाध्यापकतर्फ अभिमुख भए, 'अब अरू कक्षामा पनि यी कुरा शुरु गराउनुपर्‍यो नि, सर !'

प्रधानाध्यापकले भने, 'यो सब गर्न थाल्यौं भने पढाइ कसरी पूरा हुन्छ र, हजुर ! उहाँको टाउकामा पो पढाइको जिम्मेदारी छैन र जति

प्रयोग गरे पनि हुन्छ । वर्ष दिनभरि जे-जे मन लाग्छ, गर्नुहोला र अन्त्यमा भन्नुहोला- यति भयो, यति चाहिँ हुन सकेन, विद्यार्थीले गर्न सकेनन् । अनि तपाईंले पनि नयाँ प्रयोग यस्तै हो, यति हुन सक्यो- त्यो पनि ठूलो कुरा हो भनेर उहाँकै पिठ्यूँमा धाप मार्नुहोला । तर हामी त पाठ्यक्रमको बन्धनमा बाँधिएका छौं । पढाइ पूरा भएन भने तपाईंले नै चिठी काट्नुहुन्छ, रिजल्ट राम्रो भएन भने स्पष्टीकरण सोध्नुहुन्छ... ।'

शिक्षा अधिकारी फिसिक्क हाँसे । उनी भित्रभित्रै चिढिएको स्पष्ट अनुभव हुन्थ्यो । तर मुखले केही भनेनन् । अनि प्रधानाध्यापकले नै मलाई कटाक्ष गर्दै भने, 'तपाईंको परीक्षा सकियो ?'

मैले भनें, 'अब अलिकति बाँकी छ । एकछिन अर्को कोठामा पाल्नुहोस् न ।'

'हो त, तपाईंले एक महिनाअघि त्यो कोठो माग्नुभएको थियो । आफ्ना विद्यार्थी बाहेक हामी कसैलाई पनि भित्र पस्न दिनुहुन्नथ्यो । पक्कै पनि त्यहाँ केही ल्याएर राख्नुभएको छ । कसो ?' प्रधानाध्यापकले भने ।

'त्यहीं जाऊँ न', मैले भनें । विद्यार्थी बाहेक सबै अतिथि र शिक्षकहरू कोठामा पुगे । भित्र पस्नासाथ शिक्षा अधिकारीले भने, 'ओहो, यो त एउटा सङ्ग्रहालय नै रहेछ !'

प्रधानाध्यापक किन पछि पर्थे ? भनिहाले, 'मलाई त लाग्दै थियो । विद्यार्थीहरू दिनदिनै के-के ल्याउँथे र राख्थे ।'

मैले भनें, 'यो सब काम विद्यार्थीले अत्यन्त उत्साहका साथ गरेका हुन् । सब सामान उनीहरूले नै भेला पारेका, बनाएका र आफ्नै इच्छाले सजाएर राखेका हुन् । मैले उनीहरूलाई शुरुमै भनिदिएको थिएँ- तिमीहरूलाई जुन सामान, जहाँ जसरी राख्न मन लाग्छ त्यसरी नै राख्नू, म केही भन्दिनँ ।'

'साँच्चै, यो सारा सामान विद्यार्थीले आफ्नै इच्छाले ल्याएको, बनाएको र सजाएको हो त ?' शिक्षा अधिकारीले आश्चर्य मानेर प्रश्न गरे ।

'हजुर', मैले जवाफ दिएँ, 'मैले त उनीहरूलाई प्राकृतिक वस्तु र आफूले बनाएका सामान सङ्कलन गरेर र सजाएर राख मात्र भनेको हुँ। प्रेरणा र प्रोत्साहन बाहेक यसमा मेरो कुनै योगदान छैन। सबैथोक विद्यार्थीकै हो।'

उनले भने, 'तर यो कसरी सम्भव छ? यति काम लाग्ने सामान छन्। कहाँ-कहाँबाट ल्याएका होलान्! सजावट उत्तिकै कलापूर्ण छ। सरसफाइ उस्तै छ। यी वस्तु त विद्यार्थीलाई प्रकृतिको परिचय दिलाउन अत्यन्तै उपयोगी छन्!'

मैले केही बोलिनँ। मेरो मिहिनेत र कामको परिणाम सबैका सामु थियो। सबै कुरा त्यसैले भनिरहेको थियो।

प्रधानाध्यापकले शिक्षा अधिकारीलाई सुनाए, 'उहाँ विद्यार्थीलाई प्रायः घुमाउन लैजानुहुन्थ्यो। त्यहीवेला उनीहरूले ल्याएका होलान्।'

शिक्षा अधिकारीको भनाइ थियो, 'यो त साँच्चै गजबको काम भएछ। यो सङ्ग्रहलाई नबिगार्नुहोला। सबै कक्षाका लागि यो उपयोगी हुन्छ। सबै शिक्षकलाई मेरो अनुरोध छ- यो सङ्ग्रहलाई सबै मिलेर अझ ठूलो पार्नुहोला।'

प्रधानाध्यापक छड्के पाराले मुस्कुराए। शायद सोच्दै थिए– 'अनि कतिवेला पढाउलान्!'

विद्यार्थीले सङ्ग्रहालयका सामानको सूची बनाएका थिए। त्यो हेरेर शिक्षा अधिकारी झन् खुशी भए। भन्न थाले, 'यिनीहरूलाई त इनाम दिनैपर्छ।'

मैले केही भनिनँ।

कोठाको एक छेउमा माटाका केही खेलौना राखिएका थिए। उनले भने, 'यी कहाँबाट ल्याएका नि?'

मैले भनें, 'यी विद्यार्थीले आफैँ बनाएका। नदी किनारमा घुम्न जाँदा सिक्दै बनाउँदै गरेका।'

'रङ पनि आफैं लगाएका?'

'हजुर !'

'क्याबात ! तपाईंको प्रयोग अद्भुत छ । के-के सिकाउनुहुन्छ र उनीहरूमा रहेको कस्तो-कस्तो प्रतिभा उजागर गर्नुहुन्छ । तपाईंलाई त पुरस्कार नदिई ...'

मैले शिक्षा अधिकारीलाई वाक्य पूरा गर्न दिइनँ। भनें, 'अब एकछिन यहीं बस्नुहोस् । म यिनीहरूले गरेका केही अरू काम पनि देखाउँछु ।'

प्रधानाध्यापक केही सोच्दै, केही सङ्कुचित हुँदै शिक्षा अधिकारीलाई भन्न थाले, 'यस्ता कुरा त हामी पनि गर्न सक्छौं। तर फेरि विद्यार्थीलाई कतिवेला पढाउनु ?'

यसैबीच मैले दुइटा कार्डबोर्ड लिएर आएँ । एउटामा विद्यार्थीका त्यसवेलाका अक्षर थिए, जुनवेला मैले पढाउन थालेको थिएँ । अर्कामा चाहिँ अघिल्लो दिन मात्र उनीहरूले लेखेका ताजा अक्षर थिए। त्यसको टाउकामा लेखिएको थियो– अक्षर लेखनमा भएको प्रगति ।

प्रगति स्पष्ट थियो । विद्यार्थीका अक्षर पूरै सुध्रिएका थिए । थुप्रैले त साँच्चै सुन्दर र कलात्मक अक्षर लेख्न थालेका थिए। सबै जनाले प्रगतिको सराहना गरे ।

छेउमा उभिएका एकजना शिक्षकले अर्काको कानमा साउती गरेको मैले सुनें, 'राम्रा अक्षर लेख्ने खास-खास विद्यार्थीलाई लेख्न लगाएर तयार पारेको होला !'

तिनको ईर्ष्यालु आरोपले एकछिन त मेरो मन चस्स भयो तर मैले त्यसको परवाह गरिनँ। तिनको विचार मलाई ज्यादै तुच्छ लाग्यो ।

'तपाईंले यस्तो सुधार कसरी गर्नुभयो ?' शिक्षा अधिकारी सोध्दैथिए ।

'विभिन्न उपाय अपनाएर ।'

'ती उपाय पूरै विद्यालयमा लागू गर्दा कसो होला ?'

'एकदम राम्रो हुन्छ । म पनि सघाउँछु ।'

यति भनेर मैले कुनाको दराजबाट एउटा रजिस्टर निकालें। त्यसमा

विगत ६ महिनामा विद्यार्थीले पढेका पुस्तकहरूको सूची थियो। रजिस्टरको पानामा विद्यार्थी स्वयम्ले पुस्तक पढिसकेपछि आफ्नो र पुस्तकको नाम तथा मिति लेखेका थिए।

रजिस्टरको अन्तिम पानामा मैले केही तथ्याङ्क तयार पारेको थिएँ। जस्तै– ६ महिनामा कुल कति जना विद्यार्थीले कतिवटा किताब पढे, प्रति विद्यार्थी औसत कतिवटा किताब पढिए, सबैभन्दा बढी कतिवटा किताब कसले पढ्यो, सबैभन्दा कम कसले आदि। त्यस्तै, कुन किताब सबैभन्दा बढी पढियो र कुन किताब सबैभन्दा कम, कुन विषयका किताब विद्यार्थीले सबैभन्दा बढी पढे र कुन विषयका सबैभन्दा कम आदि।

शिक्षा अधिकारीले रजिस्टर हेरे र अन्तिम पानाको तथ्याङ्क पढेर दङ्ग पर्दै भने, 'विद्यार्थीले यति धेरै किताब पढे ? यति धेरै विषयका ? यत्रा किताब तिनले कतिवेला पढे होलान् ?'

'जम्मै किताब विद्यार्थीले मन पराएर पढेका छन्। सबैको कथा र विषयवस्तुबारे कक्षामा चर्चा गरेका छन्। कक्षा बाहिर पनि साथीभाइसँग कुरा गरेका छन्', मैले भनें।

'प्रधानाध्यापकजी, पाँचौं कक्षाका विद्यार्थीले यी ६ महिनामा कतिवटा पुस्तक पढेका होलान् ?' शिक्षा अधिकारीको प्रश्न थियो।

'कतिवेला पढून् हजूर ! फाल्टु पुस्तक पढ्न समय खेर फाल्ने हो भने इतिहास, भूगोल, गणित, व्याकरण आदि कतिवेला पढ्नु ? कोर्सका कुरा कहिले कण्ठ गर्नु ?' प्रधानाध्यापकले जवाफमा प्रतिप्रश्न गरेका थिए।

शिक्षा अधिकारी केही बोलेनन्। उनी केही सोचिरहेका थिए। एकछिनपछि मतिर फर्केर निर्णायक स्वरमा घोषणा गरे, 'तपाईंका विद्यार्थी भाषामा विना परीक्षा उत्तीर्ण भए।'

त्यसपछि उनले सोधे, 'अब अरू के बाँकी छ, शङ्कर सर ?'

मैले दराजबाट विद्यार्थीले तयार पारेको एउटा हस्तलिखित मासिक पत्रिका निकालेर उनका सामु प्रस्तुत गरें।

उनले पत्रिका पल्टाएर हेरे र भने, 'सबै लेख विद्यार्थीले आफैं लेखेका हुन् ?'

'हजूर !'

'कथा, कविता पनि ?'

'हजूर ! सबै उनीहरूकै प्रयास र उत्साह हो ।'

'तिनले लेखेको तपाईं मिलाइदिनुहुन्न ?'

'अरू वेला लेखेको कुरामा यसरी लेख भनेर सिकाइदिन्छु, सुझाव पनि दिन्छु । तर पत्रिकाका लागि लेखेको कुरामा त्यस्तो केही गर्दिनँ । जस्तो लेख्छन्, त्यस्तै प्रकाशित गरिन्छ ।'

'उनीहरूले आफ्नै सुरले लेख्छन् कि कहींबाट सारेर ल्याउँछन् ? अथवा घरमा पो कसैले सिकाइदिन्छ कि ?'

'त्यस्तो होइन । उनीहरू आफ्नै सुरले, आफ्नै इच्छाले लेख्छन् । मैले उनीहरूलाई भन्ने गरेको छु, जे लेख्न मन लाग्छ, लेख । आफूलाई चित्त बुझेन भने दोहोऱ्याएर, मिलाएर लेख । लेखेको कुरा साथीहरूलाई देखाऊ । उनीहरूको कुरा सुन । छलफल गर । मन लाग्छ भने सुधार गर । लेखेको कुरा पत्रिकामा प्रकाशित गर । उनीहरू त्यसै गर्छन् ।'

'यो अङ्क निकाल्न कति महिना लाग्यो नि ?'

'गएको तीन महिनादेखि हरेक महिना पत्रिका निस्किँदै आएको छ । यो अङ्कलाई अर्धवार्षिक परीक्षामा राखिएको मात्र हो, यसका लागि अरू अङ्कभन्दा बढी केही पनि तयारी गरिएको छैन ।'

शिक्षा अधिकारीले प्रसन्नतापूर्वक टाउको हल्लाएर भने, 'एकदमै राम्रो काम गर्नुभएछ । हेर्नुहोस् त, ६ महिनामै विद्यार्थीहरू कहाँबाट कहाँ पुगे !'

यतिवेलासम्ममा चार बज्न लागेको थियो । प्रधानाध्यापकले अलिक सानो स्वरमा भने, 'गणित, भूगोल र इतिहासको परीक्षा कतिवेला गर्ने ? भोलि हो ?'

शायद उनले ममाथि कटाक्ष गरेका थिए । यतिन्जेलसम्म गणित र

भूगोलमा मैले केही गरेको थिइनँ, जुन कुरा उनले थाहा पाएका थिए। मैले भनें, 'गणित र भूगोलमा मैले आजसम्म केही गर्न सकेको छैन। तर वार्षिक परीक्षासम्ममा सबै गरिसक्छु। इतिहासमा चाहिँ अलिकति काम भएको छ।'

प्रधानाध्यापकले अलिक व्यङ्ग्यात्मक शैलीमा भने, 'ओहो, त्यसो भए भन्नोस् न त, ठूलठूला विषय चाहिँ बाँकी नै छन् भनेर।'

त्यसको जवाफ मैले दिनु परेन। शिक्षा अधिकारीले ठट्यौलो पारामै दिए, 'प्रधानाध्यापकजी, ती त तपाईंका दृष्टिमा ठूला विषय हुन्, शङ्कर सरका दृष्टिमा होइनन्। तपाईंका विचारमा त पढाइ भनेको इतिहास, भूगोल र गणितको दुनोट रट्नु नै हो क्यार। कि कसो ?'

उनी हलुका मुडमा रहेको देखेर प्रधानाध्यापकले भने, 'तर हजूर, तपाईंको दृष्टि पनि त यस्तै छ नि। तपाईं पनि त यिनै विषयमा राम्रो रिजल्ट खोज्नुहुन्छ नि !'

रमाइलो मुडमा सबैजना बाहिर निस्के। फर्किने वेलामा शिक्षा अधिकारीले मलाई भने, 'खोइ त तपाईंको परीक्षा-पत्र ? मैले केमा नम्बर दिने ?'

मैले भनें, 'त्यो त मैले बनाएकै छैन।'

उनी मुस्कुराए र निर्णय सुनाए, 'ठीक छ। तपाईंको कक्षाको अर्धवार्षिक परीक्षा पूरा भयो। सबै पास ! अब वार्षिक परीक्षाको तयारी गर्नुहोला !'

# अन्तिम सम्मेलन

## । १ ।

अर्धवार्षिक परीक्षा समाप्त भइसकेको थियो । एकदिन शिक्षक साथीहरूसँग बसेर गफ गर्दैथिएँ । चन्द्र सरले भने, ‘साँच्चै भनेको, मलाई त तपाईं अचम्मको मान्छे लाग्छ । हामी कसैलाई पनि पढाउने तरिकामा परिवर्तन गर्न सकिन्छ, यहाँका विद्यार्थीलाई यति टाठा र मिहिनेती बनाउन सकिन्छ जस्तो पटक्कै लाग्दैनथ्यो । तपाईंको प्रयोग सफल होला भन्ने त झन् पत्यारै थिएन । तर तपाईंले प्रयोग सफल गरेर देखाइदिनुभयो ।’

भद्रलाल सरले तर्क गरे, ‘उहाँले त अङ्ग्रेजी पढ्नुभएको छ नि । कहाँ-कहाँका अङ्ग्रेजी किताब पढ्नुहुन्छ अनि नयाँ नयाँ प्रयोग गर्नुहुन्छ ।’

उमेशले भने, ‘सबैले उहाँको जस्तो कहाँ गर्न सकिन्छ र ? उहाँलाई पो न जागिरको चिन्ता छ, न परिणामको पर्वाह । प्रयोग असफल नै भयो भने पनि सजाय पाइने होइन क्यारे !’

वेणीमाधव भन्न थाले, ‘प्रयोग कतिखेर गर्नु ? फुर्सतै हुँदैन । प्रयोगका लागि सोच्ने, योजना बनाउने, तयारी गर्ने समय नै कहाँ छ र ? दिनभरि विद्यालयमा पढाउनु परिहाल्यो, बिहान-बेलुका ट्युसन नपढाए बालबच्चा कसरी पाल्ने ? बिहान एकछिन प्रधानाध्यापककहाँ पुग्नैपर्‍यो, बेलुका यसो साथीभाइसँग जमघट गर्नैपर्‍यो । त्यसमाथि चाड-पर्व, बिहा-बर्तमन,

भोज-भतेर, कहिले अस्पताल त कहिले बजार; सास फेर्ने फुर्सत भए पो ! शङ्कर सर पो एक्लो हुनुहुन्छ, घरव्यवहारको चिन्ता छैन र जति प्रयोग गरे पनि भयो !'

उनीहरूका कुरा सुनेर मैले भनें, "हेर्नुहोस्, हामीहरू आफ्नो विद्यालयमा योभन्दा पनि बढी काम गर्न सक्छौं । सबै जनाले मिलेर गऱ्यौं भने त यति धेरै काम गर्न सक्छौं जसले प्राथमिक शिक्षा पद्धतिमा कायापलट नै गरिदिन सक्छ । मान्छेले गर्दा नहुने के छ र ? दुनियाँमा आजसम्म जेजति परिवर्तन भयो, मान्छेले गरेर नै भएको होइन ? अनि, अङ्ग्रेजी राम्रो भएको मानिसले मात्र राम्रो प्रयोग गर्न सक्छ भन्ने के छ ? यो सब बेकारको कुरा हो । जब मान्छेलाई केही गर्ने इच्छा हुँदैन, उसले यस्तै बहाना बनाउन थाल्छ । मुख्य कुरा त हाम्रो उत्साह, हाम्रो इच्छाशक्ति, हाम्रो आत्मविश्वास र लगन हो । यस्तो लगन, जुन हाम्रो आत्माबाट निस्कन्छ र आफ्नो लक्ष्य प्राप्त गर्न एकनिष्ठ भएर अघि बढ्छ । त्यसका लागि बाहिर भौंतारिनुपर्दैन, हामीले आफ्नो आत्मालाई जगाए पुग्छ ।

"अनि उमेश सर, परिणामको चिन्ता प्रयोग गर्नेलाई जति हुन्छ त्यति अरूलाई हुनै सक्दैन । तपाईं अतिरिक्त ग्रेड पाउन राम्रो परिणाम खोज्नुहुन्छ, म आफ्नो प्रयोग सफल बनाउन– जसले गर्दा मेरो उद्देश्य पूरा होस् र कार्यक्षेत्र व्यापक बनोस् । त्यति मात्र होइन, मेरो असफलता मपछिका प्रयोगकर्ताहरूका निम्ति बाधक बन्न सक्छ भन्ने चिन्ता पनि मलाई हुन्छ । वेणीमाधवजी फुर्सत छैन भन्नुहुन्छ । साथीभाइसँग जमघट भनेर घण्टौं दारुपानीमा पैसा र समय खेर फाल्नु पनि कुनै काम हो ? अनि किन प्रधानाध्यापककहाँ बिहान-बिहान चाकरीमा जानुपऱ्यो ? तपाईं राम्रो काम गरेर देखाउनोस् न, भइहाल्यो नि । काम गर्न नजान्नेले पो चाकरी गर्छ ! हामीले विद्यालयमै राम्ररी पढायौं भने कसैले किन ट्युसन पढ्नुपर्छ ? हामी ठीकसँग पढाउँदैनौं, त्यही भएर त उनीहरूलाई ट्युसन चाहिन्छ नि !..."

मेरो कुरा काट्दै शिव सरले भने, 'तर हाम्रो तलब नै कति छ

र ? ट्युसन नपढाए परिवार कसरी पाल्नु ? तपाईंलाई पो पैसाको चिन्ता छैन ।'

मैले भनें, 'तपाईं राम्रो पढाउनोस् । राम्रो परिणाम दिनोस् । विद्यार्थीलाई तेजिला बनाउनोस् । अनि तलब बढाउन माग गर्नोस् । अभिभावकहरूसामु कुरा राख्नोस् । उनीहरूले पनि कुरा बुझ्लान् ।'

'अस्थायीले के माग गर्ने ? जागिरै जाला भन्ने डर', अर्का शिक्षकले तर्क गरे ।

'सबैले मिलेर प्रयास गरे सरकारलाई सुन्न कर लाग्छ । अभिभावकहरूले पनि सुन्छन् । ट्युसनको खर्च नपर्ने भएपछि र आफ्ना छोराछोरी टाठा-तेजिला भएपछि उनीहरूले शिक्षकको मर्का नहेर्ने कुरै आउँदैन', मैले भनें ।

कुरा घर चलाउन नै नपुग्ने तलब, महँगी, बेरोजगारी जस्ता विषयतर्फ मोडियो । ती हाम्रो छलफलले पार लाग्ने विषय थिएनन् । तर, पढाउनै पर्ने भएपछि राम्ररी पढाऔं, विद्यार्थीलाई टाठा बनाऔं र राम्रो परिणाम दिलाऔं भन्नेमा मैले जोड दिइरहें । त्यसपछि हाम्रा कुरा सुनिनेछन् भनेर विश्वास दिलाउन खोजें । उनीहरू विश्वस्त नै त भएनन्, तर अलिकति उत्साह भनौं वा उत्सुकता थपिएजस्तो लाग्यो । सोचें, यति भए पनि ठिकै छ !

## । २ ।

अब मलाई भूगोल सिकाउनु थियो । भूगोलको पाठ्यपुस्तक सरर्र पढें । मन खिन्न भयो । कताकता निराश पनि भएँ । सोच्न थालें– केटाकेटीलाई दुनियाँभरका नदी र पहाडहरूको नाम रटाएर के फाइदा ? मलाई नै सब कहाँ कण्ठ छ र ? अस्तिको कुरा त हो, शिक्षा अधिकारी स्वयम् नक्सामा १५ मिनेटदेखि ग्वाटेमाला खोजिरहेका थिए । केटाकेटीमा रटेको भूगोल कसलाई पो सम्झना भइरहन्छ र ? म आफैंले पनि असली

भूगोल त अफ्रिका पुगेपछि मात्रै बुझेको थिएँ। त्यसपछि मात्र भूगोल अत्यन्त उपयोगी कुरा रहेछ भन्ने थाहा पाएको थिएँ। भूगोलमा रुचि बढेको थियो। विद्यार्थीलाई त्यसरी भूगोल सिकाउन पाइने सम्भावना नै छैन। यो पाठ्यपुस्तक अनुसार पढाएर त कुनै फाइदा छैन। न यसबाट विद्यार्थीमा भूगोलप्रति रुचि उत्पन्न हुन्छ न त भौगोलिक दृष्टि नै उनीहरूले प्राप्त गर्छन्। के गर्ने होला !

दिमाग रन्थनिएपछि म शिक्षा अधिकारीकहाँ पुगें। 'आज कताबाट ? के समस्या पऱ्यो ?' उनले सोधे।

मैले भूगोलको पाठ्यसामग्री नै काम नलाग्ने रहेको वर्णन गर्दै भनें, 'भूगोल नपढाए के होला ?'

उनले भने, 'त्यो त हुनै सक्दैन। भूगोल एकदमै महत्त्वपूर्ण विषय हो। इतिहास भन्दा भूगोल बढी उपयोगी वस्तु हो। तपाईंले प्रयोग गर्ने भनेको कुनै विषय पढाउँदै नपढाउने भन्ने होइन। सबै विषय राम्ररी पढाउने, बुझाउने भन्ने हो। तपाईं चाहे जुन तरिकाबाट पढाउनोस् तर अरू शिक्षकहरूलाई के देखाइदिनोस् भने भूगोल एउटा रोचक विषय हो र विद्यार्थीलाई सजिलोसँग, राम्ररी पढाउन सकिन्छ। तपाईंको प्रयोगको सफलता यसैमा छ।'

शिक्षा अधिकारीले बडो कुशलतापूर्वक मेरो बोली बन्द गरिदिए। मैले भन्नै पऱ्यो, 'ठीक छ, म सकेसम्म प्रयास गर्छु। तपाईंलाई निराश नबनाउने कोशिश गर्छु। तर पाठ्यपुस्तक चाहिँ पढाउँदिनँ।'

उनले भने, 'केही छैन। विद्यार्थीले भूगोलका कुरा बुझून् र ज्ञान पाऊन्, त्यत्ति हो।'

एकछिन रोकिएर उनले कुरा उठाए, 'एउटा कुरा भन्नोस् त, हाम्रो परीक्षा प्रणालीका सम्बन्धमा तपाईंको धारणा के छ ? आधुनिक शिक्षण पद्धतिका समर्थकहरू यसको पूरै विरोध गर्छन्। उनीहरूको तर्क एक हदसम्म गलत पनि छैन। तर परीक्षा प्रणालीलाई पूरै हटाउन त कसरी सकिन्छ र ? परीक्षा नै नहुने भएपछि त शिक्षकले समेत नपढाई

छोडिदिन सक्छन् । कसैले पढाइरह्यो भने पनि परीक्षा नभएपछि ऊ पढाउन जान्दछ कि जान्दैन, ठीकसँग पढाइरहेको छ कि छैन, कसरी थाहा पाउने ? यसबाहेक, विद्यार्थीले पढाइमा केही प्रगति गऱ्यो कि गरेन भनेर थाहा पाउन पनि त कुनै प्रक्रिया त चाहिन्छ नै। यस्तो अवस्थामा परीक्षा नै हटाउने कुरा कसरी सम्भव छ ?'

मैले भनें, 'तपाईंले उठाएका समस्या वास्तविक हुन् । जस्तोसुकै विद्यार्थी पनि पढ्न आउने र जस्तोसुकै शिक्षकले पनि पढाउने अहिलेको चलन कायम रहेसम्म परीक्षा पनि आवश्यक भइरहन्छ। परीक्षा प्रणाली त्यसवेला मात्र हटाउन सकिन्छ, जब विद्यार्थी भित्रैदेखि उमङ्गले भरिएर पढ्न आओस् र कक्षामा पनि उमङ्गले भरिएको, उत्साही, सृजनशील शिक्षकले पढाओस्। आजभोलि पढ्ने र पढाउने जस्तो वातावरण छ, यो रहेसम्म त परीक्षा चाहिन्छ नै।'

'अहिलेको परीक्षा प्रणाली वास्तवमा मलाई पनि चित्त बुझेको छैन। यसमा केही त सुधार गर्न सकिन्छ होला नि ?' उनी केही गर्न उत्सुक देखिन्थे ।

मैले भनें, "तपाईंहरू अर्धवार्षिक र वार्षिक परीक्षा मात्र लिनुहुन्छ, यसको सट्टा मासिक परीक्षा लिन थाल्नोस्। यदि विद्यार्थीको परीक्षा लिनु नै छ भने, सर्वप्रथम उसको मनमा रहेको परीक्षाप्रतिको आतङ्क समाप्त गर्नुपर्छ। परीक्षासँग जति बढी सामना हुन्छ, त्यसप्रति उसको त्रास उति कम हुन्छ। ऊ उति सहजतासाथ परीक्षामा सामेल हुन थाल्छ। अर्को कुरा, परीक्षा योग्य विद्यार्थीको प्रगति मापन गर्न भन्दा पनि कमजोर विद्यार्थीको कमजोरी ठीकसँग पत्ता लगाउन र उनीहरूलाई सुधार्नका निम्ति लिइनुपर्छ। परीक्षासम्बन्धी दृष्टिकोणमा ल्याउनुपर्ने यो महत्त्वपूर्ण परिवर्तन हो।

"तेस्रो कुरा, जुन विद्यार्थीलाई आफूले पढेको कुरा राम्ररी थाहा छ भन्ने विश्वास छ, उसलाई परीक्षाबाट मुक्त राखिनुपर्छ। विद्यार्थी आफ्नो कमजोरी पत्ता लगाइमाग्न स्वेच्छाले परीक्षा दिन आऊन्। हामीले त

उनीहरूलाई केसम्म मात्र सम्झाइदिनुपर्छ भने, जसले आफ्नो कमजोरीको जाँच गराउँदैन, उसले कमजोरी हटाउने मौका पनि पाउँदैन। परीक्षा ती विषयको मात्र लिइनुपर्छ जसको परीक्षण सम्भव छ। बाँकी विषयलाई परीक्षाबाट मुक्त राखिनुपर्छ।

"अर्को महत्त्वपूर्ण कुरा, परीक्षाका वेला विद्यार्थीलाई आफ्नो पाठ्यपुस्तक हेरेर उत्तर दिने स्वतन्त्रता दिनुपर्छ। हामीले भनिदिनुपर्छ, जुन कुरा आउँदैन त्यो पुस्तकमा हेरेर लेखे हुन्छ। उसले पाठ्यपुस्तकको उपयोग कसरी गर्छ, त्यसमा भएका कुरा आफूले कसरी प्रस्तुत गर्छ, त्यसैबाट त उसको परीक्षा हुन्छ ! यस अतिरिक्त विद्यार्थीलाई तीन श्रेणीमा बाँडिनुपर्छ– कक्षा चढाउन लायक, तत्काल कक्षा चढाउन नमिल्ने, र अति कमजोर– जो कडा मिहिनेत गरेर मात्र कक्षा चढ्न सकून्। पहिलो र दोस्रो, यति नम्बर र उति नम्बर भन्ने चलन हटाउनुपर्छ।..."

उनले मुस्कुराउँदै बीचैमा भने, 'अर्को साल तपाईंलाई मेरो सहायक बनाउनुपर्ला जस्तो छ !'

मैले पनि हाँसेर कुरा अगाडि बढाएँ, 'अनि, परीक्षा कक्षा-शिक्षकले नै लिनुपर्छ। आफ्ना विद्यार्थीको क्षमता र अक्षमता, विशेषता र कमजोरी उसैलाई थाहा हुन्छ। विद्यार्थीको अक्षमता र कमजोरीको कारण पनि उसले बुझेको हुन्छ र ऊ कक्षा चढाउन लायक छ कि छैन भन्ने पनि उसैले बताउन सक्छ। अँ, त्यहाँ तपाईंले एउटा अर्को व्यक्तिलाई चाहिँ खटाइदिनुपर्छ– विद्यार्थीको परीक्षा लिन होइन, परीक्षककै परीक्षा लिन; ऊ परीक्षा ठीकसँग लिन जान्दछ कि जान्दैन भनेर हेर्न।'

शिक्षा अधिकारीले भने, 'यो अर्को नयाँ कुरा भन्नुभयो।'

'आ, कुरो त यस्तै छ !' मैले जवाफ दिएँ।

परीक्षाका बारेमा अरू पनि केही भन्न मलाई मन थियो तर उनको भान्सा तयार भएकाले उनी उठे। र, हाँस्दै भने, 'यसबारे हामी फेरि एकपल्ट कुरा गरौंला। बरु तपाईं यस विषयमा शिक्षकहरूसामु एउटा व्याख्यान दिनुहोस् न !'

मैले उनलाई नमस्कार गरें र सोच्दै फर्कें, व्याख्यान सुनेर कुन चाहिँ पो शिक्षकले आफूलाई सुधार्न प्रयास गर्ला ! चलनचल्तीको ढर्राबाट उनीहरूलाई मुक्त गर्नु फलामको चिउरा चपाउनुसरह हो । यो काम सम्भव भए शिक्षा निर्देशकको आदेशबाट मात्र सम्भव छ !

। ३ ।

चौथो कक्षाका विद्यार्थी भूगोलको नाम र विषयसँग केही न केही परिचित थिए। कारण, उनीहरूले तेस्रो कक्षामा पनि भूगोल पढेका थिए। मैले केही नक्सा मगाएँ र गुजरात तथा मुम्बई क्षेत्रका नक्सा भित्तामा टाँगें। विद्यार्थीलाई अनौठो लाग्यो। मैले आजसम्म भूगोल पढाउने कुरा गरेकै थिइनँ। उनीहरू कापी र कलम खोलेर मतिर हेर्न थाले।

मैले सोधें, 'कापी-कलम किन निकालेको ?'

उनीहरूले भने, 'अब भूगोलको पढाइ हुन्छ, ठाउँको नाम लेखेर घोक्नुपर्छ भनेर।'

म झस्किएँ; ठाउँको नाम घोकेर, कण्ठ पारेर पनि कहीं भूगोल बुझिन्छ ? कस्तो बानी लगाएको ? अनि एकछिन रमाइलो गर्नुपऱ्यो भनेर भनें, 'ल, नक्सामा भावनगर देखाऊ त !'

उनीहरू बेन्चबाट उठे र नक्सा नजिकै आएर भावनगर खोज्न थाले। मुम्बई भेटे, अलिक पर्तिर अहमदाबाद भेटे, हैदराबाद पुगे र अझ तलतिर आएर पूना देखे, फेरि अर्कातिर पोरबन्दर पुगे । अगाडिकाहरू अलमलिएर खोज्दैथिए, पछाडिको एउटाले भावनगर देखिसकेछ, यी, यी, भन्दै अघि सरेर भावनगरमा चोरऔंलो राखिदियो।

मैले सोधें, 'भावनगर कुन दिशामा पर्छ ?'

उनीहरूले तल, माथि, दायाँ, बायाँ हेरेर मनमनै केही हिसाब गरे। दुईजनाले भने, 'उत्तरमा।'

अर्काले प्रतिवाद गऱ्यो, 'उत्तर त मास्तिर हुन्छ । यो त पूर्व

हो ।'

म हाँसें, 'मास्तिर त आकाश पो हुन्छ !'

'होइन । मास्तिर उत्तर र तलतिर दक्षिण', उनीहरूले पहिले पढेको कुरा दोहोऱ्याए । 'जता सूर्य उदाउँछ, त्यता पूर्व', एउटीले भनी ।

'देखाऊ त, यो नक्सामा सूर्य कता छ ?' मैले भनें ।

सबैजना अलमलिए ।

'अब शत्रुञ्जय नदी देखाऊ ।'

उनीहरूले नदी देखाइदिए । मैले फेरि सोधें, 'यो कहाँ गएर मिसिन्छ ?'

'खम्भातमा,' उनीहरूले भने ।

'किन खम्भातमा ?'

एउटाले अघि सरेर भन्यो, 'नदी यसैगरी बग्छ सर ! हेर्नोस् न, यता तलतिर दक्षिण हो नि त ।'

म जिल्लै परें । तेस्रो कक्षामा पढेको भूगोल उनीहरूले अझै बिर्सेका थिएनन् । सफल रटाइको यो राम्रो उदाहरण थियो । यो वर्ष पनि मैले यसैगरी पढाए हुन्थ्यो । तर त्यो कुनै भूगोलको शिक्षा हुन्थ्यो ?

मैले भनें, 'नक्सा बेरेर बक्सामा राख । भूगोल अलिक दिनपछि पढाउँला । आज चित्र बनाउने ।'

उनीहरू अकमक्क परेर मतिर हेर्न थाले । स्कूलमा चित्र बनाउन सिकाउने गरिएकै थिएन । पाठ्यक्रममा पनि चित्रकला राखिएको थिएन । तर मलाई केटाकेटीहरूमा सृजनात्मक प्रवृत्ति शुरु गराउने इच्छा थियो ।

मैले भनें, 'अब तिमीहरू कापीमा चित्र बनाऊ । जेको मन लाग्छ त्यसैको चित्र बनाऊ, जस्तो मन लाग्छ त्यस्तै बनाऊ । हेरेर बनाऊ, नक्कल गरेर बनाऊ, सम्झेर बनाऊ, जसरी मन लाग्छ त्यसैगरी बनाऊ । मान्छे बनाऊ, जनावर बनाऊ, चरा बनाऊ, रूख बनाऊ, फूल बनाऊ, पात बनाऊ, आकाश बनाऊ, बादल बनाऊ, घर बनाऊ, विद्यालय

बनाऊ, जे मन लाग्छ त्यही बनाऊ ।'

कापीमा चित्र बन्न थाले। बाङ्गा-टिङ्गा, ढङ्गका-बेढङ्गका; अनेकथरिका चित्र बन्दै गए। उनीहरू निहुरिएर चित्र बनाउँदै गए। पूरा दिन यसैमा बित्यो ।

भोलिपल्ट पनि दिनभरि उनीहरूले चित्र बनाए । चित्र यस्ता थिए जसलाई हेरेर चित्रकारले नाक खुम्च्याउँथे होलान् । तैपनि ती चित्र विद्यार्थीको कल्पनाका, आफ्नो क्षमता र दत्तचित्तताका परिणाम थिए ।

मलाई लाग्यो, यो कामलाई व्यवस्थित रूपमा अघि बढाउनुपर्छ । अर्को दिन शिक्षा अधिकारीलाई भेटें । एकापट्टि प्रयोग गरेर उनको कार्यालयमा थुपारिएका बाक्लो कागजको डङ्गुरबाट बोक्न सक्ने जति कागज र चार दर्जन जति रङ्गीन पेन्सिल लिएँ। उनले हाँस्दै भने, 'फेरि पढाइलाई एकातिर पन्छाएर तपाईंले चित्र बनाउने नयाँ प्रयोग शुरु गर्नुभएछ !'

ती कागजबाट मैले प्रत्येक विद्यार्थीका लागि एउटा मोटो कापी बनाइदिएँ र त्यसमा क्रमशः चित्र बनाउँदै जान भनें । चित्र बनाउन सजिलो होस् भनेर गुलाफ, गोदावरी, पीपलका पात, तुलसीको मञ्जरी आदि विभिन्न फूल र पात ल्याएर कक्षामा राखिदिएँ । सधैं उपयोग गरिने वस्तु, जस्तै कलम, किताब, काइँयो, ऐना, गिलास, कचौरा आदि र नानाथरिका खेलौना, डिब्बा, सजावटका सामान समेत ल्याएर एकछेउमा मिलाएर राखिदिएँ । साथीहरूसँग मागेर केही राम्रा तस्बिर भित्तामा टाँगिदिएँ। एउटा कागजमा ठूला अक्षरमा 'चित्र बनाऊ' लेखेर ब्ल्याकबोर्डभन्दा माथि टाँसिदिएँ। ब्ल्याकबोर्डमा लेखें– तिमीहरूलाई चित्र बनाउन आउँछ। जति बनायो उति राम्रो चित्र बन्छ। जति सक्यो धेरै चित्र बनाऊ ।

विद्यार्थी संसार बिर्सेर चित्र बनाउन थाले। केहीले दुई-चार दिनमै एकदम सटिक रेखा कोर्न र सही आकार दिन जानिसकेका थिए। कतिले त मसिना बुट्टा र डिजाइन पनि असली जस्तै बनाए। दुई-तीन जना

चाहिँ यस्ता थिए, जो आफू चित्र बनाउँदैनथे, अरूले बनाएको चित्र हेर्थे मात्र ।

एक हप्ता यसरी बितेपछि अर्को हप्ता मैले नजिकैको हाईस्कूलबाट चित्रकला शिक्षकलाई बोलाएर ल्याएँ। उनलाई भनें, 'तपाईंले यिनीहरूलाई चित्र बनाउन सिकाउनुपर्दैन । खालि ब्ल्याकबोर्डमा पालैपालो १०-१५ वस्तुका चित्र बनाइदिनुहोस् । तर बिस्तारै-बिस्तारै र अलिक मिहीन तरिकाले बनाइदिनुहोला ।' उनले त्यसै गरे । विद्यार्थीहरू तल्लीन भएर उनले चित्र बनाएको हेरिरहे ।

त्यसपछि चित्र बनाउने काम अरू जम्यो । यस्तो लाग्थ्यो, मानौं विद्यार्थीले चित्र बनाउने सबै नियम बुझिसकेका छन् । अब उनीहरूलाई चित्रमुनि आफ्नो नाम र मिति समेत लेख्न लगाउन थालें ।

यतिन्जेल उनीहरूलाई रङ्गीन पेन्सिल दिएको थिइनँ । केही दिनपछि उनै चित्रकला शिक्षकलाई फेरि बोलाएँ र चित्रमा कसरी रंग भर्ने भनेर विद्यार्थीलाई देखाउन, सिकाउन अनुरोध गरें । उनले कतिपय चित्रमा रंग भरेर देखाइदिए र त्यसबारे केही कुरा बताइदिए । त्यहीवेला मैले उनीहरूसामु रङ्गीन पेन्सिल राखिदिएँ । उनीहरूलाई ठूलो खजाना हात लागेजस्तो भयो । मग्न भएर आफूले बनाएका चित्रमा रंग भर्न थाले ।

अर्को हप्ता मैले अर्कै प्रयोग गरें । एकजना इञ्जिनियर साथीलाई बोलाएर विद्यालयको नक्सा बनाएर देखाइदिन भनें। उनले विद्यालय भवन र कोठाको लम्बाइ-चौडाइ-उँचाइको नापजोख गर्दा विद्यार्थीहरू उनीसँगै रहे । त्यसपछि उनले सबैका सामु नक्सा कोरेर देखाइदिए । त्यसको लगत्तै मैले तीन दिनसम्म उनीहरूलाई सर्भेयर कार्यालयका इन्जिनियरकहाँ लिएर गएँ। त्यहाँ उनीहरूले बाटोघाटो आदिको र समग्र गाउँको नक्सा कसरी बनाइँदोरहेछ भन्ने थाहा पाए । एक दिन त्यहाँका कर्मचारीले सबैलाई गाउँको सिमानामा लिएर गए र नक्साका लागि कसरी आकलन गरिन्छ भनेर देखाए। त्यसपछि विद्यार्थीले आफ्नो कोठा, घर, विद्यालय, टोल, धारा, इनार आदिको नक्सा पनि बनाउन शुरु गरे। नक्सा सटीक

हुँदैनथ्यो तर उनीहरूले उत्सुकताको नयाँ क्षेत्र फेला पारेका थिए ।

विद्यार्थीहरूको चित्रकला प्रवर्द्धन गर्न म उनीहरूलाई कहिलेकाहीं विभिन्न ठाउँमा घुमाउन लैजान थालें । त्यसवेला आँखाले नै कुनै वस्तुको आकार-प्रकार अन्दाज-अनुमान गर्ने अभ्यास बढाउन विभिन्न खेल खेलाउँथें । जस्तै, रूखमा आँखा पर्नासाथ त्यसको आकार, हाँगाबिँगा आदिमा ध्यान दिएर तत्काल अर्कातिर फर्केर त्यसको चित्र कोर्ने; साँझ घाम अस्ताउन लाग्दा बदलिँदै गरेका रंगका विशेषताहरू ख्याल गर्ने; कुनै वस्तु टाढाबाट कस्तो देखिन्छ र नजिकबाट कस्तो देखिन्छ भनेर ध्यान दिने; रूख-बिरुवा, पहाड, मानिस, जनावर आदि र तिनको छायाँलाई ध्यानपूर्वक हेर्ने आदि आदि । यसो गर्दागर्दै विद्यार्थीहरू केही दिनमै चित्रकलामा निकै अगाडि बढे ।

## । ४ ।

एक दिन नजिकैको उही हाईस्कूलबाट मैले दुरबीन लिएर आएँ र टाढाको कुरा कसरी नजिकै देखिन्छ भनेर देखाउन थालें । विद्यार्थीह दङ्ग परे । दिनभरि जसो पालैपालो दुरबीन आँखामा टाँसिराखे । त्यही दिन विद्यार्थीहरूलाई 'आज छुट्टीपछि पनि दुई-तीन घण्टा विद्यालयमै बस्ने' भनें । मैले टेलिस्कोप ल्याएको थिएँ ।

टेलिस्कोप देखेपछि विद्यालयका अन्य शिक्षक पनि घर जान छाडेर मेरो कक्षामा झुम्मिए । केही हप्ता यता उनीहरू मेरो कुरा काट्न छाडेर मसँग नजिक हुन थालेका थिए । मैले पछि थाहा पाएँ; यो सब त्यसै भएको रहेनछ । शिक्षा अधिकारीले नै हप्तामा एक दिन शुक्रबार-शुक्रबार एक घण्टा मेरो कक्षामा आएर म कसरी काम गर्छु भनेर सबै शिक्षकले हेर्नुपर्ने नियम बनाइदिएका रहेछन् ।

साँझ परेपछि मैले टेलिस्कोपको सहायताबाट विद्यार्थीहरूलाई चन्द्रमा र तारा देखाइदिएँ । देख्नासाथ उनीहरू 'आहा !' भनेर फुरुङ्ग भए ।

चन्द्रमा देखाएर मैले भनेँ, 'हेर, उज्यालो चन्द्रमाका बीचमा कालो-कालो जस्तो जे देखिन्छ नि, ती चन्द्रमामा भएका ठूलाठूला खाडल र पहाड हुन् । त्यहाँ कति धेरै जाडो हुन्छ भने मान्छे बाँच्नै सक्तैन ।'

केटाकेटी छक्क परेर मेरो मुखमा हेर्न थाले । म भन्दै गएँ, 'हामी बसेको यो पृथ्वी र चन्द्रमा दिदीबहिनी हुन् । सूर्य यिनीहरूको बाबु हो ।'

उनीहरू अलमल्ल परे । एउटाले सोध्यो, 'यो कथा कुन किताबमा लेखेको छ ?'

मैले भनें, 'यो कथा होइन । साँच्चिकै कुरा हो ।'

'कसरी सर ?' सबैले एकसाथ सोधे ।

मैले पृथ्वीको उत्पत्ति र यहाँका वस्तुको वर्णन गर्न थालें । सूर्यबाट पृथ्वी र चन्द्रमा कसरी निस्के भनेर विस्तारपूर्वक, बुझाई-बुझाई बताएँ । त्यसपछि त यस विषयमा पनि विद्यार्थीहरूको रुचि बढ्यो र मैले कैयौं दिन भूगोल पढाएँ । मैले बताएँ, सूर्यबाट टुक्रेर आएपछि पृथ्वीको सतह कसरी ठण्डा भयो र यसभित्र अझै तातो किन बाँकी छ । पृथ्वीमा खाडल, थुम्का, ठूलठूला खाडी अनि पहाड कसरी बने, ताल, नदी र समुद्र कसरी उत्पत्ति भए; माछा, भ्यागुता, कीरा, चराचुरुङ्गी कसरी सृष्टि भए; जङ्गल र जङ्गली जनावर कसरी पैदा भए; मान्छेको सृष्टि कसरी भयो र कसरी मान्छे आजको जस्तो भयो । यी सबै कुरा उनीहरूका लागि अद्भुत थिए– काल्पनिक कथाभन्दा पनि रोचक । यसै भएर उनीहरू सारा कुरा अत्यन्त एकाग्र भएर सुन्थे र नबुझेका, स्पष्ट नभएका कुरा सोध्थे ।

मेरो कक्षामा यसरी पढाइ भइरहेको छ भन्ने थाहा पाएपछि प्रधानाध्यापकले पाँचौं कक्षाका विद्यार्थीलाई पनि यो सब सुन्न पठाइदिन थालेका थिए ।

एकदिन मैले ठूलो ग्लोब लिएर आएँ र विद्यार्थीहरूलाई भनें 'हेर, यो पृथ्वी हो । पृथ्वीमा भएका कुराहरू कसरी उत्पत्ति भए, तिमीहरूले बुझिसकेका छौं । ती चीज पृथ्वीमा कहाँ-कहाँ छन्, अब यसमा हेर ।'

त्यसपछि ग्लोब घुमाउँदै, विस्तृत रूपमा मैले बताएँ– पानी र जमिन कहाँ-कहाँ छ, काला र गोरा मानिस कहाँ-कहाँ बस्छन्, रातो र पहेंलो वर्णका मान्छे कहाँ बस्छन्; कस्ता जनावर र रूख-बिरुवा कहाँ पाइन्छन् । पृथ्वीको प्राकृतिक स्वरूप, महादेश र ठूलाठूला देशको नाम ग्लोबमा देखाउँदै बताएँ। अनि भनें– हामीहरू एसियामा बस्छौं, एसियामा यो भारत हो । त्यसपछि भारतका प्रान्त देखाउँदै हामी बसेको ठाउँ, भावनगर पनि देखाएँ ।

विद्यार्थी दङ्गदास थिए । अब उनीहरू आफैं ग्लोब घुमाउन उत्सुक देखिन्थे । मैले ग्लोब उनीहरूलाई सुम्पिदिएँ र भनें, 'अस्ति नै बक्सामा राखेका नक्सा निकाल । नक्सामा भएका देशहरू ग्लोबमा कहाँ-कहाँ छन्, पत्ता लगाऊ ।'

उनीहरू मग्न भएर त्यो खेलमा लागे– बडो उत्साहसाथ, उछिनपाछिन गर्दै ।

म पहिल्यै अफ्रिका पुगिसकेको थिएँ । त्यसैले एकदिन अफ्रिकाको नक्सा भित्तामा टाँगेर विद्यार्थीहरूलाई त्यहाँका बारेमा बताउन थालें । अफ्रिकाका जङ्गल र नदीहरू, सिंह र हात्तीहरू, त्यहाँका बासिन्दा र गाउँहरू, हावापानी, खेतीपाती र विभिन्न जातिहरू, तिनको चालचलन र जीवनशैली लगायत थुप्रै विषयमा जानकारी दिएँ। सबै कुरा उनीहरूका लागि बिल्कुल नयाँ र अनौठो थियो । तिनलाई यो पनि एकादेशको कथा जस्तै लाग्यो। यसै क्रममा मैले उनीहरूलाई एक-दुई पल्ट आफ्नो र वरिपरिका गाउँहरूको यात्रा गराएँ र विभिन्न जातिका मानिस तथा तिनको रहनसहनबारे ध्यान दिन सिकाएँ। त्यही अवसरमा नदी-नाला, खेत, बगर, पहाड, जमिन आदिको आधारभूत अध्ययनप्रति उत्सुकता जगाएँ।

त्यति भएपछि मलाई लाग्यो, भूगोल सम्बन्धमा सरल रूपले जानकारी दिने पुस्तकहरू र खासगरी यात्रा संस्मरणका राम्रा कृतिहरू विद्यार्थीहरूका लागि भेला गरिदिऊँ। तर त्यस्ता किताब खासै भेटिएनन्। भेटिएका केही यात्रा संस्मरण उनीहरूलाई दिएँ र भनें, 'पुस्तक पढ

र त्यसमा वर्णन गरिएका ठाउँहरू नक्सामा खोज ।' यात्रा संस्मरणहरू उनीहरूले खुब रुचाए र नक्सामा ठाउँ खोज्ने खेल पनि ।

केहीलाई 'काठियाबाड सर्व-सङ्ग्रह' विशेष मन पऱ्यो । त्यसमा काठियाबाडका गाउँ र शहरहरूका बारेमा पर्याप्त जानकारी थियो । उनीहरू नक्सामा गाउँ-ठाउँ खोज्थे र पुस्तकमा त्यससम्बन्धी कुरा पढ्थे। यसप्रकार थुप्रै परिचित र अपरिचित गाउँहरूका बारेमा तिनले जानकारी हासिल गरे। रविशङ्करका चित्रहरूले अहमदावादको राम्रो परिचय गराए। सबै ठाउँका बारेमा यस्तै चित्रहरू पाइए क्या राम्रो हुन्थ्यो ! एकदिन रविशङ्कर स्वयम् हाम्रो कक्षामा आए । उनीसँग मद्रासका दृश्यहरूको एउटा फिल्म रहेछ । त्यो पनि मैले केटाकेटीहरूलाई देखाउने व्यवस्था मिलाएँ। देश-विदेशका मानिसहरूको चित्र सङ्कलन गरिएको एउटा पत्रिका एकजना साथीकहाँ भेटें। त्यो पनि 'हेर' भनेर विद्यार्थीहरूलाई दिएँ। मेरो उद्देश्य उनीहरूलाई सारा दुनियाँको ज्ञान दिलाउनु थिएन, न त तिनले केही याद गरून् भन्ने नै थियो। म त तिनको दिमागमा के मात्र स्थापित गरिदिन चाहन्थें भने, दुनियाँ एकदमै विशाल छ र त्यसमा धेरै कुरा हेर्न र जान्नलायक छन्। उनीहरूका निम्ति यति नै पर्याप्त थियो ।

यसबीचमा मैले एउटा अर्को खेल पनि शुरु गराएको थिएँ। त्यसको नाम थियो– 'यात्रा गर्न जाऔँ ।' विद्यार्थीहरू कक्षकोठाबाटै भावनगरबाट अहमदाबाद, मुम्बई, दिल्ली, कलकत्ता, बनारस आदि ठाउँको यात्रामा निस्कन्थे । नक्सा अगाडि राखेर कुन बाटोबाट, कस्तो सवारी साधनमा कहाँ जाने, कहाँ गाडी बदल्ने, कहाँ बास बस्ने, निश्चित ठाउँमा पुगेर कुन-कुन दर्शनीय स्थल हेर्ने, के-के किन्ने, कति दिन त्यहाँ बस्ने भनेर छलफल गर्थे, खर्चको अनुमान लगाउँथे र यात्रामा चाहिने सामानहरूको सूची बनाउँथे । साँच्चै यात्रामा हिंड्न लागे जस्तै गरेर सम्पूर्ण कुरा तय गर्थे र विस्तृत कार्यक्रम बनाउँथे। यसले उनीहरूलाई भूगोल बुझ्न निकै सघाउ पुऱ्यायो ।

यसबाहेक उनीहरू अरू काम पनि गर्थे । कहिले बजार जान्थे र

एउटा पसलमा कति देश र कति शहरका सामान राखिएका छन्, पत्ता लगाउँथे । कहिले कुन सामान कुन बाटो भएर आयो भनेर छलफल गर्थे। कक्षामा आएर नक्सामा त्यो बाटो पहिल्याउँथे। कहिले नदी, कहिले पहाड, कहिले शहर, कहिले देश जस्ता भौगोलिक नामहरूको अन्ताक्षरी खेल्थे। चित्रकलामा जस्तै विभिन्न देश र क्षेत्रको नक्सा बनाउँदा रमाउन थालेका थिए । आफूले बनाएको नक्सामा आफूले देखेका, सुनेका वा पढेका शहर, नदी, पहाड आदि अङ्कित गर्थे र थप ठाउँ देखाउन भूगोल पढ्थे ।

यो सब देखेर मेरा शिक्षक साथीहरूले एकदिन मलाई भने, 'यो काम त तपाईं मात्र गर्न सक्नुहुन्छ। यस्ता नयाँ प्रयोग गर्न हामीलाई आउँदैन, न त यति धेरै कुरा नै थाहा छ।'

मैले भनें, 'तपाईंहरूले पनि सक्नुहुन्छ । खालि अलिकति प्रयास गर्नुपर्छ र त्यसका लागि उत्साह पनि चाहिन्छ।'

## । ५ ।

वार्षिक परीक्षाको समय नजिक आउँदैथियो । म आफ्नो कामको हिसाब गर्न बसें । अनि गणितका बारेमा सोच्न थालें । मैले गणित छुँदै नछोएको होइन तर त्यसमा काम गर्न सकेको थिइनँ । विद्यार्थीलाई पाठ्यपुस्तकको शुरुका केही प्रश्न दिँदा सबैले त्यसको उत्तर ठीक-ठीक मिलाएका थिए । त्यतिखेर त लाग्यो, गणित यिनीहरूले बुझेका रहेछन्, मलाई काम गर्न सजिलो हुनेभयो । तर जब मैले बिस्तारै गणितका प्रश्नहरूका पछाडि रहेको तर्कको कुरा उप्काएँ, उत्तरको प्रक्रिया र त्यसको विविध उपयोगिताका बारेमा कुरा शुरु गरें, त्यसवेला मैले उनीहरूमा अन्धकार सिवाय केही पाइनँ । जोड, घटाउ, गुणा, भाग आदिबारे उनीहरूको ज्ञान यन्त्रवत् थियो । परम्परागत तरिकाले गरिने प्रश्नहरूको यान्त्रिक उत्तर त उनीहरू दिन सक्थे, यसअघिको कक्षामा

त्यसको धुमधाम अभ्यास गरेका रहेछन् तर गणितको बोध उनीहरूमा थिएन। त्यसका लागि के गर्ने, बुझ्न नसकेर म अलमल्ल परें।

पहिलो कुरा त गणित म स्वयम्लाई पनि उति मन पर्ने विषय थिएन। त्यसबाहेक, यसको पढाइका कमजोरी त म बुझ्दथें तर तिनलाई कसरी हटाउने भन्ने बारे कहिल्यै सोचविचार गरेको थिइनँ। के गर्ने, के नगर्ने भएपछि म शिक्षा अधिकारीकहाँ पुगें र साफ-साफ भनें, 'गणितमा चाहिँ म नयाँ प्रयोग गर्न सक्छु जस्तो लाग्दैन। विद्यार्थीलाई परम्परागत तरिकाले नै पढाएर पाठ्यक्रम पूरा गरिदिन्छु।'

उनले भने, 'किन? गणितको पढाइमा सुधारको सम्भावना नै छैन र?'

मैले भनें, 'होइन। सम्भावना त छ। तर यस्तो सुधार शुरुदेखि नै हुनुपर्छ। केटाकेटीलाई अङ्क र गन्ती सिकाउँदादेखि नै, दुनोट घोक्न लगाउँदादेखि नै कुरा बुझाउँदै ल्याउनुपर्छ। गणित विषय नै यस्तो हो; शुरुमै यसको तर्क, प्रक्रिया, उपयोग आदिका कुरा राम्ररी मनमा बसाउन सकिएन भने यान्त्रिकता मात्र बाँकी रहन्छ, वास्तविक बुझाइ र ज्ञान प्राप्त हुन सक्दैन।'

'त्यसो भए तपाईं शुरुदेखि नै किन गणित सिकाउनुहुन्न?'

'यसका निम्ति समय नै कहाँ छ? अनि, समय भए नै पनि यी विद्यार्थीलाई, जो यन्त्रवत् काम गर्न बानी परिसकेका छन्, जो कारण सोध्दैनन्– गन्ती र दुनोट मात्र दोहोर्‍याउँदै जान्छन्, ठीक बाटोमा ल्याउन कठिन छ, एकदमै कठिन। एउटा ढर्रामा बानी परिसकेको दिमागलाई खुलाउन अलि अप्ठ्यारै हुन्छ।'

'त्यसो भए यिनीहरूको गणित...'

उनको कुरा काटेर मैले भनें, 'त्यसको चिन्ता नगर्नुहोस्। परम्परागत तरिकाले म उनीहरूलाई आवश्यक गणित त ठीकसँग सिकाइदिइहाल्छु नि। मेरो आशय त यो कक्षामा गणितमा नयाँ प्रयोग गर्न नसकिने भयो भन्ने मात्र हो।'

शिक्षा अधिकारीले सोधे, 'मानिलिनुहोस्, मैले तपाईंलाई पहिलो कक्षा

सुम्पिदिएँ। त्यसवेला तपाईं गणितमा प्रयोग गर्न सक्नुहुन्छ कि हुन्न ?'

मैले भनें, 'मेरो विचारमा एक-दुई-तीनको गन्तीबाटै प्रयोग शुरु गर्नुपर्छ भन्ने छ। तर कत्तिको व्यावहारिक र उपयोगी हुन्छ अथवा त्यसमा के कस्तो सुधार गरेर अघि बढ्दा ठीक हुन्छ भन्ने कुरा त त्यसैवेला मात्र भन्न सक्छु। मलाई थाहा छ, मेरा शिक्षक साथीहरूलाई गणितको परम्परागत शैलीमा हिँड्ने बानी परिसकेको छ। तैपनि अर्को वर्ष मौका पाएँ भने म चन्द्र सरसँग मिलेर प्रयोग गर्नेछु। मलाई मन्टेसरीको गणित सिकाउने पद्धति ठीक छ जस्तो लाग्छ। मैले त्यसबारे बुझेको र मनन गरेको छु, तर त्यो कति प्रभावकारी हुन्छ भन्ने अनुभव गर्न पाएको छैन।'

उनले फेरि सोधे, 'अर्को वर्ष तपाईंले मेरो सहायक, विद्यालयको शिक्षक र गणितको प्रयोगकर्ता भएर काम गर्नुपर्छ। तयार हुनुहुन्छ ?'

'हेरौं! प्रभुको जस्तो इच्छा हुन्छ!', आकाशतिर नमस्कार गर्दै मैले भनें।

। ६ ।

म आफ्नो ढङ्गले विद्यार्थीहरूलाई तयार गर्दैथिएँ। उनीहरू बडो उत्साहका साथ तयार हुँदैथिए। मलाई विश्वास थियो, वार्षिक परीक्षामा मेरा विद्यार्थी अवश्य सफल हुनेछन्।

परीक्षाको दिन आयो। मेरो पूर्वशर्त अनुसार शिक्षा अधिकारी स्वयम् परीक्षा लिन आए। विद्यार्थीहरू परीक्षा दिन तयार थिए। तर, शिक्षा अधिकारीले हाँस्दै भने, 'शङ्कर सर, मैले सबै राम्ररी बुझिसकेको छु। यसपालि तपाईंको कक्षाको परीक्षा लिन्नँ। सबै विद्यार्थीलाई पाँचौं कक्षामा चढाउँछु।'

मैले भनें, 'अहँ, हुँदैन। यसो गर्न मिल्दैन। यसो गर्दा मेरा कतिपय विद्यार्थीमाथि न्याय हुँदैन।'

'अर्थात्, उनीहरूमाथि अन्याय हुन्छ ?', उनले छक्क परेर सोधे।

'हो', मैले भनें, 'जो माथिल्लो कक्षामा जान लायक छैनन् तिनलाई म कक्षा चढाउन सक्दिनँ।'

उनले भने, 'तर तपाईंले सबैलाई राम्ररी पढाउनुभएको छ। तपाईंको तरिका मलाई ठीक लागेको छ।'

मैले भनें, 'तपाईंले भनेको गलत होइन। तर मेरो तरिका, मेरो प्रयोगको असर सबैमा एकनास त परेको छैन नि! कुनै कुनै विद्यार्थीलाई त त्यसले छोएको पनि छैन। उनीहरू जस्ताका तस्तै छन्।'

'त्यसो भए उनीहरूका बारेमा तपाईंले के सोच्नुभएको छ त?' उनले सोधे।

मेरो जवाफ थियो, 'तीमध्ये केहीले विद्यालय छोडिदिनु नै ठीक हुन्छ। राघव ठाकुरको छोरो इतिहास, भूगोल, गणित र भाषाका लागि बनेको प्राणी नै होइन। विद्यालयको वातावरणमा ऊ कताकता हराए जस्तो, उद्विग्न हुन्छ। पढाइमा उसको रुचि छँदै छैन। तर बाबुको सैलुनमा, यति सानै उमेरमा यति रमाएर, यति राम्रोसँग कपाल काट्छ, भनिसाध्य छैन। काममा यति जाँगरिलो छ, भोलि गएर सयजना हजामको साहु भएर शहरमा ठूलो सैलुन सञ्चालन गर्न सक्छ। उसलाई हेयर ड्रेसिङको तालिम लिन र सैलुनको व्यवस्थापन सिक्न मुम्बई पठाउनुपर्छ।'

'अरू को को छन् त, जो विद्यालयका लागि अयोग्य छन्?'

'कुरा त्यसो होइन। उनीहरू विद्यालयका लागि अयोग्य होइनन्, हाम्रो विद्यालय नै उनीहरूका लागि अयोग्य छ। जुन कामका लागि उनीहरू लायक छन्, हाम्रो विद्यालय उनीहरूलाई त्यो काम सिकाउन सक्षम छैन।'

'ठीक छ। तर यस्ता अरू को-को छन्?

'सत्यनारायण साहुकहाँ काम गर्ने गोपालको छोरो दिनेश पुलिस बन्न लायक छ। उसलाई अखाडामा भर्ना गरेर कुस्ती सिकाउनुपर्छ। साहुजीलाई भनेर उसका निम्ति अलिकति कानुन पढ्ने व्यवस्था मिलाइदिनुपर्छ। उमेर पुगेपछि ऊ प्रहरीमा छानिन सक्छ र छिट्टै तगडा

हवल्दार बन्न सक्छ । विद्यालयका आधा विद्यार्थीमाथि त ऊ अहिले नै हवल्दारी गरिरहेको छ ।'

'कक्षा चढाउनै नमिल्ने अरू कति जना छन् त ?'

'अरू तीन जना पनि कमजोर छन् । तर उनीहरूलाई म यसपालिको छुट्टीमा आफ्नो घर बोलाएर पढाउँछु र पाँचौं कक्षामा चढाउन तयार पार्छु ।'

'ए, त्यसो पो !' उनले भने ।

मौका छोपेर मैले भनें, 'हाम्रो पाठ्यक्रम र शिक्षण शैलीमा पूरै परिवर्तन गर्न तपाईंले कुनै उपाय लगाए हुन्थ्यो ।...'

मलाई उछिन्दै उनले भने, 'त्यो मेरो बुताको कुरा होइन । मैले पहिले पनि तपाईंलाई भनिसकेकै छु नि ।' र सोधे, 'तपाईंको कक्षाको परीक्षा सिद्धियो । अब केही बाँकी छ त ?'

'अलिकति बाँकी छ', मैले भनें ।

उनले ठट्यौलो पारामा भने, 'मलाई त लाग्दैथियो, अर्धवार्षिक परीक्षामा जस्तो यसपालि पनि तपाईंले केही विशेष तयारी गर्नुभएको छ । तपाईंको पारा मैले बुझिसकें !'

'तर त्यो त भोलि' मैले भनें ।

## । ७ ।

आज हाम्रो विद्यालयमा विशेष समारोह थियो । परीक्षा सकिएपछि हरेक वर्ष यस्तो समारोह आयोजना गरिन्थ्यो । राम्रो नम्बर ल्याउने विद्यार्थीहरूलाई इनाम, पुरस्कार दिइन्थ्यो ।

समारोहमा अभिभावक, कर्मचारी, गाउँका गण्यमान्य व्यक्तिहरू सबैलाई निम्ता गरिएको थियो । आजको कार्यक्रम बनाउने जिम्मा शिक्षा अधिकारीले मलाई सुम्पेका थिए । त्यो काम मैले आफ्ना विद्यार्थीलाई दिएको थिएँ । के-के गर्ने, के देखाउने भन्ने उनीहरूले नै तय गरेका

थिए, मैले सल्लाह र सुझाव मात्र दिएको थिएँ ।

सर्वप्रथम नाचगान शुरु भयो । गोलो घेरामा बाँधिएर उपयुक्त भावभङ्गिमा प्रदर्शन गर्दै फुर्ती र तन्मयताका साथ आधा घण्टा नृत्य गरेर उनीहरूले दर्शकलाई मुग्ध बनाइदिए । यो खेल उनीहरूले नदी किनारमा दुई महिनादेखि खेल्दै आएका थिए तर आजसम्म कसैलाई देखाएका थिएनन् ।

त्यसपछि चार-पाँचवटा खेलको प्रदर्शन भयो । खेल सकिएपछि क्यारिकेचर देखाउन थालियो । विद्यार्थीहरूमध्ये कसैले गाउँका साहुको, कसैले थानेदारको, कसैले प्रधानाध्यापकको, कसैले शिक्षा अधिकारीको, कसैले सरकारी कर्मचारीको, कसैले विभिन्न नेताहरूको अभिनय गरे । दर्शकहरू पेट मिची-मिची हाँसे । अभिनयपश्चात् विद्यार्थीहरू आफूले बनाएका चित्र हरेक अतिथिलाई पालैपालो देखाउन थाले। सबैजना चित्र हेर्न व्यस्त भए ।

अन्त्यमा पुरस्कार वितरण गर्ने पालो आयो। हरेक वर्ष कुल १२५ रुपैयाँ पुरस्कार दिइन्थ्यो । पुरस्कार उत्कृष्ट विद्यार्थीहरूलाई दिने चलन थियो । त्यसवेला शिक्षा अधिकारीले उभिएर सधैं झैं छोटो भाषण दिए। उनले भने–


“आदरणीय अतिथिवृन्द, शिक्षक र विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले आजको कार्यक्रम हेरिहाल्नुभयो । यो सबै चौथो कक्षाका विद्यार्थीहरूको मिहिनेत, रुचि र कौशलको परिणाम हो । मसँग बस्नुभएका, चौथो कक्षाका शिक्षक शङ्कर सरले मलाई इनाम र पुरस्कारका बारेमा नयाँ पाठ पढाउनुभएको छ। त्यसै अनुसार, यस वर्षको १२५ रुपैयाँ पुरस्कार म अलग-अलग विद्यार्थीलाई दिन्नँ, बरु चौथो कक्षामा उहाँले खोल्नुभएको पुस्तकालयलाई दिन्छु । यो पुस्तकालयबाट उहाँका विद्यार्थीहरूले ठूलो लाभ लिएका छन्। अब यो पुस्तकालय पूरै विद्यालयको हुनेछ र सबै कक्षाका विद्यार्थीले यसबाट फाइदा पाउने छन्। पुस्तकालयलाई किताब किन्न हरेक वर्ष शिक्षा कार्यालयले केही पैसा दिनेछ । साथै, अबदेखि पुरस्कारको १२५ रुपैयाँ पनि पुस्तकालयलाई नै दिइनेछ । विद्यार्थीलाई

व्यक्तिगत रूपमा पुरस्कार दिँदा केहीलाई घमण्ड र केहीलाई निराशा हुन्छ । पुरस्कारको रकम पुस्तकालयलाई दिएपछि यसबाट सबैले लाभ लिन सक्नेछन् ।

"यस अवसरमा म तपाईंहरूलाई के पनि भन्न चाहन्छु भने, शङ्कर सर आजभन्दा एक वर्षअघि हाम्रो शिक्षण पद्धतिमा केही प्रयोग गर्छु भनेर मकहाँ आउनुभएको थियो। त्यसवेला मलाई उहाँ एउटा पढेलेखेको मूर्ख जस्तै लागेको थियो। तैपनि मैले उहाँलाई प्रयोग गर्न चौथो कक्षा जिम्मा दिएँ। मैले सोचेको थिएँ केके न गर्छु भनेर गफ हाँक्ने यस्ता थुप्रै हुन्छन्, जो जिम्मा दिएको केही समयपछि काम गर्न नसकेर भाग्छन्। दुई-तीन महिनाभित्र उहाँ पनि पढाउन छाडेर हिँड्नुहुन्छ भन्ने मैले ठानेको थिएँ। साँच्चै भन्छु, त्यसवेला मलाई उहाँमा विश्वास थिएन । तर आज म सहर्ष स्वीकार गर्छु, उहाँले गरेका प्रयोगहरू सफल भएका छन् । मेरो धारणामा समेत उहाँले ठूलो परिवर्तन ल्याइदिनुभएको छ । अब मेरो अन्तरात्माले पनि पुरानो ढाँचाको घोकन्ते शिक्षा प्रणाली चाँडै समाप्त हुनुपर्छ भन्न थालेको छ । अब हामीजस्ता पुराना शैक्षिक अधिकारी र शिक्षकहरूले राजीखुशी बिदा लिएर नयाँ पुस्ताका कल्पनाशील एवम् उत्साही शिक्षक, शिक्षाशास्त्री र शैक्षिक अधिकारीहरूलाई यस क्षेत्रको जिम्मेदारी सुम्पिदिनुपर्छ ।

"आफ्नो प्रसन्नता व्यक्त गर्न यसवेला मसँग पर्याप्त शब्द छैनन् । उहाँको कक्षाका विद्यार्थीलाई हेर्नोस्– यी कति व्यवस्थित, कति तन्दुरुस्त र कति खुशी छन् ! यिनको क्षमता र बुद्धिको विकासको म स्वयम् साक्षी छु । यिनीहरूका बारेमा यिनका अभिभावकले पनि सन्तोष व्यक्त गरेको मैले धेरै पटक सुनेको छु ।"

शिक्षा अधिकारीको भाषणसँगै समारोह सकियो। सबैजना आ-आफ्नो घरतिर लागे। म पनि, एक वर्षको आफ्नो प्रयास सफल भएकोमा खुशी मान्दै घर पुगें र शिक्षा क्षेत्रको उज्ज्वल भविष्यको मीठो सपनामा लीन भएँ । ■



सन् १८८५-१९३९

## बाल प्रश्न

म खेलूँ कहाँ ?
म उफ्रूँ कहाँ ?
म गाऊँ कहाँ ?
म बोलूँ कहाँ ?

कुरा गर्छु, आमालाई झर्को लाग्छ
खेल्न थाल्छु, बुबालाई झ्वाँक चल्छ
उफ्रन्छु त बस् भन्छन्
गाउँछु त चूप लाग् भन्छन्

अब तपाईं नै भन्नोस्,
म कहाँ जाऊँ ? के गरुँ ?

**- गिजुभाई**

प्रकाशक:

**शिक्षक** **मासिक**

ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लि.
जावलाखेल ललितपुर
फोन: ५५४३२५२

9 789937 241823